ISSN No. : 2717-5049

अभिलेख
ABHILEKHA

वर्ष ४१ २०८० पूर्णाङ्क ४१

राष्ट्रिय अभिलेखालय

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अभिलेख
ABHILEKHA

वर्ष ४१ ❁ २०८० ❁ पूर्णाङ्क ४१

प्रधान सम्पादक
दामोदर गौतम

सम्पादक
काजीमान प्याकुरेल
मनिता न्यौपाने
रज्जु हाडा

प्रकाशकीय

अभिलेख शब्दले देशका राष्ट्रिय महत्वका कागजात एवं महत्वपूर्ण दस्तावेजहरूलाई बुझाउँछ । देशको इतिहास, धर्म, संस्कृतिसँग अभिलेखले अन्त्यन्तै निकट सम्बन्ध राख्दछ । अभिलेखको जति संरक्षण गर्न सक्यो त्यति नै त्यो देशको इतिहास जीवन्त रहन्छ । इतिहासको धरोहरका रुपमा रहेका यी अभिलेखहरू पुर्खाले संरक्षणका निमित्त हामीलाई जिम्मा लगाएका सम्पत्ति हुन् । यसको संरक्षण तथा व्यवस्थापन हामी सबैको साझा कर्तव्य हो ।

राष्ट्रिय अभिलेखालयमा लाखौंको संख्यामा अभिलेखहरू रहेका छन् । यहाँ संकलित सामग्रीहरू अध्ययन गर्न चाहने अनुसन्धाताका लागि रोजाइको स्थान बन्न पुगेको छ राष्ट्रिय अभिलेखालय । यहाँ संकलनमा रहेका ऐतिहासिक दस्तावेज नै अनुसन्धाताको खोजीको क्षेत्र रहेको छ ।

यस अंकमा कुमारीचोकका कागजात पढी प्राथमिक स्रोतबाट लेखिएको चर्खा प्रचारक संस्था र तुलसीमेहर श्रेष्ठ, सुर्खेत काँक्रेविहारको इतिहास, राणाकालका अभिलेखहरू, शिलापत्रसम्बन्धी अभिलेख, हस्तलिखित ग्रन्थ तथा तन्त्रसम्बन्धी ग्रन्थ निर्वाणतन्त्रसँग सम्बन्धित लेखहरू छन् । सबै लेखहरूको अनुसन्धानको आधार अभिलेख नै रहेको छ ।

अन्तमा, यो अंक प्रकाशन गर्नका लागि सहयोग गर्नुहुने सबैमा हार्दिक धन्यवाद प्रकट गर्दछु । यस पत्रिकामा प्रकाशन भएका लेखहरूले पाठकहरूलाई अध्ययन तथा अनुसन्धानमा भरपुर सहयोग पुऱ्याउनेछ भन्ने विश्वास लिएको छु ।

दामोदर गौतम
महानिर्देशक

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रकाशक : राष्ट्रिय अभिलेखालय
फोन नं. : ०१- ४२००८५६, ४२००८४५, ४२००८४६
Website : narchives.gov.np
E-mail: mail@narchives.gov.np
प्रकाशन मिति : वि. सं. २०८०
प्रकाशित प्रति : २५० थान
मूल्य रु. : १००/-
मुद्रक : कोशी प्रिन्टिङ्ग प्रेस, बबरमहल, काठमाडौं
फोन नं. : ४२२५६९६, ४२५१८३३

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विषय-सूची

विषय	लेखक	पृष्ठ संख्या
राष्ट्रिय अभिलेखालयमा रहेका निर्वाणतन्त्रका हस्तलिखित प्रतिहरूको बाह्य समीक्षा एवं उक्त ग्रन्थको विषयवस्तुको सङ्क्षिप्त विवेचना	*- माधबप्रसाद लामिछाने*	१
राणाकालीन अभिलेखहरू	*- प्रकाश दर्नाल*	२३
सुर्खेत काङरि विहारको पुनर्निर्माण तथा ऐतिहासिक अध्ययन	*- देविचन्द्र श्रेष्ठ*	४१
चर्खा प्रचारक संस्था र तुलसीमेहेर श्रेष्ठ	*- रमेशजङ्ग सिजापति*	४६
कनकासुन्दरी मन्दिर परिसरमा रहेका शिलालेखहरू	*- अमृता महर्जन*	५०
कौसी तोषाखानाबाट प्राप्त लालमोहर		५५

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

राष्ट्रिय अभिलेखालयमा रहेका निर्वाणतन्त्रका हस्तलिखित प्रतिहरूको बाह्य समीक्षा एवं उक्त ग्रन्थको विषयवस्तुको सङ्क्षिप्त विवेचना

– माधवप्रसाद लामिछाने*

विषयप्रवेश

राष्ट्रिय अभिलेखालय, काठमाडौँमा निर्वाणतन्त्र नामक ग्रन्थका पाण्डुलिपिहरू खोजी गर्दा त्यहाँ सूचीकृत आठवटा हस्तलिखित प्रतिहरू फेला परे । तीमध्ये नेवारी लिपिमा सारिएको र रिल नं. इ-८५/६ मा माइक्रोफिल्म गरिएको हस्तलिखित प्रतिमा एउटामात्रै पत्र रहेकाले उक्त हस्तलिखित प्रतिको यहाँ समीक्षा गरिएको छैन त्यसैले राष्ट्रिय अभिलेखालयमा सङ्गृहीत सातवटा हस्तलिखित प्रतिहरूको बाह्य समीक्षा यस लेखमा गरिएको छ । यस लेखमा हस्तलिखित प्रतिलाई बुझाउनका लागि मातृका शब्दको व्यवहार गरिएको छ ।

मातृका परिचय

माथि उल्लेख भएबमोजिम राष्ट्रिय अभिलेखालय, काठमाडौँमा निर्वाणतन्त्र ग्रन्थका उपलब्ध आठवटा मातृकामध्ये रिल नं. इ-८५/६ मा माइक्रोफिल्म गरिएको मातृकामा एउटामात्रै पत्र रहेकाले उक्त मातृकालाई छोडी अन्य सातवटा मातृकाहरूको सामान्य परिचय प्रस्तुत गरिन्छ ।

मातृका 'क' को सामान्य परिचय

राष्ट्रिय अभिलेखालय, काठमाडौँमा शैवतन्त्रअन्तर्गत सूचीकृत तेस्रो लगतको पाण्डुलिपि सङ्ख्या २५१ र विषयसङ्ख्या ६९४ रहेको तथा देवनागरी लिपिमा सारिएको मातृकालाई यहाँ मातृका 'क' संज्ञा दिइएको छ । उक्त मातृका नेपाल–जर्मन हस्तलिखित पाण्डुलिपि संरक्षण परियोजनाअन्तर्गत रिल नं. ए-१६२/९ मा माइक्रोफिल्म गरिएको छ । पुरानो कागजमा कालो पाको मसीले देवनागरी लिपिमा सारिएको उक्त मातृका २१.५ से.मी. लम्बाइ र १२ से.मी. चौडाइ परिमाणको रहेको छ । उक्त मातृकामा जम्मा तेइसवटा पत्र रहेका छन् । उक्त मातृकाका पत्रहरूमा नौ हरफ रहेका छन् भने हरेक हरफमा सरदर एकचालिस अक्षर रहेका छन् । यो मातृका संवत् १८४४ मा सारिएको र राजा रणबहादुर शाहको स्वामित्वमा रहेको कुरा उक्त मातृकाको अन्तिम पत्रमा उल्लिखित "इदम् पुस्तकम् श्रीश्रीश्रीरणबहादुरसाहदेवस्य" भन्ने वाक्यबाट थाहा हुन्छ[1] । यो मातृकाको एघारौं पत्रसम्म एकजना लिपिकरले र त्यस पछिका बाँकी पत्र अर्कै लिपिकरले सारेको कुरा पत्र सङ्ख्याङ्कनमा देखिएको भिन्नता र लेखाइको भिन्नताबाट स्पष्ट बुझिन्छ ।

मातृका 'ख' को सामान्य परिचय

राष्ट्रिय अभिलेखालय, काठमाडौँमा शैवतन्त्रअन्तर्गत सूचीकृत पाँचौँ लगतको पाण्डुलिपि सङ्ख्या २७४१ र विषयसङ्ख्या ६९५ रहेको तथा देवनागरी लिपिमा सारिएको मातृकालाई यहाँ मातृका 'ख' संज्ञा दिइएको छ । उक्त मातृका नेपाल–जर्मन हस्तलिखित

* विद्यावारिधि, सहप्राध्यापक पूर्वमीमांसा तथा तन्त्र विभाग, नेपाल संस्कृत विश्वविद्यालय

१ हेर्नुहोस् पत्रसङ्ख्या २३ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पाण्डुलिपि संरक्षण परियोजनाअन्तर्गत रिल नं. ए-१६१/१० मा माइक्रोफिल्म गरिएको छ । पुरानो कागजमा कालो पाको मसीले देवनागरी लिपिमा सारिएको उक्त मातृका ३६ से.मी. लम्बाइ र १५.५ से.मी. चौडाइ परिमाणको रहेको छ । यस मातृकामा जम्मा सोह्रवटा पत्र रहेका छन् । प्रस्तुत मातृकामा अन्तिम सोह्रौँ पत्रबाहेक अन्य पत्रहरूमा दश हरफ रहेका छन् भने उक्त अन्तिम पत्रमा चाहिँ सात हरफ रहेका छन् । उक्त मातृकामा प्रति हरफ सरदर ५७ अक्षर रहेका छन् । उक्त मातृका वि.सं १९०० वैशाखशुक्लप्रतिपदा आइतवारका दिन जोगनरसिंह नाम गरेको व्यक्तिले सारेर सिध्याएको देखिन्छ[२] ।

मातृका 'ग' को सामान्य परिचय

केसर पुस्तकालय, काठमाडौँमा तन्त्रअन्तर्गत सूचीकृत दोस्रो लगतको पाण्डुलिपि सङ्ख्या २१७ रहेको तथा देवनागरी लिपिमा सारिएको मातृकालाई यहाँ मातृका 'ग' संज्ञा दिएको छ । उक्त मातृका नेपाल–जर्मन हस्तलिखित पाण्डुलिपि संरक्षण परियोजनाअन्तर्गत रिल नं. सी-२४/२मा माइक्रोफिल्म गरिएको छ । पुरानो कागजमा कालो पाको मसीले देवनागरी लिपिमा सारिएको उक्त मातृका ३५.५ से.मी. लम्बाइ र १३.९ से.मी. चौडाइ परिमाणको रहेको छ । उक्त मातृकामा जम्मा तेइसवटा पत्र रहेका छन् । यस मातृकामा पत्रसङ्ख्या १खमा आठ हरफ र अन्तिम पत्रसङ्ख्या २३ मा दश हरफ रहेका छन् भने अन्य पत्रहरूमा नौ हरफ रहेका छन् । त्यसैगरी हरेक हरफमा सरदर ४१ अक्षर रहेका छन् ।

मातृका 'घ' को सामान्य परिचय

राष्ट्रिय अभिलेखालय, काठमाडौँमा शैवतन्त्रअन्तर्गत सूचीकृत तेस्रो लगतको पाण्डुलिपि सङ्ख्या १ र विषयसङ्ख्या ६९२ रहेको तथा देवनागरी लिपिमा सारिएको मातृकालाई यहाँ मातृका 'घ' संज्ञा दिइएको छ । उक्त मातृका नेपाल–जर्मन हस्तलिखित पाण्डुलिपि संरक्षण परियोजनाअन्तर्गत रिल नं. ए-१६१/२मा माइक्रोफिल्म गरिएको छ । पुरानो कागजमा कालो पाको मसीले देवनागरी लिपिमा सारिएको उक्त मातृका २२ से.मी. लम्बाइ र १० से.मी. चौडाइ परिमाणको रहेको छ । उक्त मातृकामा जम्मा उनन्तीसवटा पत्र रहेका छन् । यस मातृकामा अन्तिमको पत्रसङ्ख्या २९ बाहेक हरेक पत्रमा नौ हरफ रहेका छन् भने उक्त अन्तिम पत्रमा चाहिँ छ हरफ रहेका छन् । उक्त मातृकामा हरेक हरफमा सरदर ३४ अक्षर रहेका छन् ।

मातृका 'ङ' को सामान्य परिचय

राष्ट्रिय अभिलेखालय, काठमाडौँमा शैवतन्त्रअन्तर्गत सूचीकृत पाँचौं लगतको पाण्डुलिपि सङ्ख्या २१०६ र विषयसङ्ख्या ६९४ख रहेको तथा देवनागरी लिपिमा सारिएको मातृकालाई यहाँ मातृका 'ङ' संज्ञा दिएको छ । उक्त मातृका नेपाल–जर्मन हस्तलिखित पाण्डुलिपि संरक्षण परियोजनाअन्तर्गत रिल नं. ए-२२९/४मा माइक्रोफिल्म गरिएको छ । पुरानो कागजमा कालो पाको मसीले देवनागरी लिपिमा सारिएको उक्त मातृका २७ से.मी. लम्बाइ र ११ से.मी. चौडाइ परिमाणको रहेको छ । उक्त मातृकामा जम्मा एक्काइसवटा पत्र रहेका छन् । यस मातृकामा अन्तिमको पत्रसङ्ख्या २१ बाहेक हरेक पत्रमा नौ हरफ रहेका छन् भने उक्त अन्तिम पत्रमा चाहिँ छ एक हरफमात्र रहेको छ । यस मातृकामा हरेक हरफमा सरदर ४८ अक्षर रहेका छन् ।

मातृका 'च' को सामान्य परिचय

राष्ट्रिय अभिलेखालय, काठमाडौँमा तन्त्रअन्तर्गत सूचीकृत तथा नेपाल–जर्मन हस्तलिखित पाण्डुलिपि संरक्षण परियोजनाअन्तर्गत रिल नं. इ-३४२५/६ मा माइक्रोफिल्म गरिएको मातृकालाई यहाँ मातृका च संज्ञा दिइएको छ । नेपाली कागजमा कालो पाको

---

२ हेर्नुहोस् पत्रसङ्ख्या १६ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मसीले देवनागरी लिपिमा सारिएको उक्त मातृका २४.१ से.मी. लम्बाइ र १३ से.मी. चौडाइ परिमाणको रहेको छ । यस मातृकामा जम्मा अठ्ठाइसवटा पत्र रहेका छन् । प्रस्तुत मातृकामा अन्तिम अठ्ठाइसौँ पत्रबाहेक अन्य पत्रहरूमा दश हरफ रहेका छन् भने उक्त अन्तिम पत्रमा चाहिँ पाँच हरफ रहेका छन् । उक्त मातृकामा प्रति हरफ सरदर ३१अक्षर रहेका छन् ।

मातृका 'छ' को सामान्य परिचय

राष्ट्रिय अभिलेखालय, काठमाडौँमा तन्त्रअन्तर्गत सूचीकृत तथा नेपाल–जर्मन हस्तलिखित पाण्डुलिपि संरक्षण परियोजनाअन्तर्गत रिल नं. इ-१४१/११ मा माइक्रोफिल्म गरिएको मातृकालाई यहाँ मातृका छ संज्ञा दिइएको छ । नेपाली कागजमा कालो पाको मसीले देवनागरी लिपिमा सारिएको उक्त मातृका २६ से.मी. लम्बाइ र १२.५ से.मी. चौडाइ परिमाणको रहेको छ । यस मातृकामा जम्मा बाइसवटा पत्र रहेका छन् । प्रस्तुत मातृकामा पत्रसङ्ख्या १ख, २क, ३ख, ४क, ४ख, ५क, ५खमा नौ हरफ र अन्तिम पत्रमा सात हरफ रहेका छन् भने अन्य पत्रहरूमा दश हरफ रहेका छन् । उक्त मातृकामा प्रति हरफ सरदर ३८ अक्षर रहेका छन् । उक्त मातृका ने.सं. ९८५ ज्येष्ठकृष्णसप्तमी सोमवारका दिन कान्तिपुरनिवासी ऋद्धिनरसिंह राजभण्डारीले योगेश्वरी भगवती गुह्येश्वरीको प्रीतिका लागि सारेर सिध्याएको देखिन्छ[३] । वि.सं १९०० वैशाखशुक्लप्रतिपदा आइतवारका दिन जोगनरसिंह नाम गरेको व्यक्तिले सारेर सिध्याएको देखिन्छ[४] ।

मातृकाको बाह्य समीक्षा

पत्रसङ्ख्याङ्कन

मातृका कमा पत्रहरूको सङ्ख्याङ्कन हरेक पत्रको माथिल्लो पानाको दायाँ र बायाँ भागमा गरिएको छ । बायाँ भागमा सुरुको हरफको पहिलो वर्णबाट बायाँपट्टि सरदर २ से.मी. ठाउँ छोडी त्यसको सीधा सरदर १ से.मी. माथि पत्रसङ्ख्याङ्कन गरिएको छ भने दायाँ भागमा अन्तिम हरफको अन्तिम वर्णबाट दायाँपट्टि सरदर १ से.मी. ठाउँ छोडी त्यसको सीधा सरदर १ से.मी. तल पत्रसङ्ख्याङ्कन गरिएको छ । यो क्रम पत्रसङ्ख्या ११ सम्म कायम रहेको छ भने पत्रसङ्ख्या १२ देखि अपवादका रूपमा पत्रसङ्ख्या १३, १७ र १९ लाई छोडेर हरेक पत्रको माथिल्लो पानाको दायाँ भागमा तल अन्तिमबाट दोस्रो हरफको अन्तिम वर्णबाट सीधा दायाँपट्टि सरदर १.५ से.मी. ठाउँ छोडी रामः लेखेर त्यसको ठीक मुनि अन्तिम हरफको सीधा पर्ने गरी पत्रसङ्ख्याङ्कन गरिएको छ । पत्रसङ्ख्या १३, १७ र १९ मा रामः शब्द अन्तिमबाट तेस्रो हरफको अन्तिम वर्णबाट सीधा दायाँपट्टि सरदर २ से.मी. ठाउँ छोडी लेखिएको छ र अङ्क १३, १७ र १९ अन्तिम हरफ र अन्तिमबाट दोस्रो हरफको अन्तिम वर्णबाट सीधा दायाँपट्टि करिब १ से.मी. ठाउँ छोडी माथि उल्लिखित दुइवटा हरफको बिचमा पर्ने गरी लेखिएको छ ।

मातृका 'ख'मा पनि पत्रहरूको सङ्ख्याङ्कन हरेक पत्रको माथिल्लो पानाको दायाँ र बायाँ भागमा गरिएको छ । यस मातृकामा हरेक पत्रको दायाँ र बायाँ भागमा तीन तीनवटा रेखा तानी त्यसको बिचमा ग्रन्थको मूल पाठ लेखिएको कुरा मातृकापरिचयका क्रममा उल्लेख भइसकेको छ । पत्रको बायाँ भागमा कोरिएको तीनवटा रेखामध्ये पहिलो हरफको सीधा पर्ने पहिलो रेखाबाट बायाँपट्टि सरदर ०.५ से.मी. ठाउँ छोडी ग्रन्थको पूरा नाम निर्वाणतन्त्रको सङ्क्षिप्त रूप नि.तं. लेखी त्यसको ठीक मुनि पत्रसङ्ख्या

---

३ संयाते सरनागनंदकलिते नेपालीके हायने ।
ज्येष्ठे मास्यसिते ग्रहेश्वरतिथौ वारे शशीनंदने ।।
श्रीमत् कान्तिपुरे महादीनगरे श्रीसूर्य्यवंशोद्भवे ।
रिद्धिनर्सिराजभण्डारिलिखिते योगेश्वरीं प्रीतये ।।
[पत्रसङ्ख्या २२ख]

४ हेर्नुहोस् पत्रसङ्ख्या १६ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

लेखिएको छ भने पत्रको दायाँ भागमा कोरिएको तीनवटा रेखामध्ये अन्तिमबाट दोस्रो हरफको सीधा पर्ने अन्तिम रेखाबाट सरदर ०.५ से.मी. ठाउँ छोडी शिव लेखेर त्यसको ठीक मुनि पत्रसङ्ख्या लेखिएको छ ।

मातृका गमा पनि पत्रहरूको सङ्ख्याङ्कन हरेक पत्रको माथिल्लो पानाको दायाँ र बायाँ भागमा गरिएको छ । यस मातृकामा पनि पत्रको दायाँ र बायाँ भागमा रेखाङ्कन गरी त्यसको बिचमा ग्रन्थको मूल पाठ लेखिएको छ । पत्रको बायाँ भागमा पहिलो हरफको बायाँपट्टि रेखाङ्कनका लागि कोरिएको पहिलो रेखाबाट बायाँतिर सरदर १.५ से.मी ठाउँ छोडी ग्रन्थको पूरा नाम निर्वाणतन्त्रको सङ्क्षिप्त रूप नि.तं. लेखी त्यसको ठीक मुनि पत्रसङ्ख्या लेखिएको छ भने पत्रको दायाँ भागमा अन्तिमबाट दोस्रो हरफको दायाँपट्टि रेखाङ्कनका लागि कोरिएको अन्तिम रेखाबाट दायाँतिर सरदर १.५ से.मी. ठाउँ छोडी रामः लेखेर त्यसको ठीक मुनि पत्रसङ्ख्या लेखिएको छ ।

मातृका घमा पनि पत्रहरूको सङ्ख्याङ्कन हरेक पत्रको माथिल्लो पानाको दायाँ र बायाँ भागमा गरिएको छ । पत्रको बायाँ भागमा पहिलो हरफको सीधा बायाँतिर हरफको पहिलो अक्षारबाट सरदर १ से.मी. ठाउँ छोडी ग्रन्थको पूरा नाम निर्वाणतन्त्रको सङ्क्षिप्त रूप नि.तं. लेखी त्यसको ठीक मुनि पत्रसङ्ख्या लेखिएको छ भने पत्रको दायाँ भागमा माथिबाट पाँचौँ हरफको सीधा दायाँतिर सरदर १ से.मी. ठाउँ छोडी रामः लेखेर त्यसको ठीक मुनि पत्रसङ्ख्या लेखिएको छ ।

मातृका 'ङ'मा हरेक पत्रको माथिल्लो पानाको दायाँ भागमा अपवादका रूपमा पत्रसङ्ख्या २, ६, ८ र १८ लाई छाडी अन्तिमबाट दोस्रो हरफको बायाँतिर सरदर १ से.मी. ठाउँ छोडी पत्रसङ्ख्या लेखिएको छ । माथि उल्लिखित पत्रहरूमा भने अन्तिमबाट तेस्रो हरफको बायाँतिर सरदर १ से.मी. ठाउँ छोडी पत्रसङ्ख्या लेखिएको छ ।

मातृका चमा पत्रहरूको सङ्ख्याङ्कन हरेक पत्रको माथिल्लो पानाको दायाँ र बायाँ भागमा गरिएको छ । पत्रको बायाँ भागमा पहिलो हरफको सीधा बायाँतिर हरफको पहिलो अक्षारबाट सरदर १ से.मी. ठाउँ छोडी दुई जोडी दण्डका बिचमा ग्रन्थको पूरा नाम निर्वाणतन्त्रको सङ्क्षिप्त रूप निर्वा. लेखी त्यसको ठीक मुनि दुई जोडी दण्डका बिचमा पत्रसङ्ख्या लेखिएको छ भने पत्रको दायाँ भागमा तलबाट दोस्रो हरफको सीधा दायाँतिर सरदर ०.५ से.मी. ठाउँ छोडी दुई जोडी दण्डका बिचमा तंत्र लेखी त्यसको ठीक मुनि दुई जोडी दण्डका बिचमा पत्रसङ्ख्या लेखिएको छ ।

मातृका छमा पनि पत्रहरूको सङ्ख्याङ्कन हरेक पत्रको माथिल्लो पानाको दायाँ र बायाँ भागमा गरिएको छ । पत्रको बायाँ भागमा पहिलो हरफको सीधा बायाँतिर सरदर १ से.मी. ठाउँ छोडी ग्रन्थको पूरा नाम निर्वाणतन्त्रको सङ्क्षिप्त रूप नि.तं. लेखी त्यसको ठेकि मुनि दुई जोडी दण्डका बिचमा पत्रसङ्ख्या लेखिएको छ भने पत्रको दायाँ भागमा तलबाट दोस्रो हरफको सीधा दायाँतिर सरदर १ से.मी. ठाउँ छोडी राम लेखेर त्यसको ठीक मुनि दुई जोडी दण्डका बिचमा पत्रसङ्ख्या लेखिएको छ ।

चिह्न र बुट्टाको प्रयोग

मातृका कमा श्रीगणेशाय नमः भन्ने मङ्गलाचरण वाक्यको अगाडि र पछाडि दुइवटा दण्डको प्रयोग गरिएको छ । मातृका ख र घमा उक्त मङ्गलाचरण वाक्यको पछाडि दुइवटा दण्डको प्रयोग गरिएको छ । मातृका गमा कतै पनि दण्डको प्रयोग देखिँदैन । मातृका 'ङ'मा ॐनमो गणेशाय भन्ने मङ्गलाचरण वाक्यको पछाडि दुइवटा दण्डको प्रयोग गरिएको छ । मातृका चमा ॐ नमः परमदेवतायै भन्ने मङ्गलाचरण

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वाक्यको पछाडि दुइवटा दण्डको प्रयोग गरिएको छ। मातृका 'छ'मा श्रीगणेशाय नमः भन्ने मङ्गलाचरण वाक्यको पछाडि दुईवटा दण्डको प्रयोग गरी आधा सेन्टिमिटर जति ठाउँ खाली छोडेर युग्मदण्डको प्रयोग गरी ग्रन्थको आरम्भ गरिएको छ। मातृका क, ख र घमा अर्धश्लोक पूरा भएपछि र श्लोकको समाप्तिमा दुइवटा दण्डको प्रयोग गरिएको छ । मातृका 'ङ'मा भने अर्धश्लोक पूरा भएपछि एउटा दण्ड र कतै श्लोकको समाप्तिमा दुइवटा दण्डको प्रयोग देखिन्छ भने कतै श्लोकको समाप्तिमा एउटामात्रै दण्डको प्रयोग पनि देखिन्छ। मातृका च र 'छ'मा अर्धश्लोक पूरा भएपछि र श्लोक पूरा भएपछि दुवै ठाउँमा दुइवटा दण्डको प्रयोग देखिन्छ। मातृका क, ख, घ, ङ, च र 'छ'मा श्रीचण्डिकोवाच, श्रीशङ्कर उवाचजस्ता वाक्यहरूको पछाडि युग्मदण्डको प्रयोग देखिन्छ । मातृका 'च'मा भने श्रीचण्डिकोवाच, श्रीशङ्कर उवाच, श्रीकालिकोवाचजस्ता वाक्यको अगाडि पनि युग्मदण्डको प्रयोग पाइन्छ । मातृका 'क'मा पटलको समाप्तिमा अन्तिम श्लोकको पछाडि पूर्ववत् युग्मदण्डको प्रयोग गरी सरदर आधा सेन्टिमिटर ठाउँ खाली छोडेर पुनः युग्मदण्डको प्रयोग गरेपछि पुष्पिकावाक्य लेखिएको छ र पुष्पिकावाक्यको समाप्तिमा युग्मदण्डको प्रयोग, पटलसङ्केतक सङ्ख्या र पुनः युग्मदण्डको प्रयोग गरिएको छ । मातृका 'ख'मा पनि यस सन्दर्भमा मातृका ककै परम्पराको निर्वाह भएको छ। मातृका 'घ'मा भने यस सन्दर्भमा पटलको अन्तिम श्लोकको पछाडि पूर्ववत् युग्मदण्डको प्रयोगपश्चात् पटलगत श्लोकसङ्ख्या लेखी पुनः युग्मदण्डको प्रयोग गरेर पुष्पिकावाक्य लेखिएको छ र पुष्पिकावाक्यको समाप्तिमा युग्मदण्डको प्रयोग, पटलसङ्केतक सङ्ख्या र पुनः युग्मदण्डको प्रयोग गरिएको छ। यस सन्दर्भमा मातृका 'ङ'मा भने एक, दुई र पाँच पटलमा पटलको अन्तिम श्लोकको पछाडि युग्मदण्डको प्रयोगपश्चात् वृत्ताकार बुट्टा प्रयोग गरी पुनः युग्मदण्डको प्रयोग गरेर पुष्पिकावाक्य लेखिएको छ र पुष्पिकावाक्यको समाप्तिमा युग्मदण्डको प्रयोग, वृत्ताकार बुट्टा र पुनः युग्मदण्डको प्रयोग गरिएको छ। तृतीय पटलको समाप्तिमा भने पूर्ववत् पुष्पिकावाक्यको समाप्तिमा युग्मदण्डको प्रयोग गरी पटलसङ्केतक अङ्क लेखेर पुनः युग्मदण्ड, वृत्ताकार बुट्टा र युग्मदण्डको प्रयोग गरिएको छ तर चतुर्थ पटलको समाप्तिमा भने पूर्ववत् पुष्पिकावाक्यको समाप्तिमा युग्मदण्डको प्रयोगपछि पटलसङ्केतक अङ्कमात्र लेखिएको छ। सात, आठ, नौ, एघार र बाह्र पटलको समाप्तिमा पुष्पिकावाक्यको समाप्तिपछि युग्मदण्डको प्रयोग नगरिकनै पटलसङ्केतक चिह्न लेखी युग्मदण्ड, वृत्ताकार बुट्टा र युग्मदण्डको प्रयोग गरिएको छ । मातृका 'ङ'मा पत्रसङ्ख्या १८'क'को अन्तिम हरफमा श्लोकको समाप्तिपछि युग्मदण्डले पुटित चारवटा वृत्ताकार बुट्टाको प्रयोग गरिएको छ । मातृका 'च'मा पटलको समाप्तिमा अन्तिम श्लोकको पछाडि पूर्ववत् युग्मदण्डको प्रयोग गरी सरदर १.२ सेन्टिमिटर ठाउँ खाली छोडेर पुनः युग्मदण्डको प्रयोग गरेपछि पुष्पिकावाक्य लेखिएको छ र पुष्पिकावाक्यको समाप्तिमा युग्मदण्डको प्रयोग गरिएको छ । मातृका 'छ'मा यस सन्दर्भमा मातृका 'क' र 'ख'को परम्पराको निर्वाह भएको छ ।

मातृका 'क'मा पत्रको दायाँ भागमा अक्षर लेख्दै जाँदा स्थान शेष रहन गएमा हरफलाई समानक्रमले मिलाउनका लागि शेष रहन गएको उक्त स्थानमा ∧ चिह्नको प्रयोग गरेको देखिन्छ । त्यस्तो चिह्न मातृका 'क'मा पत्रसङ्ख्या १ खमा दुईपटक, पत्रसङ्ख्या २'क'मा एकपटक, पत्रसङ्ख्या ५ 'क'मा एकपटक, पत्रसङ्ख्या ६खमा दुईपटक गरी जम्मा छपटक प्रयोग भएको छ । उक्त प्रयोजनका लागि मातृका 'ख'मा (चिह्नको प्रयोग गरेको देखिन्छ । त्यस्तो चिह्न मातृका 'ख'मा पत्रसङ्ख्या

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

८'ख'मा एकपटक, पत्रसङ्ख्या ९'क'मा एकपटक, पत्रसङ्ख्या १०'क'मा एकपटक, पत्रसङ्ख्या १३ 'क'मा दुईपटक, पत्रसङ्ख्या १४ 'क'मा एकपटक गरी जम्मा छपटक प्रगोग गरेको देखिन्छ । मातृका गमा उक्त प्रयोजनका लागि . चिह्नको प्रयोग भएको छ । त्यस्तो चिह्न मातृका गमा पत्रसङ्ख्या १खमा एकपटक, पत्रसङ्ख्या २खमा एकपटक, पत्रसङ्ख्या ३'क'मा एकपटक, पत्रसङ्ख्या ४'क'मा दुईपटक, पत्रसङ्ख्या ५'क'मा एकपटक, पत्रसङ्ख्या ६'क'मा एकपटक, पत्रसङ्ख्या ६खमा एकपटक, पत्रसङ्ख्या ७'क'मा दुईपटक, पत्रसङ्ख्या ७खमा दुईपटक, पत्रसङ्ख्या ८'क'मा एकपटक, पत्रसङ्ख्या ८खमा दुईपटक, पत्रसङ्ख्या ९खमा एकपटक, पत्रसङ्ख्या १०'क'मा दुईपटक, पत्रसङ्ख्या १०खमा दुईपटक, पत्रसङ्ख्या ११'क'मा एकपटक, पत्रसङ्ख्या ११खमा एकपटक, पत्रसङ्ख्या १२ 'क'मा एकपटक, पत्रसङ्ख्या १२खमा एकपटक, पत्रसङ्ख्या १३' क'मा एकपटक, पत्रसङ्ख्या १३खमा दुईपटक, पत्रसङ्ख्या १४खमा एकपटक, पत्रसङ्ख्या १५ 'क'मा दुईपटक, पत्रसङ्ख्या १५खमा एकपटक, पत्रसङ्ख्या १६'क'मा दुईपटक, पत्रसङ्ख्या १७ 'क'मा एकपटक, पत्रसङ्ख्या २०खमा दुईपटक, पत्रसङ्ख्या २१'क'मा दुईपटक, पत्रसङ्ख्या २१खमा एकपटक, पत्रसङ्ख्या २२'क'मा तीनपटक, पत्रसङ्ख्या २२खमा दुईपटक र अन्तिम पत्रसङ्ख्या २३मा एकपटक गरी जम्मा पैँतालीसपटक प्रयोग गरेको देखिन्छ । मातृका घमा पनि उक्त प्रयोजनका लागि मातृका गमा प्रयोग भएकै जस्तो चिह्न प्रयोग गरिएको छ । त्यस्तो चिह्न मातृका घमा पत्रसङ्ख्या १खमा दुईपटक, पत्रसङ्ख्या २'क'मा एकपटक, पत्रसङ्ख्या ३खमा तीनपटक, पत्रसङ्ख्या ४खमा एकपटक, पत्रसङ्ख्या ५'क'मा दुईपटक, पत्रसङ्ख्या ६खमा एकपटक, पत्रसङ्ख्या ८'क'मा एकपटक, पत्रसङ्ख्या १०'क'मा एकपटक, पत्रसङ्ख्या १० खमा एकपटक, पत्रसङ्ख्या ११'क'मा दुईपटक, पत्रसङ्ख्या ११खमा तीनपटक, पत्रसङ्ख्या १२ 'क'मा तीनपटक, पत्रसङ्ख्या १२खमा एकपटक, पत्रसङ्ख्या १३'क'मा एकपटक, पत्रसङ्ख्या १३खमा एकपटक, पत्रसङ्ख्या १४खमा तीनपटक, पत्रसङ्ख्या १५'क'मा एकपटक, पत्रसङ्ख्या १६ 'क'मा एकपटक, पत्रसङ्ख्या १६खमा एकपटक, पत्रसङ्ख्या १७'क'मा एकपटक, पत्रसङ्ख्या १८ 'क'मा एकपटक, पत्रसङ्ख्या १९खमा एकपटक, पत्रसङ्ख्या २१खमा एकपटक, पत्रसङ्ख्या २२ 'क'मा एकपटक, पत्रसङ्ख्या २२खमा एकपटक, पत्रसङ्ख्या २३'क'मा एकपटक, पत्रसङ्ख्या २४खमा तीनपटक, पत्रसङ्ख्या २५'क'मा एकपटक, पत्रसङ्ख्या २६खमा एकपटक, पत्रसङ्ख्या २७ 'क'मा एकपटक, पत्रसङ्ख्या २७खमा एकपटक, पत्रसङ्ख्या २८'क'मा दुईपटक, पत्रसङ्ख्या २८खमा दुईपटक गरी जम्मा सतचालीसपटक प्रयोग भएको छ । उपर्युक्त प्रयोजनका लागि मातृका 'ङ'मा कुनै पनि चिह्नको प्रयोग भएको देखिँदैन । मातृका चमा उक्त प्रयोजनका लागि चिह्नको प्रयोग भएको छ । त्यस्तो चिह्न मातृका चमा पत्रसङ्ख्या २'क'मा एकपटक, पत्रसङ्ख्या १३'क'मा एकपटक, पत्रसङ्ख्या १४'क'मा एकपटक, पत्रसङ्ख्या २४ 'क'मा एकपटक र पत्रसङ्ख्या २८खमा एकपटक गरी जम्मा पाँचपटक प्रयोग भएको छ । मातृका छमा उक्त प्रयोजनका लागि लघुकोष्ठक चिह्न र चिह्नको प्रयोग भएको छ । उक्त मातृकामा पत्रसङ्ख्या ३खमा एकपटक लघुकोष्ठक चिह्नको प्रयोग भएको छ ।

शुद्धिप्रक्रिया

मातृका 'क'मा अशुद्ध वर्ण वा शब्दशुद्धिका लागि अशुद्ध वर्ण वा शब्दका माथि = चिह्न दिने र अशुद्ध शब्दको सीधा तल, माथि, दायाँ वा बायाँ पत्रको खाली स्थानमा शुद्ध वर्ण वा शब्द

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

लेखी सो शब्दका पछाडि = चिह्न दिएर कतै हरफसङ्केतक अङ्क दिने र कतैचाहिँ हरफसङ्केतक अङ्क नदिने गरेको देखिन्छ । यो प्रक्रिया मातृका 'क'मा पन्ध्र ठाउँमा (पत्रसङ्ख्या १खमा दुईपटक, पत्रसङ्ख्या २'क'मा एकपटक, पत्रसङ्ख्या ३'क'मा दुईपटक, पत्रसङ्ख्या ४खमा एकपटक, पत्रसङ्ख्या ५खमा एकपटक, पत्रसङ्ख्या ७'क'मा एकपटक, पत्रसङ्ख्या ८खमा एकपटक, पत्रसङ्ख्या ९ 'क'मा एकपटक, पत्रसङ्ख्या ११'क'मा दुईपटक, पत्रसङ्ख्या १३खमा दुईपटक, पत्रसङ्ख्या १७खमा एकपटक) अपनाइएको छ । मातृका 'क'मा एक ठाउँ (पत्रसङ्ख्या १४ख : १)मा ण वर्ण हुनुपर्ने स्थानमा न लेखिएकोमा सोही वर्णको माथि ँ चिह्न दिएर त्यसको ठीक माथि ण वर्ण लेखिएको छ । मातृका ग, घ, च र छमा कतै पनि शुद्धिका लागि कुनै प्रक्रिया अपनाएको देखिँदैन । मातृका 'ङ'मा अशुद्ध शब्दको माथि ँ चिह्न दिएर सो शब्दको सीधा बायाँपट्टि खाली स्थानमा शुद्ध शब्द लेखिएको देखिन्छ । यो प्रक्रिया मातृका 'ङ'मा एक ठाउँमा (पत्रसङ्ख्या ३ख : ८) अपनाइएको छ ।

छुटेको वर्ण वा शब्द थप्ने प्रक्रिया

मातृका 'क'मा ३६ ठाउँमा (पत्रसङ्ख्या १ख : ९, पत्रसङ्ख्या २ख : ३, पत्रसङ्ख्या ३क : ६, पत्रसङ्ख्या ४क : ८, पत्रसङ्ख्या ४ख : ४, ६ र ९, पत्रसङ्ख्या ६क : ५, पत्रसङ्ख्या ७क : १, २ र ३, पत्रसङ्ख्या ७ख : १, पत्रसङ्ख्या ८क : १, पत्रसङ्ख्या ९ख : १, पत्रसङ्ख्या १०क : २, पत्रसङ्ख्या १२ख : ४ र ८, पत्रसङ्ख्या १३क : ५, पत्रसङ्ख्या १३ख : ५, पत्रसङ्ख्या १४ख : ८, पत्रसङ्ख्या १५क : ९, पत्रसङ्ख्या १६ख : १ र ९, पत्रसङ्ख्या १७क : १ र ९, पत्रसङ्ख्या १७ख : ४, पत्रसङ्ख्या १८कः ६, ७ र ९, पत्रसङ्ख्या १८ख : २, पत्रसङ्ख्या १९क : २, पत्रसङ्ख्या १९ख : १, पत्रसङ्ख्या २०क : ७, पत्रसङ्ख्या २१क : १, पत्रसङ्ख्या २१ख : २, पत्रसङ्ख्या १४ख : ८) लेख्न छुटेको वर्ण वा शब्द थप्ने प्रक्रिया अपनाइएको छ । त्यसका लागि त्यहाँ निम्नलिखित दुइवटा शैली अपनाएको देखिन्छ ।

१. जहाँ वर्ण वा शब्द छुटेको छ त्यहाँ डिकोमाथि चिह्न दिई सोही हरफको सीधा दायाँ वा बायाँ पत्रको खाली स्थानमा छुटेको शब्द लेख्ने र सो शब्दका पछाडि हरफसङ्केतक अङ्क दिने : यो शैली एक्काइस ठाउँमा (पत्रसङ्ख्या १ख : ९, पत्रसङ्ख्या ३क : ६, पत्रसङ्ख्या ४क : ८, पत्रसङ्ख्या ४ख : ४, ६ र ९, पत्रसङ्ख्या ६क : ५, पत्रसङ्ख्या ९ख : १, पत्रसङ्ख्या १०क : २, पत्रसङ्ख्या १२ख : ४ र ८, पत्रसङ्ख्या १३क : ५, पत्रसङ्ख्या १४ख : ८, पत्रसङ्ख्या १६ख : ९, पत्रसङ्ख्या १७क : १, पत्रसङ्ख्या १७ख : ४, पत्रसङ्ख्या १८कः ७, पत्रसङ्ख्या १८ख : २, पत्रसङ्ख्या १९क : २, पत्रसङ्ख्या २१क : १ र पत्रसङ्ख्या २१ख : २) अपनाइएको छ ।

२. जहाँ वर्ण वा शब्द छुटेको छ त्यहाँ डिकोमाथि चिह्न दिई वर्ण वा शब्द छुटेको स्थानको सीधा तल वा माथि पत्रको खाली स्थानमा छुटेको शब्द लेख्ने र सो शब्दका पछाडि हरफसङ्केतक अङ्क दिने[५] : यो शैली पन्ध्र ठाउँमा (पत्रसङ्ख्या २ख : ३, पत्रसङ्ख्या ७क : १, २ र ३, पत्रसङ्ख्या ७ख : १, पत्रसङ्ख्या ८क : १, पत्रसङ्ख्या १३ख : ५, पत्रसङ्ख्या १५क : ९, पत्रसङ्ख्या १६ख : ९, पत्रसङ्ख्या १७क : ९, पत्रसङ्ख्या १८कः ६ र ९, पत्रसङ्ख्या १९क : २, पत्रसङ्ख्या १९ख : १ र पत्रसङ्ख्या २०क : ७) अपनाइएको छ ।

---

५ पत्रसङ्ख्या ७क : १ मा शैलीको पूर्ण पालना भएको छैन । त्यहाँ हरफसङ्केतक चिह्न दिइएको छैन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मातृका 'ख'मा तेह्र ठाउँमा (पत्रसङ्ख्या २क : १०, पत्रसङ्ख्या २ख : ५, पत्रसङ्ख्या ३क : १, पत्रसङ्ख्या ३ख : ९, पत्रसङ्ख्या ८ख : ५ र १०, पत्रसङ्ख्या १०ख : ५, पत्रसङ्ख्या १२क : १०, पत्रसङ्ख्या १२ख : ९ र १०, पत्रसङ्ख्या १३क : ३, पत्रसङ्ख्या १४ख : ६, पत्रसङ्ख्या १५क : १) लेख्न छुटेको वर्ण वा शब्द थप्ने प्रक्रिया अपनाइएको छ । मातृका 'ख'मा पनि मातृका ककै शैली अपनाइएको छ । जसअनुसार जहाँ वर्ण वा शब्द छुटेको छ त्यहाँ डिकोमाथि ँ चिह्न दिई सोही हरफको सीधा दायाँ वा बायाँ पत्रको खाली स्थानमा छुटेको शब्द लेख्ने र सो शब्दका पछाडि हरफसङ्केतक अङ्क दिने[६] शैली दुई ठाउँमा (पत्रसङ्ख्या २ख : ५ र पत्रसङ्ख्या १०ख : ५) अपनाइएको छ भने जहाँ वर्ण वा शब्द छुटेको छ त्यहाँ डिकोमाथि ँ चिह्न दिई वर्ण वा शब्द छुटेको स्थानको सीधा तल वा माथि पत्रको खाली स्थानमा छुटेको शब्द लेख्ने र सो शब्दका पछाडि हरफसङ्केतक अङ्क दिने शैली एघार ठाउँमा (पत्रसङ्ख्या २क : १०, पत्रसङ्ख्या ३क : १, पत्रसङ्ख्या ३ख : ९, पत्रसङ्ख्या ८ख : ५ र १०, पत्रसङ्ख्या १२क : १०, पत्रसङ्ख्या १२ख : ९ र १०, पत्रसङ्ख्या १३क : ३, पत्रसङ्ख्या १४ख : ६, पत्रसङ्ख्या १५क : १) अपनाइएको छ तर पत्रसङ्ख्या १२ क : १० र पत्रसङ्ख्या १२ख : १०मा भने छुटेको शब्द लेखी सो शब्दका पछाडि हरफसङ्केतक अङ्क दिइएको छैन ।

मातृका घमा दुई ठाउँमा (पत्रसङ्ख्या १०क : ४, पत्रसङ्ख्या २३क : ९) लेख्न छुटेको वर्ण वा शब्द थप्ने प्रक्रिया अपनाइएको छ । जहाँ वर्ण वा शब्द छुटेको छ त्यहाँ डिकोमाथि ँ चिह्न दिई वर्ण वा शब्द छुटेको स्थानको सीधा तल वा माथि पत्रको खाली स्थानमा छुटेको शब्द लेख्ने र सो शब्दका पछाडि हरफसङ्केतक अङ्क दिने शैली एक ठाउँमा (पत्रसङ्ख्या १०क : ४) अपनाइएको छ भने जहाँ वर्ण वा शब्द छुटेको छ त्यहाँ डिकोमुनि... चिह्न दिई वर्ण वा शब्द छुटेको स्थानको सीधा तल वा माथि पत्रको खाली स्थानमा छुटेको शब्द लेख्ने र सो शब्दका पछाडि हरफसङ्केतक अङ्क दिने शैली एक ठाउँमा (पत्रसङ्ख्या २३क : ९) अपनाइएको छ ।

मातृका 'ङ'मा तीन ठाउँमा (पत्रसङ्ख्या ५क : ३, पत्रसङ्ख्या १३क : ९, पत्रसङ्ख्या १६ख : २) लेख्न छुटेको वर्ण वा शब्द थप्ने प्रक्रिया अपनाइएको छ । लेख्न छुटेको वर्ण वा शब्द थप्नका लागि मातृका 'ङ'मा अपनाइएको शैली माथि उल्लिखित मातृकाको जस्तै छ ।

वर्णविन्यास

अवग्रहचिह्न (खण्डाकार)

विसर्गयुक्त अकारान्त शब्द र अवर्णाद्य शब्द एवम् एकारान्त शब्द र अवर्णाद्य शब्दका बिच सन्धि हुँदा अवर्णाद्य शब्दको अकार लोप भई त्यसको स्थानमा अवग्रहचिह्नको प्रयोग गर्ने आधुनिक संस्कृत लेखनशैली रहेको छ । विसर्गयुक्त अकारान्त शब्द र अवर्णाद्य शब्दका बिच सन्धि भएको अवस्थामा विसर्गयुक्त अकारान्त शब्दको विसर्ग उकारमा परिणत भई त्यसको अगाडिको अवर्णका साथ गुण हुँदा ओकारमा परिणत हुने र अवर्णाद्य शब्दको अकार लोप भई त्यसको स्थानमा अवग्रहचिह्नको प्रयोग गर्ने प्रचलन रहेको छ । त्यसैगरी एकारान्त शब्द र अवर्णाद्य शब्दका बिच सन्धि हुँदा अवर्णाद्य शब्दको अकार लोप भई त्यसका स्थानमा अवग्रहचिह्नको प्रयोग गर्ने प्रचलन रहेको छ । प्रस्तुत ग्रन्थमा जम्मा तेत्तीसवटा शब्दहरू अवग्रहचिह्न प्रयोग गर्नुपर्ने खालका छन् । तीमध्ये विसर्गयुक्त अकारान्त शब्द र अवर्णाद्य शब्दका बिच सन्धि भई अवग्रहचिह्नको प्रयोग गर्नुपर्ने शब्दहरू यसप्रकार रहेका छन्-

---

६ पत्रसङ्ख्या १०ख : ५ मा हरफसङ्केतक चिह्न दिइएको छैन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सोऽव्ययः(२ : ६ख) ततोऽपि (२ : ७ग) साकारोऽपि (५ : १७ख) साकाररूपोऽसौ (५ : १७ग) बहवोऽभवन् (१०:९ख) स्नेहोऽस्ति (२:२१घ) भेदोऽस्ति (१० : १८ग) चान्योऽस्मि (१२ : ८क) मूढोऽपि (१३:२घ)
तेजोऽसि (३ : २०क) मन्त्रोऽपि (१३ : १४ख) पुरुषोऽस्ति (१३ : १४घ) ह्यमुकोऽहं (१३ : २७घ) महापातकयुक्तोऽपि (३ : ४६ग) ततोऽपि (१३:४६क) मृतदेहस्वरूपोऽयं (१३ : ४७ग) शरीरोऽयं (१३ : ४७घ) (४:३ग)
पितृरूपोऽसौ (४:३ग) दण्डोऽयं (१३ : ७०ख) शिवोऽहं (१४ : ६ग) मुक्तोऽहं (१४ : ६घ) स्वरूपोऽपि (१४ : ९ग) शूद्रोऽपि (१४ : ९घ) योऽन्यत्र (१४ : १२क)

त्यसैगरी एकारान्त शब्द र अवर्णाद्य शब्दका बिच सन्धि भई अवग्रहचिह्न प्रयोग गर्नुपर्ने शब्दहरू यसप्रकार रहेका छन्-

कथ्यतेऽधुना (५ : १६ख)	तेऽपि (१० : १६घ)	तेऽपि (१० : १७क)
कथ्यतेऽधुना (१० : ५६ख)	तेऽपि (११ : ४घ)	प्राणान्तेऽपि (१३ : ८३घ)
मुण्डनेऽक्षि (१४ : ४ख)	प्राणान्तेऽपि (१४ : २८ख)	

मातृका क, ख, ग, घ र छमा कतै पनि अवग्रहचिह्नको प्रयोग देखिँदैन तर मातृकामा अवग्रहचिह्नको प्रयोगबाहेक सन्धिका अन्य सबै नियमहरूको अनुसरण गरिएको छ । मातृका 'ङ'मा तीन ठाउँमा (सोऽव्ययः- पत्रसङ्ख्या २ख : ९, कथ्यतेऽधुना- ५ : १६ख, पत्रसङ्ख्या ७क : २, ततोऽपि- १३ : ४६क, पत्रसङ्ख्या १८क : ८) अवग्रहचिह्नको प्रयोग गरिएको छ, अन्यत्र उक्त चिह्नको प्रयोग देखिँदैन तर माथि उल्लिखित सन्धिका नियमहरूको भने अनुसरण गरिएको छ । त्यसैगरी मातृका चमा पाँच ठाउँमा (पितृरूपोऽसौ- पत्रसङ्ख्या ७क : ६, कथ्यतेऽधुना- पत्रसङ्ख्या ९क : ४, साकारोऽपि- पत्रसङ्ख्या ९क : ५, साकाररूपोऽसौ- पत्रसङ्ख्या ९क : ५, कथ्यतेऽधुना- पत्रसङ्ख्या १७ख : २) अवग्रहचिह्नको प्रयोग गरिएको छ । अन्यत्र उक्त चिह्नको प्रयोग देखिँदैन तर माथि उल्लिखित सन्धिका नियमहरूको भने अनुसरण गरिएको छ ।

द्वित्व

मातृका 'क'मा रेफभन्दा पछाडि आउने ज, त, द, प, म, य, ल र व गरी आठवटा वर्णलाई द्वित्व गरेको देखिन्छ । रेफपछि आउने जवर्णको द्वित्व लगभग पचहत्तर प्रतिशत देखिन्छ भने तवर्ण, मवर्ण र यवर्णको द्वित्व शत प्रतिशत देखिन्छ । त्यसैगरी रेफपछि आउने दवर्णको द्वित्व लगभग साठी प्रतिशत देखिन्छ भने पवर्णको द्वित्व लगभग नब्बे प्रतिशत देखिन्छ । त्यसैगरी रेफपछि आउने लवर्ण र ववर्णको द्वित्व लगभग पचास प्रतिशत देखिन्छ भने वर्णको द्वित्व लगभग चालीस प्रतिशत देखिन्छ ।

अद्वित्व

तत्, सत्, महत्जस्ता शब्दमा त्व प्रत्यय लागेर बन्ने तत्त्व, सत्त्व, महत्त्वजस्ता शब्दको त्वर्ण द्वित्व गरिन्छ । प्रस्तुत ग्रन्थमा तत् शब्दमा त्व प्रत्यय लागेर बन्ने तत्त्व शब्द एकाउन्नवटा छ भने सत् शब्दमा त्व प्रत्यय लागेर बन्ने सत्त्व शब्द सातवटा छ । प्रस्तुत ग्रन्थको सम्पादनका क्रममा उपयोगमा ल्याइएका हस्तलिखित कुनै पनि मातृकामा उपर्युक्त तत्त्व र सत्त्व शब्दमा त्वर्णलाई कतै पनि द्वित्व गरिएको छैन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अनुनासिक वर्ण

अघिल्लो वर्ण अनुस्वारले युक्त छ र पछिल्लो वर्ण स्पर्शवर्ण (कदेखि मसम्मका वर्णहरू) छ भने त्यस्तो अवस्थामा अनुस्वार परिवर्तन नभई अनुस्वार नै रहने अथवा अनुस्वारपछिको वर्ण जुन वर्गको छ सोही वर्गको अनुनासिक वर्णमा परिवर्तन हुने वैकल्पिक प्रयोग संस्कृतभाषाको लेख्यपरम्परामा पाइन्छ । जसअनुसार उपर्युक्त सन्दर्भमा मातृका 'क'मा तेत्तीस प्रतिशत शब्दहरूमा अनुनासिक वर्णको प्रयोग भएको छ भने मातृका 'ख'मा पच्चीस प्रतिशत अनुनासिक वर्णको प्रयोग भएको छ । त्यसैगरी मातृका गमा सत्र प्रतिशत अनुनासिक वर्णको प्रयोग भएको छ भने मातृका घमा अठ्ठाइस प्रतिशत अनुनासिक वर्णको प्रयोग भएको छ । मातृका 'ङ'मा कतै पनि अनुनासिक वर्णको प्रयोग गरिएको छैन भने मातृका चमा बयान्नब्बे प्रतिशत अनुनासिक वर्णको प्रयोग भएको छ । त्यसैगरी मातृका छमा चौध प्रतिशत अनुनासिक वर्णको प्रयोग भएको छ ।

निर्वाणतन्त्रमा प्रतिपादित विषयवस्तु

प्रथम पटल

श्रीगणेशजीलाई नमस्कारपूर्वक ग्रन्थको आरम्भ गरिएको छ । कैलासपर्वतमा भगवान् शङ्करका साथ विपरीत रतमा आसक्त भगवती चण्डीले परमतत्त्वको स्वरूप र त्यसबाट हुने उत्पत्तिका विषयमा शङ्करसँग जिज्ञासा राखेकी छिन् । उनको यसै जिज्ञासाबाट ग्रन्थको प्रथम पटल आरम्भ भएको छ । देवी चण्डीको जिज्ञासाको उत्तर दिँदै भगवान् शङ्कर भन्दछन् -"वर्णातीत, गुणातीत, गुणाश्रय, स्तुतिनिन्दाविवर्जित, निराकार, नित्य, रागादिले रहित भगवती वैष्णवी जगत्को उत्पत्तिको कारणतत्त्व हुन् । पञ्चमहाभूतबाट नै ब्रह्माण्डहरूको उत्पत्ति हुन्छ । त्यसक्रममा आकाशबाट वायु, वायुबाट तेज, तेजबाट जल र जलबाट पृथिवीको उत्पत्ति हुन्छ । कछुवाको रूप लिएर आफ्नो पिठ्यूँमा ब्रह्माण्डलाई उठाइराख्नका लागि नै अनन्त नामधारी विष्णुको अवतार भएको हो । तिनै कछुवारूपी विष्णुको शिरमा अनगिन्ती ब्रह्माण्डहरू रहेका छन् । करुणाको भावरूपी जलमा कछुवारूपी विष्णु सधैँ हिँडडुल गरिरहन्छन् । म नै त्रिशूल[७]द्वारा वारंवार ब्रह्माण्डको रक्षा गर्दछु ।" शङ्करले यति कुरा बताइसकेपछि पुनः चण्डिकाले ब्रह्माण्डको आकार र उक्त ब्रह्माण्डभित्र सृष्टिको प्रकार कस्तो रहेको छ भन्ने विषयमा जिज्ञासा राखेकी छिन् । चण्डिकाको जिज्ञासाको उत्तरमा भगवान् शङ्करले ब्रह्माण्ड यन्त्राकार रहेको तथा यो ठूलो सानो आदि विभिन्न रूपको रहेको बताएका छन् । ब्रह्माण्डको मध्यभागमा मेरु पर्वत तथा सातवटा कुलपर्वतहरू रहेको कुरा पनि बताइएको छ । यो बाह्य ब्रह्माण्डको कुरा भयो, अन्तर्ब्रह्माण्ड हाम्रै शरीर हो त्यसैले शरीरको मेरुदण्ड सुमेरु पर्वत हो, उक्त पर्वत शरीररूपी ब्रह्माण्डको मूलदेखि मस्तकसम्म रहेको छ । मेरुको तल्लो भागमा दुई अङ्गुल माथिदेखि भूर्लोक आदि गरिएका सातवटा स्वर्गलोकहरू क्रमशः रहेका छन् । आँलामा सातवटा पातालहरू रहन्छन् । सत्यलोकमा कुनै आकार नभएकी महाज्योतिस्वरूप भएकी, चम्पक फूलको आकार भएकी, हातखुट्टाले रहित, चन्द्र, सूर्य र अग्निस्वरूप भएकी, मायाद्वारा आफूलाई ढाकेर रहेकी पराशक्ति रहन्छिन् । मायाको

---

७ यहाँ शङ्करले त्रिशूललाई ब्रह्माण्डको रक्षाका लागि आफ्नो साधन बताएका छन् । वास्तवमा त्रिशूल शङ्करको परा, परापरा र अपर रूप त्रिशक्तिको प्रतीक हो । त्रिशूलको शूल पराशक्ति, त्यसको दाहिनेपट्टिको शूल परापराशक्ति र देब्रेपट्टिको शूल अपराशक्तिको प्रतीक हो । यी तीनै शक्तिको समष्टिशक्ति जो परातीता कालसङ्कर्षिणी हुन् तिनी मध्यशूलको माथि रहन्छिन् । यसै विषयलाई देव्यायामलशास्त्रबाट उद्धृत गर्दै जयरथले तन्त्रालोकको विवेकव्याख्यामा यसरी व्यक्त गरेका छन्-

तन्मध्ये तु परादेवी दक्षिणे च परापरा ।
अपरा वामशृङ्गे तु मध्यशृङ्गोर्ध्वतः शृणु ।।
या सा सङ्कर्षिणी देवी परातीता व्यवस्थिता । (तन्त्रालोक, ३१।९७ विवेकव्याख्या, पृ. ४९४) ।

यिनै परातीता कालसङ्कर्षिणी, पराशक्ति, अपराशक्ति र परापराशक्ति शङ्करका क्रमशः शान्ता, विद्या, प्रतिष्ठा र निवृत्तिरूप कला हुन् (तन्त्रालोक, ३१।९८) । त्रिशूलका तीन शूललाई सोम, सूर्य र अग्नि अथवा सत्त्व, रज र तमोगुणको प्रतीकका रूपमा पनि ग्रहण गरिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बन्धनलाई छोडेर ती पराशक्ति जब सृष्टिका प्रति उन्मुख हुन्छिन् तब शिव र शक्तिको विभागले उक्त शक्ति दुई रूपमा भिन्न बन्दछिन् र सृष्टिको कल्पना हुन्छ । सर्वप्रथम ती दुईको संयोगबाट ब्रह्माको उत्पत्ति हुन्छ । जगत्को सृष्टिका लागि कालिकाले आफ्नो देहबाट मोहिनी उत्पन्न गरेर ब्रह्मालाई दिइन् र भनिन्–"यी सर्वोच्च कला सावित्री द्वितीया महाविद्या हुन् । यिनको साथमा रहेर तिमी वेदको विस्तर गर्ने कार्य गर । तिमी ब्रह्माण्डमण्डलमा सृष्टिकर्ता बन ।" शिव र शक्तिको संयोगबाट पुनः सत्त्वगुणका आश्रयस्वरूप विष्णु नामक पुत्र जन्मे । तिनलाई पनि कालिकाले आफ्नो शरीरबाट शक्ति निकालेर दिइन् । तिनै महाविद्या श्रीविद्या परमेश्वरी वैष्णवीको आश्रय लिएर महाविष्णुले समस्त जगत्को पालना गर्दछन् । फेरि शिवशक्तिको संयोगबाट महायोगी सदाशिव जन्मे । तिनलाई देखेर महाकाली खुसीले सन्तुष्ट भइन् । तिनै सदाशिव भुवनसुन्दरी कालीको आश्रय लिएर समस्त जगत्को संहार गर्दछन् ।

द्वितीय पटल

द्वितीय पटलमा चण्डिकाले पृथिवीमा कसरी सृष्टि हुन्छ भन्ने जिज्ञासा राखेकी छिन् । सोही जिज्ञासाको उत्तर शिवजीले दिएका छन् । सत्यलोकमा महाकाली महारुद्रका साथ संयुक्त भएर रहेकी हुन्छिन् । तिनी चम्पक फूलको आकृतिसमान, चन्द्र, सूर्य र अग्निरूपकी, अनादिरूपले युक्त छिन् । जीवहरू उनकै अंशस्वरूप हुन् । बलिरहेको आगोबाट जसरी ज्वालाहरू निस्किन्छन् त्यसरी नै जब महाकालीबाट निस्किएको परम बिन्दु भूमिमा खस्छ त्यति नै खेर अचानक स्थावर, कीट, पशुपक्षीमा त्यो बिन्दु मिल्छ र त्यो जीवले चौरासी लाख जन्म पाउँछ । त्यसै क्रममा दुर्लभ मनुष्य देहको प्राप्ति हुन्छ । मनुष्यदेह चाहिँ धर्म र अधर्मको पालना गर्ने भएकाले, कर्मको पाशले गर्दा नाना प्रकारका चौरासी लाख योनिमा जन्मने र मर्ने भइरहन्छ । यस लोकमा जुन कर्म गरिन्छ त्यसको फल परलोकमा भोग गरिन्छ । घाँस र पानीमा उम्रने झारजस्तै जीव एउटा देहबाट अर्को देहमा जन्म लिइरहन्छ । पछिल्लो देह प्राप्त गरेपछि पहिलो देहलाई छोडिदिन्छ । मृत्युपछि जीवले वायुरूप देह धारण गर्दछ । वायुरूप मायादेह आकाशमा रहने, निराश्रय रहने हुनाले पिण्डदानले उक्त वायुरूप देह स्थिर हुन्छ । सबैभन्दा पहिले शिर हुन्छ, त्यसपछि क्रमैले अन्य अङ्गहरू हुन्छन् । त्यसपछि यमपुरमा गएर जुन धर्म, अधर्म आदि कर्मको फल छ त्यसलाई भोगेर अर्को जन्ममा यदि धर्म, अधर्मरूप कुनै कर्म छैन भने तब यमको आज्ञाले जीव ब्रह्माको सृष्टिसाधनमा जान्छ । उक्त सृष्टिसाधनबाट कर्मअनुसारले यदि दुर्लभ मनुष्यशरीर भयो भने भाग्यवश उसले श्रेष्ठ गुरु प्राप्त गर्दछ । भाग्यवश गुरुबाट यदि महाविद्या र तत्त्वज्ञान पायो भने त्यतिखेर मात्रै ब्रह्माण्ड रहेसम्म परम मोक्ष प्राप्त गर्दछ । ब्राह्मणलाई सायुज्य, क्षत्रिय र वैश्यलाई सारूप्य र शूद्रलाई सहलोक नामक महामोक्ष प्राप्त हुन्छ[८] । महाविद्याको कृपाले फेरि प्राणीका रूपमा आगमन हुँदैन । महाप्रलयको अवस्थामा त सबैको नै मोक्ष हुन्छ । त्यतिखेर सबैको निर्वाण हुन्छ । त्यसपछि पुनः चण्डिकाले बृहद् ब्रह्माण्डको बाहिर के रहेको हुन्छ भनेर जिज्ञासा राखेकी छिन् । त्यसको उत्तरमा शिवजीले बृहद् ब्रह्माण्डको बाहिरी

---

८ महाकालसंहितामा सालोक्य, सामीप्य, सारूप्य र सायुज्य नामक चार प्रकारको मोक्षको वर्णन पाइन्छ तर यहाँ सामीप्य नामक मोक्षको उल्लेख नगरी सायुज्य, सारूप्य र सालोक्य नामक तीन प्रकारको मोक्षको उल्लेख गरिएको छ । मेरुतन्त्रमा आम्नायगत उपासनाभेदका आधारमा मोक्षभेदको कल्पना गरिएको छ । जसअनुसार दक्षिणाम्नायको उपासक स्वयं महाकालसमान हुन्छ, ऊर्ध्वाम्नायको उपासकले सायुज्य नामको मोक्ष प्राप्त गर्छ भने, पूर्वाम्नायको उपासकले सारूप्य, उत्तराम्नायको उपासकले सामीप्य र अधराम्नायको उपासकले ऐहिक फल प्राप्त गर्छ भन्ने कुरा यसप्रकार उल्लेख गरिएको छ–

दक्षिणोपासकः काल ऊर्ध्वः सायुज्यमाप्नुयात् ।
देवतायास्तथा पूर्वः सारूप्यं लभते परम् ।।
सामीप्यं चोत्तरो लोकमधोगस्त्वैहिकं फलम् ।

प्रस्तुत निर्वाणतन्त्रमा भने ब्राह्मण आदि वर्णगत आधारमा मोक्षभेदको कल्पना गरिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भागमा धेरै ब्रह्माण्डहरू रहेका र त्यो अनन्त बृहद् ब्रह्माण्डको सीमा बताउन आफू पनि असमर्थ रहेको र समग्र विश्वब्रह्माण्ड उनै परमेश्वरीले बनाएको, उनी नै समग्र विश्वब्रह्माण्डका रूपमा रहेको बताएका छन् ।

तृतीय पटल

तृतीय पटलको प्रारम्भमा द्वितीय पटलमा चण्डिकाले राखेको जगत्को सृष्टिसम्बन्धी जिज्ञासाको नै उत्तर शिवजीले दिएका छन् । जसरी पानीबाट उत्पन्न हुने फोका फेरि त्यही पानीमा नै बिलाउँछ त्यसरी नै प्रकृतिबाट जगत्को सृजना हुन्छ र त्यो जगत् प्रकृतिमै लय हुन्छ । ब्रह्मा, विष्णु र शिव प्रकृतिबाट नै उत्पन्न हुन्छन् र प्रलयकालमा प्रकृतिद्वारा फेरि तिनलाई आफैंमा विलीन गरिन्छ । यसपछि शिवजीले चण्डिकालाई गायत्रीमन्त्रका विषयमा बताएका छन् । परम अक्षरस्वरूप गायत्रीदेवीको उपासना गर्ने भएकाले सबै द्विज (ब्राह्मण, क्षत्रिय र वैश्य)हरू शाक्त नै हुन् । वेदमाता भनेर विख्यात, त्रिवर्गफल (सांसारिक जीवनका धर्म, अर्थ र कामस्वरूप फल) दिने गायत्रीको जप गर्नाले साधक साक्षात् नारायण बन्दछ । यसै पटलमा गायत्रीमन्त्रको उद्धार, उक्त मन्त्रको अङ्गन्यासविधि, गायत्रीको ध्यान, गायत्रीयन्त्र, पूजाविधि, मन्त्रसिद्धिका लागि पुरश्चरणको आवश्यकता र पुरश्चरणसिद्धिका लागि जपको दशांश हवन, हवनको दशांश तर्पण, तर्पणको दशांश अभिषेक, अभिषेकको दशांश ब्राह्मणभोजनको निर्देश दिइएको छ । त्यसैगरी यहाँ आपोमार्जनको प्रक्रिया, सहस्रारचक्रमा महादेव तथा परमगुरुको स्थिति, सहस्रारचक्रको बाहिर गुरुचतुष्टयलाई महादेवको रूपमा चिन्तन गर्ने निर्देश पनि दिइएको छ । त्यसैगरी ब्राह्मण, ब्रह्मचारी, यतित्रय (सन्न्यासी, वानप्रस्थ र भिक्षुक), रक्तवस्त्रधारी शाक्त, भस्मधारी शैव, दण्डधारी सन्न्यासी र त्रिशूल देखेपछि अवश्य पनि नमस्कार र तीनपटक प्रदक्षिणा गर्नुपर्छ भन्ने निर्देश यस पटलमा दिइएको छ ।

चतुर्थ पटल

यस पटलको प्रारम्भमा देवीले सन्न्यासी, अवधूत, ब्रह्मचारी र गृहस्थविषयक जिज्ञासा राखेकी छिन् । देवीको जिज्ञासाको उत्तरमा शिवजीले दण्डधारी सन्न्यासीलाई दिव्यप्रकाशस्वरूप सम्झनू, कौलिकको स्वरूपलाई सधैँ भस्मादिले विभूषित सम्झनू, कौलिक गृहस्थको स्वरूपलाई ब्रह्मचारीको स्वरूप सम्झनू । गृहस्थको स्वरूपलाई चन्दन आदिले विभूषित दिव्यस्वरूप सम्झनू, साधुस्वरूप गृहस्थ सबैको पितास्वरूप हो भनेर उपदेश दिएका छन् ।

त्यसपछिको प्रसङ्गमा बृहत् ब्रह्माण्डका विषयमा शिवजीले बताएका छन् । मेरुपर्वतको बिचमा सबै देवताहरूको आश्रय रहेको छ । मेरुपर्वतको बिच भागमा सधैँ महाधीरा नदी रहेको छ । सुमेरुको माथिको भागमा सत्यलोक रहेको छ भने तलको भागमा रसातल रहेको छ । एवंक्रमले मेरुको माझमा चौदह भुवनहरू रहेका छन् । सप्तपातालको माथि ब्रह्मपद्म रहेको छ । तलतिर मुख फर्केको, चारवटा पात भएको त्यो ब्रह्मपद्म पृथिवीमण्डलको बिचमा रहेको छ । कमलको बिचमा बीजकोषमा मनोहर क्षितिचक्र रहेको छ । त्यहाँ सातवटा समुद्रहरू घुमेर रहेका छन् । माझमा चतुष्कोण भएको मनोहर जम्बुद्वीप रहेको छ । सोही क्षितिचक्रको बिचमा कामदेवको घर त्रिकोण छ । त्यसका अधिदेवता कन्दर्प हुन् । हात्तीलाई वाहन बनाएको लंरूप ऐन्द्रबीज त्यहाँ रहेको छ । कामदेवको घरस्वरूप उक्त त्रिकोणमा बिन्दुरूप महेश्वर तथा सर्पाकार मायाशक्ति रहेका छन् । तिनै साँढे तीन फन्को लगाएको सर्पाकार मायाशक्तिले बिन्दुरूप लिङ्ग बेरिएको छ । आफ्नो मुखले उक्त बिन्दुरूप लिङ्गको प्वाललाई सधैँ ढाकेर ती मायाशक्ति रहेकी छिन् । बिन्दुरूप लिङ्गको बायाँ भागमा ऐन्द्रबीज रहेको छ । उक्त ऐन्द्रबीजको नादको माथि अतिसुन्दर, अतिसिद्ध ब्रह्मसदन रहेको छ । त्यहीँ नै सृष्टिकर्ता प्रजापति

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ब्रह्मा बस्दछन् । उनको बायाँ भागमा वेदमाता सुरेश्वरी सावित्री बस्दछिन् । तिनै सावित्रीको कृपा पाएर प्रजापति ब्रह्मा सधैँ सृष्टिको विस्तार गर्दछन् । उनको अतिसुन्दर ब्रह्मसदन एक लाख योजन फैलिएको छ । कामदेवको घरको रूपमा रहेको त्रिकोण बैसüी कोठाले युक्त छ । त्यही नै सबै देवताहरूको आश्रयभूत मेरु पर्वत हो भनेर भनिएको छ । त्रिकोणको बाहिर चतुष्कोणमा अनेक रूपका नीलाचल, मन्दर, चन्द्रशेखर, हिमालय, सुमेरु, मलय र भस्मपर्वत नामका सप्तकुलाचल रहेका छन् । यिनै सप्तकुलाचलको शिखरबाट अनेक रूपका पर्वत, नाना प्रकारका देवालय तथा दानवालय बनेका छन् ।

पञ्चम पटल

पञ्चम पटलमा मूलाधारचक्रलेखि माथि रहेको स्वाधिष्ठान आदि चक्रको विषयमा वर्णन गरिएको छ । मूलाधारपद्मको माथिल्लो भागमा भीम नामक सुन्दर कमल रहेको छ । उक्त कमल छवटा पात, वृत्त र चारवटा द्वार (भूपुर)ले विभूषित छ । उक्त पद्मको माझमा बीजकोषमा सुन्दर भुवर्लोक रहेको छ जुन सिन्दूरजस्तो रातो वर्णले सुशोभित छ । त्यो कमलमाथि विष्णु बस्दछन्, बायाँ र दायाँ श्री र वाणी बस्दछिन् । ब्रह्माले लोकको सृजना गर्दछन् भने विष्णुले त्यसको पालना गर्दछन् । वैकुण्ठ नामक त्यो स्वर्ग नाना प्रकारका देवताहरूको घर हो । वैकुण्ठको दक्षिण भागमा सबैलाई मोहित पार्ने गोलोक रहेको छ । त्यहाँ नै राधिका तथा दुई हात भएका मुरलीधर कृष्ण रहेका छन् । सो वैकुण्ठ चार हात भएका, पहँलो वस्त्र लगाएका, शान्तस्वरूप, वनमालाले विभूषित विष्णु विराजमान भएको महासत्त्वमय लोक हो । मूलाधारपद्मको बीजकोषको बाहिरी भागमा क्षीरोदसागर प्रमाणको सुन्दर जलमण्डल छ । उक्त जलमण्डल धूस्तूर फूलको जस्तो ज्योतिस्वरूपको, करोडौँ चन्द्रमाको जस्तो प्रकाश भएको घुमाउरो आकारले बडो सुन्दर छ । गङ्गा आदि सबै नदीहरू त्यहीँ नै भल्किन्छन् । निरन्तर स्तुति गर्ने इन्द्र आदि सबै देवताहरू, गन्धर्व, यक्ष, नाग आदि, कुष्माण्ड, त्यसैगरी भैरवहरू मूर्तिमान् बन्दै सधैँ नै वेदगानले चम्किन्छन् । विद्वान्हरू सधैँ मालवरागले सामगान, मल्लार तथा वसन्तरागले अथर्वगान, हिन्दोलरागले यजुर्वेदको पाठ, कर्णाटराग तथा श्रीरागले ऋग्वेदगान गर्दछन् । त्यहाँ नै विभिन्न प्रकारका सुखमा रमाउने तथा आफ्ना प्रेमी कृष्णलाई हे प्रिय! मनलाई मोहित बनाउने मुरलीगान गर्नुहोस् जुन शब्दले सधैँ कामको उत्पत्ति हुन्छ, त्यस्तो राग र तालले युक्त गान गर्नुहोस् भनेर प्रार्थना गर्ने भएकी, आनन्दले युक्त, रतिको महान् आवेशमा रमाउने, भक्तवत्सल राधिका देवी सधैँ कृष्णको बायाँ भागमा रहन्छिन् । यसप्रकार महासत्त्वमय विष्णुलोक र गोलोकको वर्णनपछि यस पटलमा राधाले कृष्णलाई तपाईँका भक्तहरूको स्थिति के रहन्छ भनेर प्रश्न गरेकी छिन् । त्यसको प्रत्युत्तरमा कृष्णले जसले मलाई जुन मार्गले भज्दछन् तिनीहरूलाई त्यही मार्गले म सद्गति दिन्छु । गुरुले दिएको निर्देशअनुसार जो मानिसहरू भावमार्गले वा मन्त्रमार्गले मेरो उपासना गर्दछन् ती मानिसहरू सधैँ मजस्तै हुन् । जुन नारीले सधैँ आफ्नो लोग्नेलाई मसँग अभेदरूपले सेवा गर्दछे त्यो नारी सधैँ तिमीजस्तै हुन्छे, यसमा कुनै संशय छैन । भक्तिले अथवा भक्तिविना पनि यदि हाम्रो युगल स्वरूपलाई आराधना गर्दछन् भने म तिनीहरूलाई सद्गति दिनेछु भनेर कृष्णले बताएको प्रसङ्गका साथ यो पटल समाप्त भएको छ ।

षष्ठ पटल

यस पटलमा स्वाधिष्ठानचक्रदेखि माथि भावना गरिने मणिपूरचक्रको वर्णन छ । स्वाधिष्ठानपद्मको माथि घना नीलो वर्ण भएको, दशवटा पत्र भएको, जलले सहित, अत्यन्त दुर्लभ महापद्म रहेको छ । उक्त कमल चन्द्रबिन्दुले युक्त तदेखि फसम्मका वर्णहरूले अत्यन्त सुशोभित छ । त्यस कमलको बिचमा बीजकोषमा सधैँ सुसिद्ध वह्निबीजको निवास रहेको छ । त्यसको बाहिर उदाउँदो सूर्यको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जस्तो तेज भएको त्रैपुर नामक स्वस्तिक यन्त्र रहेको छ । यो सबै देवताहरूद्वारा पूजित महास्वर्ग नामक लोक हो । सधैँ नै मेषवाहन वह्निबीज रकार त्यहाँ रहेको छ । त्यहाँ महामोहलाई नाश गर्ने रुद्रालय रहेको छ । रुद्रको बायाँ भागमा भद्रकाली महाविद्या शोभित भएर रहेकी छिन् । ब्रह्माद्वारा लोकको सृष्टि हुन्छ, विष्णुको रूपले पालन हुन्छ भने रुद्रले भद्रकालिकाका साथमा संहार गर्दछन् । रुद्रको चिन्तन गर्नाले के कुरा सिद्ध हुँदैन र! पहिले सबैलाई मोहित गर्ने जुन रूपको गोलोक बताइयो त्यसभन्दा रुद्रलोक चार गुना विशाल छ । लोकहरूको रक्षाका लागि राधिकाले सहित मुरलीधर सधैँ भद्रकालीको आराधना गरेर गोलोकमा बस्दछन् । कालिकाको प्रसादले नै विष्णुले सदा आफ्नो कार्य सम्पादन गर्दछन् ।

सप्तम पटल

यस पटलमा महर्लोकका विषयमा बताइएको छ । उक्त महर्लोक मणिपूरचक्रदेखि माथि भावना गरिने षट्कोणमण्डल रहेको छ । मणिपूरचक्रदेखि माथि बाह्रवटा पत्रहरूले शोभित, रातो बन्धूक पुष्पको जस्तो छटा भएको, सफा, सुन्दर, अभिलाषा गरेभन्दा पनि बढी फल दिने, शुद्ध सिन्दूरजस्तै कमल रहेको छ । उक्त कमलको बिचमा बीजकोषमा राम्रो षट्कोणमण्डल रहेको छ । उक्त मण्डलको माझमा मनोहर वायुबीज रहेको छ । सो वायुबीज चार हातले युक्त छ । उक्त कमलमा तीनै लोकका स्वामी, सबैद्वारा पूजित महर्लोकका अधिष्ठाता ईश्वर रहेका छन् । उक्त महर्लोक गोलोकभन्दा सय गुणा सुन्दर, सय गुणा बढी फैलिएको र सबै दृष्टिले सय गुणा उत्कृष्ट छ । महर्लोकमा बस्ने परमेश्वरको आज्ञा पाएर पद्मयोनि ब्रह्माले जगत्को सृजना गर्दछन् । तिनैको आज्ञाले मुरलीधरले लोकहरूको पालन गर्दछन् भने रुद्रले सम्पूर्ण जगत्को संहार गर्दछन् । ईश्वर सर्वकर्ता, निर्गुण, कल्याणस्वरूप भए तापनि भुवनेशीविना चल्न चट्पटाउन पनि सक्तैनन् । भुवनेशीको आराधना गरेर नै ती ईश्वर सबैका मालिक भएका हुन् । ती देवी विश्वमाता, विश्वलाई पालन गर्नेवाली, सबै लोकहरूलाई मोक्ष प्रदान गर्नेवाली एवं विश्वमातृका हुन् । भुवनेशी विना ईश्वरले केही पनि गर्न सक्तैनन् भन्ने प्रसङ्गका साथ यो पटल समाप्त भएको छ ।

अष्टम पटल

महर्लोकदेखि माथि सबैलाई मोहमा राख्ने, कारणस्वरूप, सोही पत्रले युक्त, मोहस्वरूप अन्धकारलाई नाश गर्ने निर्मल पद्म रहेको छ । धूवाँको माझमा जसरी झल्झलाउँदो आगो रहन्छ त्यसरी नै सो कमलको भित्र डाँठमा अति सुन्दर जनलोक रहेको छ । त्यस जनलोकको बाहिर देवगण, गन्धर्वगण तथा मुनिहरूले सुशोभित महामोहस्वरूप अन्धकारलाई शमन गर्ने चन्द्रमण्डल रहेको छ । यो अति दुर्लभ स्थान गोलोकभन्दा लाख गुणा विस्तृत छ । उक्त कमलको बीजकोषमा मणिद्वीपमा षट्कोणले युक्त उत्तम यन्त्र रहेको छ । सो यन्त्रको माझमा महासिंहको आधा परिमाण शरीर भएको वृषभ रहेको छ । त्यसमाथि गौरी र उनको दाहिने भागमा सधैँ सदाशिव रहन्छन् । ती सदाशिव पाँच मुख भएका, हरेक मुखमा तीन आँखा भएका, भस्मले शरीर सिँगारिएका, चाँदीको पर्वतजस्तै सेता, बाघका छाला लगाएका, मणिमालाले सिँगारिएका, लोकहरूका इष्टदाता तथा भयलाई नाश गर्ने स्वभावका छन् । सबैलाई आनन्द दिने, अर्धनारीश्वर, व्यापक, कहिले ज्योतिर्मय स्वरूप भएका, कहिले आकारले रहित, देवताहरूका पूज्य तथा स्वामिरूप भएका, भक्तलाई सधैँ मुक्ति दिने तथा विष्णुत्व प्रदान गर्ने ती सदाशिव सबैका मालिक हुन् । लोकमाता, शम्भुको आधा अङ्ग धारण गर्ने भएकी, त्रिगुण स्वरूप भएकी जो महागौरी हुन् तिनैको साथ पाएर पिनाकधारी सदाशिव सर्वकर्ता भएका हुन् भनेर शङ्करले बताएका छन् र यो पटल समाप्त भएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नवम पटल

यो पद्मको माथि अति दुर्लभ दुइवटा पत्रले युक्त पूर्णचन्द्रको मण्डलस्वरूप ज्ञानपद्म रहेको छ । पद्मको बिचमा बीजकोषमा चिन्तामणि पुरीको चिन्तन गर्नू । त्यसको माझमा परम दुर्लभ नवकोण यन्त्र रहेको छ । त्यसको माझमा साकार तथा हंसरूपको शम्भुबीज रहेको छ । हंस परब्रह्म रूप हो भने साकार शिवरूप हो । शून्य कमलले भरिएको मणिद्वीपमा हाँस डुलिरहन्छ । त्यसको छेवैमा अलिक पर शिव रहन्छन् । शिवको बायाँ भागमा सदैव आनन्दस्वरूपिणी सिद्धिकाली रहन्छिन् । तिनको कृपा पाएर महेश्वर सर्वकर्ता भएका हुन् । यो देवताहरूका लागि पनि अति दुर्लभ तपोलोक हो, जहाँ ब्रह्मा आदि देवताहरू ध्यानयोगको अभ्यास गर्दछन् । यो तपोलोक न योगले पाइन्छ न त तपस्याले अथवा मनले नै पाइन्छ । तपोलोक गोलोकभन्दा चार लाख गुणा विस्तीर्ण छ । ब्रह्मलोकमा, वैकुण्ठमा, शम्भुलोकमा जो जो देवता बसेका छन् तथा जो भक्तिपरायण छन्, तिनले तपस्याबाट पनि तपोलोक प्राप्त गर्दैनन् त्यसैले लोकहरूमध्ये तपोलोकसमान अरू छैन । महर्लोकमा सालोक्य, जनलोकमा सारूप्य, तपोलोकमा सायुज्य, त्यसभन्दा माथि निर्वाण प्राप्त हुन्छ त्यसैले ब्रह्मा आदि देवताहरू सधैँ तपोलोकको चाहना राख्ने हुन्छन् । यसप्रकार शिवजीले पार्वतीलाई विभिन्न स्वर्गलोकहरूको वर्णन गर्दै यी स्वर्गहरूलाई जान्नाले साधकले अमरत्व प्राप्त गर्दछ एवं ऊ जीवन्मुक्त बन्दछ, जसलाई जान्नाले कहिल्यै पनि मनुष्यहरू फेरि संसारमा आउँदैनन् र त्यस्ता साधकले आयु, आरोग्य, ऐश्वर्य प्राप्त गर्दछन्, यसमा शङ्का छैन भन्ने बताएका छन् ।

दशम पटल

ज्ञानपद्मको माथि सुमेरुको शिरोभागमा तलतिर मुख फर्केको महावक्त्र सहस्रदल कमल रहेको छ जसको पात सबै शक्तिले युक्त भएको सेतो, रातो, पहेँलो, कालो, हरियो, चित्र विचित्र प्रकारका विभिन्न रङ्गले शोभित, छिनमा सेतो, छिनमा रातो, छिनमा पहेँलो रङ्गले सिँगारिएको छ । यो सहस्रदल कमलले कुनै क्षणमा सेतो वर्ण, कुनै क्षणमा उत्तम हरियो वर्ण, कुनै क्षणमा विचित्र रूप धारण गर्दछ । त्यो पद्म जसरी गोलोक धाम शोभित छ त्यसरी नै नाना प्रकारले सधैँ शोभित छ । गोलोकका अधिपति तथा कैलासका अधिपतिले भक्तिभावपरायण हुँदै हरेक पत्रमा ध्यानयोगको अभ्यास गर्दछन् । यसैगरी सदैव दिव्य भावमा रहेका स्तुति एवं भक्तिपरायण ब्रह्मा आदि देवताहरू तथा इन्द्र आदि स्वर्गका देवताहरू ध्यानयोगको अभ्यास गर्दछन् । त्यहाँ लाखौँ लाख मुरलीधर, करोडौँ शिव तथा ब्रह्मा रहन्छन् । अनगिन्ती ब्रह्माण्डहरू छन् । त्यसैभित्र ब्रह्माको स्थापना गर्नू, त्यहीँ नै विष्णु, त्यहीँ नै धेरै स्वरूपका शिवको स्थापना गर्नू । त्यसैगरी विभिन्न शक्तिहरूलाई त्यहाँ स्थापना गर्नू । हरेक ब्रह्माण्डभित्र ब्रह्मा आदि गरिएका तीन जना देवताहरूलाई विभिन्न शक्तिले युक्त गरेर ब्रह्माण्डको स्थापना गर्नू भन्ने निर्देश यहाँ दिइएको छ । पृथिवी ब्रह्मपद्ममा त सबै मनुष्य आदि रहेका छन् । त्यसभित्र ब्रह्माण्डहरू, भुवनहरू पनि रहेका छन् । त्यहाँ सप्त पाताल, सप्त स्वर्ग एवं क्रमले देहमा चौध भुवनहरू रहेका छन् । हरेक देह ब्रह्माण्ड हो, यसमा संशय छैन । जसभित्र साक्षात् चौध भुवनहरू रहेका छन्, त्यो नै महाब्रह्माण्डभित्र रहने विग्रह हो । त्यसैगरी ब्रह्माण्डरूपी पृथिवीमा धेरै प्रकारका विग्रहहरू छन् । बृहद् ब्रह्माण्डमा जे छन् ती सबै शरीरीहरूका देहमा पनि छन् । जीवको स्वरूप लिएका तिनीहरू पृथिवीमा पनि छन् । महाब्रह्माण्डभित्र त बृहद् ब्रह्माण्ड रहन्छ । त्यसभित्र प्राणीहरू, भुवनहरू पनि छन् । सृष्टिमार्गले तथा स्थूल र सूक्ष्म आदिको भिन्नताले भेद छ । महाब्रह्माण्डमा जे जे प्रकार छन्, ती ती सबै नै बृहत् ब्रह्माण्डभित्रबाट नै आएका हुन् । त्यो रूप तथा चौध भुवनहरू पनि देहभित्र छन् । ब्रह्माण्डको सृष्टिप्रकारमा कुनै भेद छैन । ठूलो तथा सानो नै भेदको परिचायक हो । पद्मभित्र बीजकोषमा चौध

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भुवनहरू रहेका छन् । त्यसभित्र सबै देवताहरूको आश्रयस्वरूप धेरै प्रकारको आकार भएको महारुद्रको कारणस्थान सत्यलोक रहेको छ । चक्रपाणिले दिशा, जलमण्डल तथा पूर्णचन्द्रको मण्डल बनाएका हुन् । त्यसको चारैतिर पारिजात तथा बिचमा कल्पद्रुम रहेको छ । कल्पवृक्षको नजिकमा उत्तम ज्योतिमण्डल रहेको छ । उक्त ज्योतिमण्डल उदाउँदो सूर्यको जस्तो तेज भएको, चारवटा द्वारले सिँगारिएको, मन्द मन्द हावाले युक्त भएको, गन्धधूपहरूले सिँगारिएको छ । त्यसको बिचमा वेदिका रूप रत्नसिंहासन रहेको छ । त्यस वेदिकाको बिचमा आत्मालाई मायाले ढाकेकी परम महाकाली चनाको आकारको रूपले रहेकी छिन् । नाममात्रले भिन्न भएको त्यो आत्मा नै समान भागले महारुद्र, महाविष्णु र महाब्रह्मा हो । एउटै मूर्ति ब्रह्मा, विष्णु र महेश्वरको नामले रहेका छन् । तिनै निर्गुण, बिन्दुरूप, सिद्धिका कारण, एक, निरञ्जन, देवलाई कसैले विष्णु, कसैले ब्रह्मा र कसैले महारुद्र भन्दछन् । सत्यलोकमा बीजकोषमा सुन्दर चिन्तामणिगृहमा रहेको रत्नसिंहासनको माथि निरञ्जन देवलाई ध्यान गर्नू । त्यसभित्र पूजाध्यानपरायण आफ्ना गुरु जो कान्ताले सहित छन्, चाँदीको पर्वतजस्तै सेतो वर्णका छन् त्यस्ता देवलाई मानस पूजा गर्नू । सुन्दर अनुहार भएका, सुन्दर प्रकाशस्वरूप भएका यस्ता कान्ताले युक्त देवलाई आफ्नो शरीरमा चिन्तन गर्नू । जसरी ऐनामा पर्वत देखिन्छ त्यसरी नै सहस्रार महापद्ममा देवलाई चिन्तन गर्नू । यो निश्चय नै ब्रह्मालय हो, मोक्षालय हो, निर्गुणको आलय हो, साक्षात् महाकालीको आलय हो । त्यहाँ नै सधैँ नित्य, निराकार, निश्चल, जसको रूप परम आनन्द हो त्यस्ता परात्पर जगत्का पति तथा सधैँ आनन्दमा मग्न, काललाई पनि प्रकाशित गर्ने, आद्याशक्ति, महाकाली, देवताहरूलाई मुक्त गराउने देवी काली रहन्छिन् । जसरी वृक्षहरू पृथिवीमा उत्पन्न हुन्छन्, पृथिवीमा नै बिलाउँछन्, जलबाट फोका उत्पन्न हुन्छ, त्यो फोका पुनः जलमै बिलाउँछ, मेघमा बिजुली उत्पन्न हुन्छ, मेघमै लय पनि हुन्छ त्यसरी नै ब्रह्मा आदि देवताहरू कालिकाबाट उत्पन्न हुन्छन् तथा प्रलयकालमा तिनैमा लीन हुन्छन् । शक्तिविना मुक्तिको कल्पना हाँसो मात्र हो । कालिकाको एक अंशले ब्रह्मा, एक अंशले जनार्दन तथा एक अंशले शम्भु हुन्छन् । ती अपरा (जसभन्दा पर अरू कोही छैन) महाकाली नदीहरूका लागि समुद्रजस्तै हुन् । ती कालिकाको सापेक्षमा ब्रह्मा आदि देवताहरू गाईले कुल्चेको ठाउँमा बनेको सानो खाल्डोमा रहने थोरै परिमाणको जलजस्तै हुन् । गाईले कुल्चेको ठाउँमा बनेको सानो खाल्डोमा जमेको पानीले समुद्रको जललाई के जानोस् ? ती ब्रह्मा, विष्णु र शङ्करले पनि कालिकालाई जान्दैनन् ।सृष्टि गर्नका लागि कालीबाट जसरी देवता आदिहरू बहिर तानिन्छन् त्यसरी नै प्रलयकालमा फेरि तिनैमा लीन गरिन्छ । संसारको भयदेखि चारैतिरबाट डराएकाहरू कालीको नामले भाग्दछन् । त्यसपछि तिनी तीनै लोकहरूमा दक्षिणा नामले स्तुति गरिन्छिन् । पुरुष दक्षिण भनिन्छन् भने वामा महामोक्ष प्रदान गर्ने शक्ति भनिन्छिन् । कालीद्वारा निर्गुण पुरुष सिर्जना गरिन्छ तथा फेरि आफैँमा लीन गरिन्छ । त्यसैले तिनी तीनै लोकहरूमा दक्षिणा नामले स्तुति गरिन्छिन् । जो वैष्णवी महाविद्या जगदम्बिका कालिका हुन् ती साकाररूप काली हातखुट्टाले रहित भएकी, चन्द्र, सूर्य र अग्निस्वरूपकी छिन् । तिनैको स्थानलाई सत्यलोक भनिन्छ जुन स्थान सबै देवताको प्रार्थनीय स्थान हो । सहस्रदल पद्मको एउटा पत्रमा हजारौँ गोलोक धाम रहेका छन् त्यसैले हजारौँ जन्मले तथा करोडौँ जिभ्राले पनि त्यस स्थानको माहात्म्य बताउन सकिँदैन । त्यसको माझमा कर्णिका, कर्णिकाको माझमा बीजकोष, बीजकोषको माझमा एक लाख योजन विस्तारको अति सुन्दर उत्तम जलमण्डल अमृतसागर रहेको छ । त्यस जलमण्डलको बिचमा हजार योजनको मणिद्वीप रहेको छ । त्यस मणिद्वीपको चारैतिर पारिजातहरू, कदम्बको उत्तम वन रहेको छ । त्यस वनको माझमा कल्पवृक्ष,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्यहाँ चारवटा ढोकाले युक्त, सुनको भित्ताले सिँगारिएको उत्तम ज्योतिस्वरूप मन्दिर रहेको छ जुन मन्द मन्द हावाले युक्त, सुगन्ध एवं फूलले युक्त छ। त्यहाँ पूजापरायण हजारौँ देवकन्याहरू छन्। त्यस मन्दिरको बिचमा पचास वर्णमातृकास्वरूप वेदिका रहेको छ। त्यसको माथि सुनको सिंहासन रहेको छ। सुनको त्यस सिंहासनमा महाकाली, चणकाकार महारुद्र, इन्द्रजालको दियोको जस्तो प्रकाश भएको सनातन महाज्योति रहेका छन्। सप्तस्वर्गको यस किसिमको वर्णन गरेपछि शिवजीले देवी पार्वतीलाई यो कुरा यत्नपूर्वक गोप्य राख्न, कुनै हालतमा पनि प्रकाशमा नल्याउन निर्देश दिएका छन्।

एकादश पटल

म अति दुर्लभ तत्त्वज्ञान सुन्न चाहन्छु भन्ने पार्वतीको आग्रह सुनेपछि शङ्करजीले यो तत्त्वज्ञान अति गोप्य रहेको, यही तत्त्वज्ञानरूपी प्रसादले सत्त्वगुणका आश्रय विष्णु, तिनै लोकका पितामह ब्रह्मा, संहारकारक शम्भु मुक्त भएका र उक्त परम दुर्लभ तत्त्वज्ञान यत्नपूर्वक गोप्य राख्नुपर्छ भनेका छन्। मद्य, मांस, मत्स्य, मुद्रा र मैथुन– यी पाँच तत्त्व निर्वाणस्वरूप मुक्तिका लागि हुन्। मद्यपानले आठ ऐश्वर्य तथा परम मोक्ष प्राप्ति हुने, मांसभक्षणमात्रले साक्षात् नारायण हुने, मत्स्यभक्षणमात्रले कालीको साक्षात्कार हुने, मुद्राभक्षणमात्रले पृथिवीमा पूज्य हुने तथा विष्णुको रूप धारण गर्ने र मैथुनले आफूजस्तै महायोगी हुने कुरा बताएका छन्। पाँचवटा तत्त्वहरूको जहाँ एकत्र मिलन हुन्छ त्यहाँ आफैँ जाने, ती पुरुषहरू सधैँ आफूसमान हुने, ती नारी कालिकाका रूप हुने, मरे छँदामा तिनैमा लीन हुने, जो साधुरूप, तत्त्वज्ञानपरायण मानिसहरू छन् ती ब्रह्मरूप, जीवन्मुक्त हुने कुरा बताइएको छ। दिव्यभावले युक्त भएकालाई सधैँ तत्त्वज्ञान हुने तथा वीरभावले युक्त भएकाहरूले सधैँ पञ्चतत्त्वको सेवन गर्नुपर्ने निर्देश पनि दिइएको छ। पशुभावले युक्त साधकले पञ्चतत्त्वको सेवन नगर्नू भनी यहाँ बताइएको छ। कौलिक साधकले पञ्चतत्त्वले यत्नपूर्वक पूजा गर्नुपछ। त्यसो गर्नाले सिद्धि प्राप्त हुन्छ भन्ने बताइएको छ भने धनसिद्धिका लागि श्रीचक्रको पूजा गर्नुपर्ने तथा श्रीचक्रको पूजाले कामनासिद्धि हुने कुरा यस पटलमा बताइएको छ। श्रीचक्रको पूजनबाट साधकको आयु, आरोग्य, ऐश्वर्य, कीर्ति र यशको वृद्धि हुने, ऊ मुक्तिभागी हुने, कामनासिद्धि, ज्ञानसिद्धि र देवीको प्रीतिका लागि श्रीचक्रको पूजा गर्नुपर्ने तथा जसले श्रीचक्रको पूजा गर्दछ त्यो शम्भु नै हो, अव्ययतत्त्व नै हो भन्ने कुरा यहाँ बताइएको छ। श्रीचक्रको पूजाले एक हजार अश्वमेध, एक सय वाजपेय यज्ञ गर्दाको फल प्राप्त हुने कुरा पनि यहाँ बताइएको छ। शैव, शाक्त, गाणपत्य, वैष्णव, सौर, चान्द्रपरम्परामा जुन देवतामा, जुन मन्त्रसाधनामा जुन आचार निर्दिष्ट छ त्यो आचार विशिष्ट हुन्छ जुन कौलिक नै भनिएको छ भनी तत्त्वविवरण नामक एघारौँ पटल पूरा भएको छ। यस पटलमा आएको पञ्चतत्त्वसम्बन्धी थप विवरण यहाँ प्रस्तुत गर्नु सान्दर्भिक देखिन्छ।

पञ्चतत्त्व

तन्त्रशास्त्रमा मकारादि पञ्चक (मद्य, मांस, मत्स्य, मुद्रा र मैथुन)लाई पञ्चतत्त्व पनि भनिन्छ। आचारभेदका कारण मकारादि पञ्चकलाई कुन रूपमा ग्रहण गर्ने भन्ने कुरामा पनि भेद देखापर्दछ त्यसैले तान्त्रिक आचार र तदनुरुप मकारादि पञ्चकको व्याख्यालाई सङ्क्षेपमा उल्लेख गर्नु प्रासङ्गिक हुन आउँछ। तन्त्रमा मूलभूत रूपमा तीन प्रकारको आचारको उल्लेख पाइन्छ। ती हुन्– दक्षिणाचार, वामाचार र दिव्याचार।

श्रुतिस्मृतिअनुकूलको आचार नै दक्षिणाचार हो। दक्षिणाचारलाई पश्वाचार पनि भनिन्छ। पशुभावमा स्थित साधकहरूको आचार भएकाले यसलाई पश्वाचार भनिएको हो। तन्त्रशास्त्रमा व्यक्तिलाई पशुभावापन्न बनाउने पाश घृणा, शङ्का, भय, लज्जा, जुगुप्सा, कुल, शील र जाति गरी आठ प्रकारको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बताइएको छ (कुलार्णवतन्त्र, १३।९०) । यिनै पाशहरूले बाँधिएको अवस्थामा जीवले आफूलाई शिवभन्दा भिन्न ठान्छ । यिनै पाशहरूलाई साधनाद्वारा काट्तै शिव वा पराशक्तिका साथ आफ्नो अभिन्नता बोध गर्नु नै साधनाको चरम लक्ष्य हो । जबसम्म साधक पशुभावले बाँधिएको हुन्छ तबसम्म उसले पश्वाचारकै अवलम्बन गर्नु श्रेयस्कर हुन्छ । उदाहरणका लागि जेलमा रहेका कैदीहरूले जेलका नियमहरूको पालना गर्नु नै उनीहरूका लागि श्रेयस्कर हुन्छ अन्यथा उनीहरूले थप कष्ट भोग्नुपर्ने हुन जान्छ । जबसम्म साधकमा पशुभाव विद्यमान रहन्छ तबसम्म उसले पशुभावभन्दा भिन्न तरिकाले उपासना गर्नै सक्तैन । पशुभावरूपी पाशलाई नछिनालेसम्म शक्तिसाधनाको यात्रामा दोस्रो सिँढीका रूपमा रहेको वीरभाव र उक्त भावअनुसार व्यवस्थित वामाचारमा उसले पाइला टेक्नै सक्तैन । अतः पशुभावमा रहेर साधना गर्दै जाँदा जब उसमा निहित पशुत्वको जालो नष्ट हुन्छ तब ऊ शक्तिसाधनाको यात्रामा वीर कहिन्छ । त्यतिखेर उसको आचार वामाचार वा वीराचार बन्न पुग्छ त्यसैले तन्त्रशास्त्रमा साधनाको प्रारम्भिक सोपानका रूपमा पशुभावलाई ग्रहण गरिएको छ । पशुभावमा स्थित साधकहरूको आचारका रूपमा व्यवस्थित दक्षिणाचार वा पश्वाचारमा साधकले सेतो वर्णको देवताको ध्यान, त्रिकाल सन्ध्या एवं देवपूजन, वेदपुराण आदि शास्त्रमा श्रद्धा, नित्य श्राद्ध, ब्रह्मचर्यको पालना, आत्मप्रशंसा र परनिन्दाको त्याग आदि आचारहरूको कट्टरतापूर्वक पालना गर्नुपर्ने उपदेश दिएको पाइन्छ (मेरुतन्त्र, ७।५-१०) दक्षिणाचार वा पश्वाचारका मूलतः दुइवटा भेद रहेका छन् - सभाव पश्वाचार र विभाव पश्वाचार । सभाव पश्वाचारमा पञ्चमकारको प्रत्यक्ष वा अनुकल्पीय प्रयोग सर्वथा निषिद्ध मानिन्छ । सभाव पाशवकल्पका साधकहरूले मद्य र मांस सुँघ्न, हेर्न, स्पर्श गर्न र पिउन वा खान वर्जित छ तर त्यही कुरा दिव्यभावमा स्थित कौल साधकका लागि भने महाफलप्रद मानिन्छ (कुलार्णवतन्त्र, २।१४) सभाव पाशवकल्पका साधकहरूले सुरा देखेमात्रै भने पनि सूर्यको दर्शन गर्नुपर्छ, त्यसको गन्ध नाकमा पऱ्यो भने तीन पटक प्राणायाम गर्नुपर्छ तथा शरीरको घुँडादेखि तलको भाग पानीमा डुबाएर दिनभरि उभिनुपर्छ, सुराको स्पर्श गऱ्यो भने नाभिदेखि तलको भाग पानीमा डुबाएर उपवासपूर्वक तीन रात उभिनुपर्छ, सुराको सेवन गरेमा सुरालाई उमालेर मुञ कोचिदिनुपर्छ । सो उम्लिएको सुराले मुख डढेपछि मात्रै मद्यसेवनको दोष हट्तछ (कुलार्णवतन्त्र, २।१२७-१२९) । विभाव पश्वाचारमा भने पञ्चमकारको अनुकल्पीय प्रयोगद्वारा उपासना गरिन्छ । वेदोक्त मार्गबाट मद्य, मांस आदिको प्रतिनिधिस्वरूप अनुकल्पीय द्रव्यको प्रयोग गरी इष्टदेवताको पूजा गर्नु नै विभाव पश्वाचार हो (ज.ब.रा., वि.सं. २०४६, पृ. ९) विभाव पश्वाचारमा खजूरीको रस, गाई र भैंसीको दूधमा चाकु र पानको पातको धुलो मिलाएर पकाएको झोल, घिउमा नुन हालेर पकाएको आमान्नको तरकारी मद्यको अनुकल्प हुन्छ । गहुँ, हलेदो, अदुवा, सेतो तिल, शरद्कालमा पाक्ने अन्नको बिउ, रातो अन्नको बिउ र कुभिन्डो मांसको अनुकल्प हुन्छ । पोलेको नरिवल, बेल, अमला वा हर्रो मत्स्यको अनुकल्प हुन्छ नुन र पानी नहाली भुटेको अन्नको विउ मुद्राको अनुकल्प हुन्छ । विभाव पश्चाचारमा मैथुनको अनुकल्पीय बाह्य द्रव्य नहुने भएकाले आफ्नो सहस्रारचक्रमा शिवशक्तिको समन्वय सम्झेर शिवशक्तिको सामरस्यजन्य अमृतले परदेवतालाई तर्पण गर्नु मैथुनको अनुकल्प हो (ज.ब.रा., वि.सं. २०२०, पृ. ११४- ११५) । यसप्रकार पश्वाचार वा दक्षिणाचारमा द्वैतभावको प्राधान्य रहने भएकाले यस आचारको अवलम्बनद्वारा गरिने इष्टदेवदेवीको पूजाउपासना अपरापूजाको कोटीमा पर्दछ । पशुभावअनुसार पश्वाचार वा दक्षिणाचारको अवलम्बन गरी उपासना गर्दै गएपछि पशुभावका बन्धनहरू शिथिल बन्दै जान्छन्, साधक सदा प्रसन्न, सन्तुष्ट, निर्द्वन्द्व, मात्सर्यरहित,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कुलसम्बन्धी ज्ञानमा तत्पर, शान्त, कुलज्ञानको चर्चा गर्दा आनन्दातिरेकका कारण रोमाञ्चित हुने, हर्षले गद्‌गद् स्वर हुने, खुसीको आँसु खस्ने आदि लक्षणले युक्त बन्न पुग्छ (कुलार्णवतन्त्र, ९।८४-८६) । उपर्युक्त लक्षणले साधक वीरभावमा आरूढ भएको जनाउँछ । यसपछि उक्त साधकको साधना वीरभावमा व्यवस्थित वामाचारबाट प्रारम्भ हुन्छ । वीरभावमा आरूढ साधकहरूले अवलम्बन गर्ने आचारलाई नै वामाचार भनिन्छ । वाम अर्थात् श्रेष्ठ आचार भएकाले यसलाई वामाचार भनिएको हो। निरुक्तमा 'वाम' शब्दको अर्थ प्रशस्य भन्ने दिइएको छ -अस्रेमा, अनेमा, अनेद्यः, अनवद्यः, अनभिशस्ताः, उक्थ्यः, सुनीथः, पाकः, वामः, वयुनमिति दश प्रशस्यनामानि (श्रीतारानन्दतीर्थ, वि.सं. २०६२, कल्याण, शक्तिअङ्क, पृ. १६७) प्रशस्य भनेको के हो भन्ने प्रश्नको उत्तरमा भनिएको छ- य एव हि प्रज्ञावन्तस्त एव हि प्रशस्या भवन्ति अर्थात् जो प्रज्ञावान् छन् तिनीहरू नै प्रशस्य हुन्छन् । अतः प्रज्ञावान् प्रशस्य योगीलाई नै वाम भनिन्छ र उक्त योगीको आचारलाई नै वामाचार भनिन्छ । परद्रव्य, परस्त्री एवं परापवादबाट विमुख निर्लोभी, रागवर्जित, संयमी, जितेन्द्रिय ब्राह्मण (ब्रह्मसाक्षात्कार गर्न समर्थ) व्यक्ति नै वाममार्गमा अधिकारी हुन्छ (मेरुतन्त्र, १०।४५) । वामाचारअनुसार साधना गर्नका लागि दृढ भक्ति चाहिन्छ र त्यस्तो दृढ भक्तले नै यस मार्गमा सिद्धि प्राप्त गर्दछ । चाहे बन्धुबान्धवहरूले निन्दा गरून्, चाहे पत्नी तथा छोराछोरीहरूले साथ छोडून्, चाहे मलाई देखेर मानिसहरू हाँसून्, चाहे राजाहरूले दण्ड दिऊन्, चाहे म सधैँ रोग दुःख आदिले पीडित बनूँ, चाहे धन रहोस् वा नरहोस् तर म यस मार्गलाई छोड्दिनँ भन्ने दृढ भक्ति जसमा हुन्छ त्यही व्यक्तिले वामाचारमा सिद्धि प्राप्त गर्दछ (तन्त्रचिन्तामणि, १२।१७१-१७३) । उपासनामा पञ्चमकार अर्थात् मद्य, मांस, मत्स्य, मुद्रा र मैथुनको उपयोग वीराचार अर्थात् वीरहरूले अवलम्बन गर्ने वामाचार हो र यो साधकका लागि साधनाको बीज हो । वीरभावमा पनि विभाववीर र सभाववीर गरी दुई प्रकारको भेद हुन्छ । विभाववीरहरूले मानसभावमा पञ्चतत्वले अथवा पञ्चमकारको प्रतिनिधिका रूपमा अनुकल्पीय द्रव्यको प्रयोगद्वारा उपासना गर्दछन् । मानसभावले पञ्चतत्वको उपयोग गर्दा मांसका रूपमा पृथ्वीतत्व, मत्स्यका रूपमा जलतत्व, मद्यका रूपमा तेजतत्व, मुद्राका रूपमा वायुतत्व र मैथुनका रूपमा आकाशतत्वको उपयोग गरिन्छ । विभाववीरका लागि पञ्चमकारको अनुकल्पीय द्रव्य भने यसप्रकार रहेका छन् गाईको दूध, पान, ताम्रकूट, गाँजा, ताड, अफिम, खजूरको चोप, धतुरो र भाँङ यति आठ थोक मद्यको अनुकल्प; नुन मिलाएको अदुवा, प्याज, तिल, गहुँ, मास र लसुन मासुको अनुकल्प; डढेको खाना मत्स्यको अनुकल्प; भुटेको चना वा भटमास मुद्राको अनुकल्प र हाँसको फुल मैथुनको अनुकल्प हुन्छ कसैको मतमा गुरुले बताएबमोजिम तन्त्रोक्त मन्त्रोच्चारण गर्दै अपराजितापुष्प र करवीरपुष्पमा रक्तचन्दन र श्रीखण्ड मिसाएर भगलिङ्गामृत बनाई परदेवतालाई तर्पण गर्नु मैथुनको अनुकल्प हो (ज.ब.रा., वि.सं. २०२०, पृ. २८६ - २८७) । सभाववीरले चाहिँ पञ्चमकारको प्रत्यक्ष प्रयोग गर्दछन् वामाचारमा कस्ता व्यक्तिहरूको अधिकार रहन्छ भन्ने विषयमा माथि उल्लेख गरिएको विवरणबाट यो आचार अत्यन्त कठिन र मर्यादित आचार हो भन्ने कुरा स्पष्ट भइसकेको छ । अल्पज्ञताका कारण प्राकृतजन (अदीक्षित व्यक्ति)हरूले सोचेजस्तो स्वच्छन्दरूपले पञ्चमकारको प्रयोग यस आचारमा हुँदैन । पञ्चमकारको प्रयोग वामाचारमा केवल साधनाका अवसरमा गरिन्छ । साधनाकालमा बाहेक अन्य समयमा गरिने मद्यपान निषिद्ध सुरापान कहिन्छ । त्यस्तो मद्यपान महापातक हो भनेर वेदादि शास्त्रमा निरूपण गरिएको छ भनी कुलार्णवतन्त्रमा बताइएको छ (कुलार्णवतन्त्र, २।१२३) । संसारमा मैथुन, मांस र मद्यका प्रति प्राणीहरूको स्वाभाविक प्रवृत्ति

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

रहेको देखिन्छ । जुन वस्तुप्रति स्वाभाविक प्रवृत्ति हुन्छ त्यसमा प्रवृत्त गराउनका लागि कुनै विधिको आवश्यकता पर्दैन । यस्तो स्थितिमा विवाह, यज्ञ र सौत्रामणि यज्ञमा मैथुन, मास र महको जुन व्यवस्था बताइएको छ त्यो वास्तवमा उच्छृङ्खल प्रवृत्तिलाई नियन्त्रण गर्नका लागि त्यसमा मर्यादा स्थापनाका लागि नै गरिएको हो त्यसमा निवृत्ति नै श्रुतिको अभीष्ट हो भनी भागवतमहापुराणमा बताइएको छ (भागवतमहापुराण, ११।५।११) । अतः वामाचारमा पञ्चमकारको सेवनको व्यवस्था सोही उद्देश्यमा आधारित रहेको छ त्यसैले कुलार्णवतन्त्रमा जसले आफ्नो सुखका लागि मद्य आदि द्रव्यको सेवन गर्दछ त्यो पातकी हो, साधकले आफ्नो तृप्तिका लागि नभई देवताको प्रीतिका लागि मद्य, मांस आदि द्रव्यको सेवन गर्नुपर्दछ भनी बताइएको छ (कुलार्णवतन्त्र, ५।८८) । त्यसैगरी बुद्धिमान् व्यक्तिले देवताप्रीतिका लागि शास्त्रोक्त विधिपूर्वक पञ्चमकारको सेवन गरोस् । यदि कुनै व्यक्ति तृष्णापूर्वक पञ्चमकारको सेवनमा प्रवृत्त हुन्छ भने त्यो पातकी कहिन्छ भनी कुलार्णवतन्त्रमै भनिएको छ (कुलार्णवतन्त्र, १०।६) । यसप्रकार पशुभावबाट मुक्त वीरभावमा स्थित साधकले शास्त्रोक्त विधिपूर्वक आफ्नो तृष्णापूर्तिका लागि नभई देवताप्रीतिका लागि पञ्चमकारको सेवनद्वारा साधना गर्दै जाँदा उसमा इष्टदेव र आफूबिच ऐक्यबोध हुन जान्छ र ऊ साधनाको अन्तिम सोपानस्वरूप दिव्यभावमा प्रवेश गर्दछ। वामाचारको अवलम्बनद्वारा गरिने इष्टदेव वा इष्टदेवीको उपासना परापर कोटीको पूजा वा उपासना हो ।

सम्पूर्ण भेदप्रथालाई परिहार गर्न सक्षम निर्विकल्प दशामा आरूढ साधकमा जब आफू भन्ने भावसमेत हटेर दिव्यभावको उदय हुन्छ त्यस्तो निर्विकल्प दिव्यभावमा स्थित साधकको आचारलाई नै कुलाचार भनिन्छ । दिव्यभावमा स्थित साधकमा पूर्ण ज्ञानको उदय र राजाधिराजयोगसमेत सिद्ध भइसकेको हुन्छ त्यसैले त्यस्तो साधकले अपनाउने कुलाचारमा पञ्चमकारको प्रयोग प्रत्यक्ष रूपमा नभई अन्तर्यागद्वारा यौगिक भावले गरिन्छ । दिव्यभावको अवस्थामा मूलाधारचक्रमा रहेकी चैतन्यरूपिणी कुण्डलिनीशक्ति त्यहाँबाट जागृत भएर ब्रह्मरन्ध्रमा अवस्थित सहस्रारचक्रमा पुगी परमशिवका साथ समरसभावमा प्राप्त हुँदा त्यहाँबाट चुहिएको अमृतलाई नै मद्य भनिन्छ भने त्यस्तो अमृतस्वरुप मद्यलाई पान गर्ने दिव्यसाधक नै वास्तविक सुधापान गर्ने व्यक्ति हो अरु त मद्यपान गर्ने हुन् । (कुलार्णवतन्त्र, ५।१०७-१०८) ।

दिव्यभावमा स्थित कुलाचारी साधकका लागि काम, क्रोध, लोभ र मोहरूपी पशुलाई विवेकरूपी तरवारले काटेर परम सुख प्रदान गर्ने निर्विषयको सेवन गर्नु नै मांससेवन हो । विवेकी विद्वान् साधकहरू काम, क्रोध, लोभ र मोहरूपी पशुलाई विवेकरूपी तरवारले काटेर परम सुख प्रदान गर्ने निर्विषयरूप मासु खान्छन्, तिनीहरू नै परम रहस्यवेत्ता, पृथ्वीका वास्तविक देवता र पुण्यवान् हुन् । सज्जन व्यक्तिले आफ्नो तृप्तिका लागि प्रत्यक्ष पशुको मासु नखाओस्, त्यस्तो हिंसा नगरोस् (आगमसार, ज.ब.रा., वि.सं. २०२०, पृ. १६ मा उद्धृत) । योगवित् साधकले पुण्य र पापरूपी पशुलाई ज्ञानरूपी खड्गले काटेर आफ्नो चित्तलाई परम तत्त्वमा लीन गरोस् । त्यसो गर्ने व्यक्ति नै मांसभोजी भनेर चिनिन्छ (कुलार्णवतन्त्र, ५।१०९) । बाह्य विषयमा रमाइरहेका चञ्चल इन्द्रियसमूहलाई मनले नियन्त्रणमा लिए पूजालाई बाह्य विषयवृत्तिबाट विरत सो मनलाई आत्मामा लगाउनू नै दिव्यभावमा स्थित कुलाचारमा रत साधकका लागि मत्स्यसेवन हो । यसो गर्न सक्ने साधक नै मत्स्यभोजी हो, अरू त प्राणीको हिंसा गर्ने हुन् (कुलार्णवतन्त्र, ५।११०) । त्यसैगरी दिव्यभावमा स्थित साधकका लागि मुद्राका विषयमा कुलार्णवतन्त्रमा के लेखिएको छ भने पशुभावमा स्थित साधकको शक्ति अप्रबुद्ध (सुषुप्त) अवस्थामा रहेको हुन्छ भने दिव्यभावमा स्थित कौल साधकको शक्ति प्रबुद्ध (जाग्रत) हुन्छ । जुन साधक यस्तो प्रबुद्ध शक्तिको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सेवन गर्दछ त्यो नै शक्तिसेवक (मुद्रासेवक) हो (कुलार्णवतन्त्र, ५।१११) । त्यसैगरी दिव्यभावमा स्थित साधकका लागि पराशक्ति र आत्माको मिथुनभावस्वरूप संयोगसुखको शाश्वत आनन्दमा निमग्न हुनु नै वास्तविक मैथुन हो त्यसअतिरिक्त दैहिक सुखोपलब्धियुक्त मैथुन त स्त्रीसेवन मात्र हो (कुलार्णवतन्त्र, ५।११२) । दिव्यभावमा स्थित साधकले पालना गर्ने कुलाचार परापूजाको कोटीमा पर्दछ जुन पराशक्तिका साथ अद्वयबोध जगाउने बाह्य एवं आन्तर विषयमा आफ्नो चिन्मय स्वरूपलाई अभिन्न देख्ने उपासनापद्धति हो ।

द्वादश पटल

यस पटलमा वैष्णवको यथार्थ कुरा बताउन पार्वतीले शङ्करजीलाई आग्रह गरेकी छिन् । त्यसको प्रत्युत्तरमा शङ्करजीले पार्वतीलाई वैष्णवको यथार्थ तत्त्व गुरुतत्त्व, मन्त्रतत्त्व, वर्णतत्त्व, देवतत्त्व र ध्यानतत्त्व सुनाउने प्रतिज्ञा गरेका छन् । त्यस क्रममा सर्वप्रथम गुरुतत्त्व बताइएको छ । देहमा रहेको ब्रह्मतेज तेलले सहित भएको बत्तीले युक्त धागोजस्तै हो त्यो गुरुद्वारा दिइएको मन्त्रदानले प्रदीप्त बन्छ । देवताको शरीर बीजबाट उत्पन्न हुन्छ त्यसैले देवताको आत्मा देवरूप हुन्छ, यसमा संशय छैन । ईश्वरको जुन बीज हो त्यो अक्षरस्वरूप नै छ त्यसैले प्राणीहरूको शरीर वर्णस्वरूप नै छ, यसमा सन्देह छैन । सबै वर्णहरू मन्त्रवर्णमा लीन हुन्छन् । म स्वयं निर्मल देहस्वरूप देव हुँ अर्को कोही होइन, घाँस, पात, लहरा आदिमा सर्वत्र देवताको ध्यान गर्नू । ध्यानले सबै पाइन्छ, ध्यानले नै विष्णुरूप बनिन्छ, ध्यानले सिद्धि प्राप्त हुन्छ, ध्यानविना केही पनि सिद्ध हुँदैन भनी शङ्करले पार्वतीलाई बताएका छन् ।

त्रयोदश पटल

यस पटलको प्रारम्भमा चण्डिकाले प्रकाशरूप दशार्ण मन्त्र बताउन शङ्करलाई आग्रह गरेकी छिन् । जसको श्रवणमात्रले मूर्ख पनि विष्णुरूप बन्छ त्यस्तो दश अक्षारको मन्त्र बताउने प्रतिज्ञा शङ्करले गरेका छन् र उक्त मन्त्र चण्डिकालाई बताएका छन् । उक्त मन्त्रको ज्ञानले अमरत्व प्राप्त हुने तथा नर नारायण बन्ने बताइएको छ । यस मन्त्रबाट महामन्त्रहरूको उत्पत्ति हुने भएकाले गुरुले आफ्ना शिष्यहरूलाई अवश्य पनि यस मन्त्रको उपदेश गर्नुपर्ने कुरा यहाँ बताइएको छ । जसले दशार्ण मन्त्र सुनाउँछन् ती गुरु उत्तम गुरु हुन् । जसरी सबै नदीहरू गङ्गा होइनन् त्यसरी नै जो दश वर्ण मन्त्र प्रदान गर्ने व्यक्ति हो त्यो नै परम गुरु हो अरू होइनन् भन्ने भाव यहाँ व्यक्त गरिएको छ । दशार्ण मन्त्रको यो प्रसङ्गपछि दण्डधारणको विधिमाथि प्रकाश पारिएको छ । सम्पूर्ण मायालाई परित्याग गरेको, सधैँ धर्ममा निष्ठा राख्ने, इन्द्रिय जितेको, क्रोध जितेको, सबै जातिहरूमा समभाव राख्ने, छोरो र शत्रुमा तथा सुन र माटोमा समता राख्ने, छोरो, साथी तथा शत्रुमा सर्वत्र एउटै दयाभाव राख्ने, लाभ तथा हानि, जित तथा हार, निन्दा तथा प्रशंसामा समभाव राख्ने, शरीर र प्राणमा सम्बन्ध नराख्ने, जसको चित्तमा ब्रह्मज्ञानविना अर्को ज्ञान छैन त्यस्तो सज्जन स्वभावको गृहस्थ ब्रह्मवादी ब्राह्मणको नै सन्न्यासधर्म हो, अरूको होइन भन्ने कुरा यहाँ बताइएको छ । सन्न्यासग्रहणका लागि सबै लक्षणले युक्त ब्राह्मण गुरुकहाँ जाओस् तथा सन्न्यासग्रहणका लागि प्रार्थना गरोस् । मातापिता हुँदै, पत्नी, छोराछोरी बच्चा छँदै जसले दण्डधारण गर्दछ, उसको सन्न्यासधारण निष्फल हुने तथा त्यस्तालाई सन्न्यास प्रदान गर्ने गुरु पनि रौरव नामक नरकमा पर्ने भएकाले माथि बताइएका कुराले बाधा नपर्ने शिष्यलाई नै गुरुले सन्न्यासदान र शाश्वती मुक्ति दिऊन् भन्ने निर्देश गरेपछि यसै पटलमा सन्न्यासदानका लागि विभिन्न संस्कारहरू बताइएका छन् ।

चतुर्दश पटल

यस पटलमा अवधूत आश्रमको विवरण पाइन्छ । अवधूतको लक्षण र अवधूतका प्रकारभेदको वर्णन यस

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पटलमा गरिएको छ। वीरभावमा स्थित तत्त्वपरायण साधक नै अवधूत हुने भएकाले अवधूतलाई वीर भनेर जान्नू भन्ने शङ्करको वचन रहेको छ। गुरुबाट विधिपूर्वक दण्डधारण वा सन्न्यासग्रहण गरेको त्यस्ता वीर साधक अवधूतका केही बाह्य आचरण पनि यहाँ बताइएका छन् । उदाहरणका लागि सन्न्यासधारण गरेको दण्डीले आवश्यक मुण्डन गर्नू र उसले अस्थिमाला वा रुद्राक्ष धारण गर्नू, वीरभावमा स्थित ती अवधूतहरू दिगम्बर बनून् अथवा कौपिन धारण गर्ने बनून्, रक्तचन्दनले दिव्य अङ्गवाला बनून् अथवा भस्मधारण गरून् भन्ने निर्देश यहाँ पाइन्छ। म कुलपरम्पराको नायक हुँ, म मुक्त हुँ, म भैरव हुँ, म शिव हुँ भन्ने भाव सर्वदा हृदयमा धारण गरून्। यहाँ मकारादि पञ्चतत्त्वको माहात्म्य बताइएको छ र अवधूतका लागि त्यो ग्राह्य हुने पनि बताइएको छ। अवधूतका आनन्द, सरस्वती, वन, आरण्य, भारती, पुरी, गिरि, शरण नामक आख्यात (नामपद)को उल्लेख गर्नुका साथै तिनको सामान्य लक्षण पनि बताइएको छ। अवधूत आश्रममा निश्चल भक्ति हुने व्यक्तिप्रति काली प्रसन्न हुन्छिन्, त्यस्तो व्यक्तिको यो संसारमा के कुरा सिद्ध हुँदैन र? त्यसैले अवधूतलाई देखेर शम्भुलाई झैँ पूजा गर्नू, आफ्नो सामर्थ्यले यत्नपूर्वक पञ्चतत्त्व अर्पण गर्नू भन्ने निर्देश यहाँ दिइएको छ। अवधूत आश्रम र पञ्चतत्त्वविषयक ज्ञान मूर्ख, अभक्त, मकारादि पञ्चतत्त्वको निन्दा गर्ने व्यक्ति, गुरुप्रति भक्तिभाव नराख्ने व्यक्तिलाई नदिनू, योग्यता पुगेको भए आफ्नो पुत्र वा आफ्नो उत्तम शिष्यलाई दिनू भन्ने निर्देशका साथ यो चौध पटलका साथै निर्वाणतन्त्र पूरा भएको छ ।

उपसंहार

निर्वाणतन्त्रमा प्रतिपादित विषयवस्तुमाथि दृष्टि दिँदा के देखिन्छ भने यस ग्रन्थमा सर्ग, प्रतिसर्ग, बाह्य ब्रह्माण्ड, अन्तर्ब्रह्माण्ड, षट्चक्रविवरण, मकारादि पञ्चतत्त्वको माहात्म्य, गुरुतत्त्व, दशार्ण मन्त्रको माहात्म्य, अवधूतको लक्षण र प्रकारभेद आदि विषयवस्तुहरूको वर्णन गरिएको छ । कुनै एउटै विषयवस्तुमा केन्द्रित नरही यस ग्रन्थमा धेरै विषयवस्तुलाई सङ्क्षेपमा समेटिएको देखिन्छ। हाम्रै शरीरको रूपमा रहेको अन्तर्ब्रह्माण्ड र त्यसअन्तर्गत सप्तस्वर्गको कल्पना, षट्चक्रको भावनाजस्ता विषयलाई केही विस्तारमा चर्चा गरिएको छ र यद् ब्रह्माण्डे तत् पिण्डे अर्थात् जे ब्रह्माण्डमा छ त्यो पिण्ड शरीरमा नै छ भन्ने तान्त्रिक मान्यतालाई स्पष्ट पारिएको छ। वीरभाव र दिव्यभावमा स्थित कौलिक साधकहरूका लागि विधिका रूपमा रहेको पञ्चतत्त्वसेवनको विषयलाई पनि यहाँ विशेष महत्त्वका साथ समावेश गरिएको छ।

सन्दर्भसामग्रीसूची

गुप्त, अभिनव (२००२), तन्त्रालोक (विवेकव्याख्यासहित), राधेश्याम चतुर्वेदी (सम्पा.), वाराणसी : चौखम्बा विद्याभवन।

गोरक्षनाथ, (२००२), रामलाल श्रीवास्तव (सम्पा.), सिद्धसिद्धान्तपद्धति, गोरखपुर : गोरखनाथ मन्दिर।

ज.ब.रा., धनशमशेर (वि.सं. २०२०), प्रबुद्धसनातनरहस्य, काठमाडौँ।

तीर्थ, तारानन्द (वि.सं. २०६४), वाममार्ग का यथार्थ स्वरूप (कल्याण, शक्ति अङ्क), गोरखपुर : गीताप्रेस।

नवमीसिंह (वि.सं. २०५४), तन्त्रचिन्तामणि (पूर्वभाग), विद्यानाथ उपाध्याय (सम्पा.), दाङ : महेन्द्र संस्कृत विश्वविद्यालय।

पौडेल, दुर्गादत्तशर्मा (सम्पा.) (वि.सं. २०६१), शिवमहिम्नः स्तोत्र, चितवन भगवती देवी पौडल।

मिश्र, परमहंस (सम्पा.) (२००२), कुलार्णवतन्त्र, दिल्ली : चौखम्बा विद्याभवन।

वेदव्यास (वि.सं. २०४५), भागवतमहापुराण, गोरखपुर : गीताप्रेस।

शास्त्री, रघुनाथ (सम्पा.) (१९४०), मेरुतन्त्र, बम्बई : लक्ष्मीबेंकटेश्वर स्टीम प्रेस।

❑❑

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

राणाकालीन अभिलेखहरू

– प्रकाश दर्नाल*

राष्ट्रिय अभिलेखालयको नेपाल जर्मन हस्तलिखित ग्रन्थ संरक्षण परियोजना अर्न्तगत परराष्ट्र मन्त्रालयका कागजपत्रहरू माइक्रोफिल्म गरी राखिएका मध्ये केही ऐतिहासिक पत्रहरू अध्ययन अनुसन्धानको लागि महत्वपूर्ण हुने हुँदा मुख्य सार सहित यहाँ उल्लेख गरिएको छ ।



*पूर्व प्रमुख, राष्ट्रिय अभिलेखालय

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

DNA 1.15.001

श्री जनरल १, श्री ३ लेपटेन्त जनरल दाज्यैज्यू२

अर्जि

उप्रांत वैसाषसुदी २ रोज ४ का दिन माथीबाट देवाधर्माको लामाले मस
गआइ डिगर्चाको क्षांजे डुंडुप र कुटुं जना २ घा गर्न आयाका छ
न. भंन्या कुरो विंति गरी, हजुरको दर्सन गर्न नेपाल जांछु भनी मस
ग विदा भैगयापछी . मेरो नाउमा माथिवाट केही चिठी आया भने
षोली..१ साहेवका हजुरमा विन्ती चढायेस भनि ढेवालिंदि
नलाई निज लामाले अह्वायाको रहेछ, वैसाष सुदी ३ रोज ५
मा १०।११ घडी दिन चढदा, सेतो धजा र भोटे अक्षारको चिठी ला
मा टांगांमा वाधी हल्लाउदै दोहरा लडाञि पऱ्याका वीचमा
दुस्मनका मानिसले गाडी गयेछ, वाहाँवाट आफिसरहरूले
मसंग पठाया र त्यो चिठी ढेवालिंदिंलाइ देषाउदा दिगर्चा
को क्षांजेनिमा डुंडुप र षजांचि दर्जाको चिनिया कुटुंले
देवाधर्माको लामालाई लेष्याको रहेछ , तेस्मा गोर्षालीले
लस्कर उठाइ लडाञि गर्न आउन आट्यो घा गरे बढीया हो
ला भंन तिमी आयेथ्यौ गोर्षालीको लस्कर वढी हाम्रा लस
करले थामन लागदा लडाञि भयाको तिमीले देष्यौ दुवै तर
फका मानिस जषं भयाको पनी तिमीलाई थाहै छ, अभ्फ था हुंछ भ
ने. ताहाको जवाफलि झुगा तिमी आउ, झुगा आउनालाई गाह्रो
मांछौ भने . झुगादेषि मनिवाट ८१ कोस वोढो घोर्मा भन्या गाउ
संम म आउछु , तिमी पनि १ वेरा ताहा आउ र जो गर्ने कुरा गरौ
ला भनि लेष्याको रहेछ र निज लामा हजुरको दर्सन गर्न यता वा
ट तेस तरफ हिड्याको पनि फिराउन पठाई हजुरवाट मलाई प
ठाइ वक्स्याको सानु छाप लाग्याको घा वंदोवस्तको वेहोरा लेषि
याको कागजवाट चाहिन्या कुरो उतार गरी, निज लामा ञांहा आ
उन्या वित्तिकै त्यो उतार तेस्का हातदी झुगातरफ पठाइ आ
फ्ना वाटाघाटा र चेवा चर्चा हेरचाह वन्दोवस्त गरी रहन्या छु
..२.. को पलटन केंरु आयापछी मद्दतलाई माथी तिर पल्टन्
थपन्या पनी छु .औ निज देवा धर्माको लामाले माथी तिरवा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ट ल्यायाको हाल तुंरत हजुरमा लेषी चढाइ पठाउन्या कां गरु
ला लडाञि तरफको षवर अघिलां अर्जि वमोजिमै छ . घट
वढ केही भयाको छैन, औ अरुं गौडाको हाल पनि सिक्षा पत्र
मा संक्षेप पठाइ वक्स्या सो बुझी दुस्मनको सिकस्ति गर्नु पर्दो रहे
छ जो मर्जि पत्रमा कंवेस पुऱ्याको क्षामा गरी वकस्या जाला अर्ति सिक्षा
पत्र आउदै रह्या सोही माफिक टहल् गरुला: विस प्रभु चरणेषुकिमधिकं
श्री मद्राज कुमार कुमारात्मज श्री जनरल जगत्सम्सेर जङ्ग कुवर राणा
जी को कोटि कोटि साष्टांग दण्डवत्सेवा सेवा सेवा---
इति संवत १९१२ साल मिति वैशाख सुदी ४ रोज ६ मु.कां कुकुरघाट शुभम्

मुख्य विषय

चिनीयाँ फौजसित लडाइँ हुनलाग्दा सन्धि गरी यसको समस्या समाधान गर्नु उचित हो भन्ने राय सहित जगत्समसेरले ककुरघाट मुकामबाट जंगबहादुरलाई जाहेर गरेको वि.सं १९१२ को अर्जिपत्र ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नं. ३८

॥स्वस्तिश्री सर्वोपमालोपमेयश्रीर्यो पार्थी दिसकलसद्गु
णमालांयकसाधिता खिलपरोपकारार्थेषु। राजमारो
द्धरणसामर्थेषु। श्रीइन्द्राइन्द्रमिनिष्टरयानकम्यानंद
इन्द्रचिरंजनरलजंगबाहादुरकुंवरजीके योग्येषु।
इतःसिचुकबालाशंकरका। सहस्रशः नमस्कारपूर्वक
अर्जीपत्रमस्त्रकुशलं। तत्रभवतांकुशलंवांछ्य
स्माभिरानन्दः। साहेब मेरे। फागुनवदी १४ रोजमे
लिखीअर्जीबन्देकी। मेलिफाके सरकारीके। और
अर्जीमिसरजयशंकरकी। मेअर्षबारलषनजीके
सदीरकुरबीरसिंहजीकेमार्फत। हजूरकीखिदम
तमेपेशीचीठणी। बादमुलाहेजेअर्जीके। बन्दा
हजूरके धर्मद्वारसे। कृपापूर्वक। अर्जियोंके
पेशकरनेका। और हुकुमनामेकालषनेका
मेसिफापत्र हजूरके। और इनायतहोने। तलब
तनख्वाहअपनीका उन्हेदवारे। अर्जीरवासे
मुलाहजे---२---के। शामिलइसअर्जीके हजूरमे
भेजीहै। सो---२---वालीनेपालके चरणोंमे गुजारे
ज्यादाअरजयेहै के। २७ महीनेके अर्सेसे। टुकडारोट
का। वालीमनदूरके दवीरसे। हमलोगोंके कलपर
नहीं बषशागयाहै। और वालीमनदूरके हुकुम
फर्मान। लालमोहरसे। और हजूरके सिफापत्रसे
भी। हमलोगोंके। सरअफराजीनकीपाईहै। बिच
इससूरतके। कोरोबार। हमलोगोंका। बहेफजरार
और बरबादहै। और हमलोग। मानपांचसे। मोहो
ताज और करजदारहैं। और कुटुम्ब मेरा भूखमरता
है। और बन्दा। करजदारीके दुःखसे मरता है।
कृपाकरके। बनजर इनसाफके। शुकी पर बरसाके
नजरशुबारिकसे। हमलोगोंकी बर्बादी और
करजदारीको मुलाहेजाफर्माकर। रुपया। हम
लोगोंकी तलबतनख्वाहका। माफिकहिसाब
दफ्तरके।---२---सेनिकासाकरके। और फर्दहिसा
ब। फुरसतले नेअपने की। बन्देवे। कसानहोर
जंगसाहेबकेमार्फत। हजूरके चरणोंमे भेजो
है। माफिकउसके। रुपयामेरा। मारदारोंकेबाबत
का।---२---सेनिकासाकरके। पाकअपने हजूरके इना
यतकरके। अथवा। उनलोगोंसेवसूलकरके।
सबजना। ४२७॥-) इतनारुपया बन्देका।
जिसतोरसेबनेनिकासाकरके। बतोरहुंडीके।
जल्दी बन्देके हालपर बषशाजावे। और जोहुकम
साचा। हजूरसेहोवे। सोमाफिकबन्दाबजालावे
ज्यादाक्याबिन्तीकरे। दिएरूपी समुद्रसे। मेरा
उद्धारकर्नेकाहजूरसमर्थहै। जानकाजान
कंहजूरमाफकरावे। सं १९४४ फागुनसुदी १३

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

DNA 1.38.003

DNA .1.38.003

स्वस्तिश्री सर्वोपमातोषमेय शौर्योदार्यादि सकल सदु
वमा लायक साधिता खिल परोपकारार्थेषु । राज भारो
ह्वरण सामर्थेषु । श्री ३ प्राइम मिनिष्टर यान् कम्यान्डर
इन चिफ जनरल जंग वहादुर कुँवरजीक योग्येषु ।
दूत: भिक्षुक बाला शंकरका । सहस्त्र शुभाशिष पूर्वक
अर्जी पत्रम । अत्र कुशल । तत्र भवतां कुशलं वान्छा
मि उप्रान्त । साहेव मेरे । फागुन वदी १४ रोज मे
लिषी अर्जी वन्द्रे की । मैलिकाके सर्कारीके । और
अर्जी मिस्तर जयशंकरकी । मै अषंवार लषनउके
सर्दार करवीर सिंह जी के मार्फत । हजुरकी षिदम
तमे पहोची होगी । बाद मुलाहेजे अर्जी के वन्दा
हजुरके धर्म द्वारसे क्रिपापूर्वक अर्जी यौं के
पहोचनामेका । और हुकुम नामे लालमोहोरका
मै सिक्षापत्र हजुरके । और इनायत हो ने तलव
तवष्वाह अपनीका उम्मैदवार है ।अर्जी १ वास्ते
मुलाहजे १ के । शामिल इस अर्जी के हजुरमे
भेजी है । सो १ वाली नेपालके चरणोमे गुजरे
ज्यादा अरजे हैके । २७ महीनेके अर्से से ।टुकडारोट
का । वाली म मदुहके दर्वार से । हम लोगों के हाल पर
नही वषशा गया है । और वाली मभदूहके हुकुम
फर्मान लाल मोहोर से । और हजुरके सिक्षा पत्र से
भी । हम लोगों ने । सर अफ्रराजी नही पाई है । विच
इस सूरतके कारोवार हम लोगोका । महै.....
और षराब है । और हम लोगोंका नामपार्चेसे मोहो
ताज और करजदारे है । और कुटुम्ब मेरा भूष मरता
है । और बन्दा करजदारी के दुखमे मरता है
क्रिपा कर्के । ब नजर इनसाफ के । गुर्वा परवरीक

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नजर मुवारिकसे । हम लोगोंकी वर्षादी और
करजदारीको मुलाहेजा फर्माकर । रुपया हम
लोगोकी तलव तनष्वाहका । माफिक हिसाव
दस्तर के ।..१... से निकासा कर्के । और फर्दहिसा
व कुछलेने अपने की । बन्देने । कप्तान शंशेर
जंग साहेव के मार्फत । हजुरके चरणोमे भेजी
है । माफिक उस्के रुपया मेरा भारादारो के वावत
का १ से निकासा कर्के । वा अपने हजुरके इना
यत कर्के । अथवा उनलोगों से वसुल कर्के ।
सव जमा ४२७० ।।।. इतना रुपया बन्देका
जिस तौर से वने निकासा कर्के । वतौर हुडी के
जल्दी बन्दे के हाल पर वषशा जावे । और जो हुकुम
आज्ञा हजुर से होवे सो माफिक बन्दा वजालावे
ज्यादा कया विन्ती करु । रिण रुपी समुद्रसे मेरा
उद्धार कर्नेका । हजुर समर्थ है । जान अजान
कसुर माफ होवे । सं. १९०४ फागुन सुदी १३ रोज ६ शुभम

मुख्य विषय

विसं १९०४ फागुन सुदि १३ रोज ६ को मितिमा सन्यासीहरूलाई हंडी खुवाउन भनी वक्सिने गरिएको रकम निकासाको लागि सरदार करवीरसिंह मार्फत बालाशंकर सन्यासीले लेखेको अर्जिपत्र

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

DNA 1.67.005/6

स्वस्ति श्री मन्निजदोर्दण्ड कमल कलित कराल करवाल निराकृतारि कदम्व श्री मद्राज कुमार कुमारात्म
जश्री श्री श्री प्राइममिनिष्टर यान् कम्यांडर इन चिफ जनरल दाज्यैज्यू १ वँवहादुर कुवर राणाजि
वर्म चरण कमलचुग लेषु . इत श्री मद्राजकुमार कुमारात्मज श्री मेजर जनरल कृष्न ध्वज
कुवर राणाजिको कोटी कोटी साष्टांग डंडवत सेवा सतम् पूर्वक पत्रमिद मय हानिक
ताहा हजुरका गात सदा कुसल मंगलोदय हुनु भया मेरो अतिपाल उद्धार होला आगे
यहाको समाचार भलो छ उप्रान्त उत्तर तर्फ लडाइ लाग्दा १९११ सालका वालिमा
यस दरवंदीले रसद वोकि जंगिगोदाममा पुऱ्याइ रसिद लिनु भन्या दस्षत भै भरमु
लुकमा गयाका हुन . दस्षतमा लेषियाका दरले आफ आफलाई लाग्न्या रसद
दुनियाले पुऱ्याया नपुऱ्यायाको रसिद जांची दरवंदी वमोजिम को रसद पुऱ्याया
का रह्यान छन् भन्या वाकि रह्याका रसदको डेढा वढिका दरले र १२ सालका वाली
मा ११ सालका दरवंदि वमोजिमको रसद जंगी गोदाममा नपुऱ्याइ वाकि राष्याको
जो छ षसोषास जाचि ठहराइ ठह्या वमोजिमका लगत रसदको अंन मुरि १ को
मोहर सपैया २।। का दरले रुपैया तहसिल गर्नु भन्या वेहोरा सहित जागिर षेत ७
षुवा रुपैया ८० सम्म षान्या र तलवदारमा मोहरू ४०० षान्या विर्ता वेषवुंन्याद
फिकढार मह्रवट ज्यूनि ढाप माना चावल मयार्उ मोहरिया घरवारि माफिना
नकार सुना विर्ता सेवाविर्ता रजवाधा किपट गुठि मठ सदावर्त मढि षेटियाष
र्च गैह्रको १२ साल्का उठति वमोजिम १३ साल्कावालिलाई तिन षंडको १षंड वि
र्तवार गैह्र जमिनवाला समाई . तिम्रा तैनाथका पल्टन कंपनिका पगरी हुद्दा
सिपाही पठाइ तहासिल गरी लि डिठ्ठा वेनी माधव पाध्या मार्फत १ चोकवु
झाई फारषति लिनु भन्या वेहोराको मेरो नाउमा सवाल पठाइ वकसनु भयाको
रहेछ . वहुत वढिया भयो. गरिप्रवर जंगि रसदको वेहोरामा अघि भेटि पश्चिम
माहाकालि पूर्वको रसदज्मा गर्नु भन्या वेहोराको सनत आउदा सोही रितसंग
रसद ज्मा गर्न्या काम भयाको हो . पछि यस दर संग रसद उठाउनु भन्या वेहोराको
दर षोलियाको दस्षत आउदा सो वमोजिम मुलुकमा हाम्रो दस्षत पठाई रस
द असुल गर्न लगाया को हो . पढि सल्यानामा ११ हजारको रसद षरिद गर्नु
भन्या अर्जि आइ राछ..... ....
.... को रसदमा कुप गरी सल्याना
का रसद वोकनालाई अडा अडा वाधि हाम्रो दस्षत गरी पठाई सल्यानाको रसद
वोकन लगायाको पनि छ . अछाममा ज्मावाधियाको रसद वोकनालाई वाजुरा
भर अम्वललाई र डोटिवाट गयाको वझांधुलि जगेरामा ज्मा भयाको रसद वो
कनालाई वझांभर अम्वललाई पनि दरवंदि वमोजिमको रसदमा कुप गरी वझां

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

धुलि जगेराको रसद वोकनालाई हाम्रो दस्षत गरी पठाई रसद वोकायाको पनि
छ . यसतरफ मुलुकमा भयाको वेहोरा विति चह्राइ पठायाको छु . असुल तहसिल गर्नु भन्या मेरा नाउमा
सवाल भैआयाका अर्थलाइ र गरिपरवर जंगि काजलाई
यकाउन्न हजार सातसय रुपैया हुँडि भै आयाका हुन तेसमध्ये असुल भै
हामी संग दाषिला भयाका रुपैयाको अनाज गैह्र आम्दानी षर्च मिलाउ
न र पल्टं कंपनि ताकलाषार जादा निजपल्टं कंपनिका मुलुकमा वाकि रहया
का वालि असुल तहसिल गरी १ मा बुझाउनु पर्‍या २ मा वुझाउन र
जागिरदारलाई बुझाउन पर्‍या जागिरदारलाई वुझाउन्या काम पनि संपुर्न भैस
कियाको छैन . फेरि यो रकम लिकन संपुर्न गरि सकुंला भन्या जस्तो नलाग्दा
हजुरमा वितिं चह्राइ पठायाको छु . म वालषपर करुना राषि वक्सी मेरा नाउ
मा भैआयाको सवालको रकममा ताहिवाट मानिस षडा गरी पठाइ वक्सा
जावस अघि म धनकुटा जादा पनि कंपुको तहसिललाई सुवेदार अजय
थापा र लेषन्या मानिस दफदरवाट गयाथ्या तहसिललाई हुद्दा सिपाहि
हजुरहरूका मर्जि वमोजिम मवाट दिइ असुल तहसिल भयाको हो गरिपरवर
अैल्हे पनि सोहि रितको वेहोरा वाधि वक्स्या ४ सय पल्टनले भेयया सम्म
तर तहासिललाई मवाट मद्दत दिन्या काम गर्दा हुँ ज्यादा हजुरका गातको छेम
कुसल सहित मलाई सिक्ष्यार्ति मेहेर भया मर्जि वमोजिम काम काज गर्दा हुँ
इति सम्वत १९१३ साल मिति भाद्र सुदि १५ रोज १ मुकाम डोटि सिलगढि

मुख्य विषय

मिति १९१३ भाद्र सुदि १५ रोज १ मा डोटि सिलगढी मुकामबाट कृष्णध्वज कुंवरराणाजीले प्रधानमन्त्री बमबहादुर कुंवर राणाजीलाई जाहेरीको लागि लडाईमा लाग्दा विभिन्न स्थानहरूवाट रसद बोकाइ पठाइएको रसद जंगीगोदाममा दाखिला गरी रसिद गरी दिएको वारेको विवरण खुलाइ पठाएको पत्र ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नं. ८२

श्री

श्री ३ महाराज

१

बीत्तीपत्र

उप्रान्त गीपावर म सवारी बाट येसतर्फ आज्ञादेषी ---- का गाथ को छेमकुसल
केही पाया कोई [illegible] आहा बनारस मा भन्या ही जो पेनियेर का अषवार मा
--- का गाथ को जुलुमिसवर सुन्दा हामी वेहोस भै रह्यां छु हजुर बाट मेहेर मा
नृगी का साथ ---- का क्षेमकुसल को सिक्ष्या लेषी वक्त्या हामी लाइ तस
ल्ली हुन्या थियो आहा जेठा मैत्रा का अर्थ लाई मैले अघी चहाई पठाया का बित्ती
पत्र बाट पैले को वेहोरा जाहेर भया के होला हाल को वेहोरा मैत्रा बाट नेपाल म
अवस्य नी छु नर मैले चार धाम नगरि जांन भनी क्रीया याया को छु चार धाम नपुयाप नी
येक धाम गराइ लाग्या मेरो क्रीया को दोस मेटी दोहो भनी मजी हुछ ताहा बाट सिक्ष्या मा
जो लेषी आउला सोही मुताबिक गरुंला अथा ता जो पी आउला सो बित्ती चहाई पठाउ
ला --- का गाथ मा तेत्तो केही पी आयेछ भन्या मैले क्या गर्न्या हो हजुर का सिक्ष्या
मुताबीक ताहा हाजीर हुन आउछु लेषदा हरफ माउ च नी च पर्या को माफ वक्त्या आव
सृ की बहु

इत श्री गुरुप्रो ही तषजी ची वामदेव पंडीत ज्यू को चतुर्वेदोक्त शुभआ
सिर्वाद

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

DNA
1.92.015

श्री
श्री ३ महाराज
१
वितिंपत्र
उप्रान्त गरिपरवर म सवारीवाट यसैतर्फ आयादेखि १ का गाथको छेमकुसल
केही पायाको याहा वनारसमा भन्या हिजो पेनियरका अषवारमा १
का गाथको जुलुमि षवर सुन्दा हामी वेहोस भै रह्या छु हजुरवाट मेहेरमा
नगीका साथ १ का क्षामकमलको सिक्ष्या लेषि वकस्या हामी लाई तस
ल्ली हुन्या थियो ञाहा जेठा मैञाका अर्थलाई मैले अधी चह्राई पठायाका विन्ती
पत्रवाट पैलेको वेहोरा जाहेर भयाकै होला हालको वेहोरा मैञावाट नेपाल म
अवस्य जांछु तर मैले चारधाम नगरि जान्न भनी क्रीया षायाको छु चारधाम नभया पनि
येकधाम गराइ लग्या मेरो क्रीयाको दोस मेटीदो भनी मर्जी हुंछ ताहावाट सिक्ष्यामा
जो लेषी आउला सोही मुताविक गरुंला अर्थात्तर जो परि आउला सो विन्ति चह्राइ पठाउ
ला १ का गाथमा तेस्तो केही परि आयेछ भन्या मैले क्या गर्न्या हो. हजुरका सिक्ष्या
मुताविक ताहा हाजीर हुन आउछु . लेषदा हरफमा उचनीच पऱ्याको माफ वक्स्याजाव
स् कींवह'
इत श्री गुरु प्रोहीत षजांची वामदेव पंडीतज्यूको चतुर्वेदोक्त सुभ आ
सिर्वाद

मुख्य विषय

जेठी मैया साहेवलाई चारधाम यात्राका लागि जाँदै गर्दा अकस्मात सन्चो नभएकोले चारधाममध्ये एउटा धाम भए पनि दर्शन गराई हाजिर हुन आउछु भनी गुरुप्रोहित षजांची वामदेव पंडितले श्री ३ महाराजलाई लेखेको बिंतिपत्र ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विनतिपत्र

श्रीमान् अभिनिका कामलाई श्रीमित्रा को सर्दार रत्नमानसिंह राजभंडारि थकस्वैले
साचगर्नु पर्दार अरु पनी परिआया को काज काम गर्नु पर्दा सबैजिल्ला मा आफ्नु
गिजा चढुरुक्म सक्कोरहेनछ मोरंजिल्ला मा पनि २।३ गाउं सिवाना का लत्ता विर्ग्रो झं
गरेजनर फवाट हाम्रा जिल्ला मिचिया को छ भनि रयेनछ करणन आया का छन्
सर्दार रत्नमानसिंह राजभंडारि भाइ हामोर मान आया को ३।४ वर्ष भयो भन्या छन्
भाइ का मानिस हरुलेमं संगविंति पनि गर्या मेले पनि बुझि हेर्दा सिवाना मिचिया
को साचो ठहर्यो मेरा चिन्ले पनी नजविजगर्दा सिवाना को र पुलीसगना को १ ज
नाले माचकाम भियाउन्याछेनन् भन्या ठहराई ३ भाग गरिदिया सिवाना पुलीसगा
ना को काम बेस गरिहोला मोरं सप्तरि १ जनालाई सुनसरि सर्लाहि १ जनालाई रो
हहट वाट पर्सा विनवन् यानि सर्दार रत्नमानसिंलाई गरिएक्या ---- को सिवा
नामिचा को पनि सचिन्या थानापुलिस को काम पनि चलन्याछन् सर्दार रत्नमान
सिंह राजभंडारिले काम नगर्-या को भन्या रहेनछ धेरै काम हुदा भियाउनन सक्या को रहे
छ यस्मा कसो गर्न्या होभनि विंति पर्दा ---- २ ---- वाट निमिलेयो नजविजबढिया ग
न्याछेन यस्का म को वन्दोवस्त लाई निम्नानजविजले अमरदल कंपनी काजवानुम
धे ७ नेजिल्ला मा मित्रा अनुसार दामासाहि गरि ३ फांट गरिदिनु भन्या मेरा नाउ मा गरि
एक्या का रुक्का को नकल १ यसै सुरुमा ३ फांट गरि मेले गरिदिया का दस्तुरकान
कल ३ सर्दार रत्नमानसिंह राजभंडारि का नाउमा अमरदल कंपनी काजवानुम धे
येती दिनु भन्या रुक्का को नकल १ ला पृथ्वीसुवाहरुलाई मानाचावल बक्स्या का रु
क्का दस्तुरकानकल २ स्मानकल किल्ला ७ चुहाई पठाया का छन् सबैविस्तारन
सर भेजाहेर होला अबई अभिनिका मगर्न्या कानाउमा पठाइ बक्सनु पर्न्यास
वाल कबुलियेनु र विछ्याउनाबढिवस्ता कागज मसिनेलवत्ति अभिनिलाई अ
घिदिया को छ भन्या नेसै मादामासाहि गरि पठाइ बक्स्याजाला अघि गया को
रहेनछ भन्या हजुरवाटनजविजगरिबक्सी बढिवस्तागेहस्नेन चाडो पठाइ बक्स्या
बढिया होला औं हिजोबेदामादारोगा काल्या पट्टि ५ हा[illegible] बक्स्या को अ
सलदोदना महोला १ जोयादारोगा पट्टि सठाउर १ पक्रिया पस्यालाभाग्न्या
जागिन्याहरु सबैको २२ साल को वालीथुनि दिनु भनि लेखी पठाउनु भन्याछन्
भयो र विंति चुहाई पठाया को हो हिजोरात्मा कोणेलरगा सिंघदक्षचौकीमारी १ क
मारे १ भोज्या भरिया २ र इत्तायन् पद्मनाभपाध्या को कमारो १ चिनुवादार १
पनि भागिरह्याछन् लेखना को उवानी चामाक गरिबक्स्याजाला विशेषरगो
ष्ठकिमधिकंइतिसंवत १९०१ साल मिति चैत्र सुदि १३ रोज ३ मुकाम थेर बोल्न

ओम्

श्रीमद्राजकुमारकुमारात्मज पश्चिमतर्फ का कर्मी
डिङ्गजनरल श्रीजगत्सम्भरजङ्गबहादुरराणा को कोटि
कोटि माल्दीगउ गउवरुसेवा

DNA 1.78.013

वितिपत्र

उप्रांत अमिनिका कामलाई ७ जिल्लाको सर्दार रत्नमानसिं राजभंडारी यकलैले
मात्र गर्नु पर्दा र अरु पनी परि आयाको काजकाम गर्नु पर्दा सवै जिल्लामा आफु पु
गि जाचवुझ हुन सक्तो रहनेछ . मोरंजिल्लामा पनि २ । ३ ठाउ सिवानाका लठ्ठा विग्री अं
गरेज तरफवाट. हाम्रा जिल्ला मिचियाको छ भनि रयेतहरू कराउन आयाका छन्
सर्दार रत्नमासिं राजभण्डारि याहा मोरंमा नआयाको ३४ वर्ष भयो भन्या कुरा
याहाका मानिसहरूले मसंग विंति पनि गर्‍या . मैले पनि वुझि हेर्दा . सिवाना मिचिया
को साचो ठहर्‍यो . मेरा चित्तले पनि तजविज गर्दा सिवाना को र पुलीस ठानाको १ ज
नाले मात्र काम भियाउन्या छैनन् भन्या ठहराई ३ भाग गरि दिया. सिवाना पुलिस ठा
नाको काम वेस गरि होला . मोरं सप्तरि १ जनालाई महुतरि सर्लाही १ जनालाई रौ
तहट वारा पर्सा चितवन यति सर्दार रत्नमानसिंलाई गरी वक्स्या १ को सिवा
ना विग्ग्राको पनि सचिन्या ठाना पुलिसको काम पनि चलन्या हुन्छ सर्दार रत्नमान
सिंराजभडारिले काम नगर्‍याको भन्या रहेनछ धेरैकाम हुदा भीयाउन नसक्याको रहे
छ यस्मा कसो गर्न्या हो भनि विंति पार्दा २ वाट तिमिले यो तजविज वढिया ग
र्‍याछौ यस्कामको वन्दोवस्तलाई तिम्रा तजविजले अमरदल कंपनीका जवान म
ध्ये ७ तै जिल्लामा निल्लअनुसार दामासाहि गरि ३ फाँट गरी दिनु भन्दा मेरा नाउमा गरी
वक्स्याका रुक्काको नकल १ यसै मुद्दामा ३ फाट गरि मैले गरिदियाका दस्षतकान
कल ३ सर्दार . रत्नमानसिंराजभडारिका नाउमा अमर दल कंपनीका जवान मध्ये
येती दिनु भन्या रुककाको नकल १ लापच्या सुवाहरूलाई माना चामल वक्स्याका रु
क्का दस्षतका नकल २ ज्मा नकल कित्ता ७ चह्राई पठायाका छन् सवै विस्तार न
जर भै जाहेर होला अवई अमिनि काम गर्न्याका नाउमा पठाइ वक्सनु पर्न्या स
वाल कुवुलियेत र विछाउना वहीवस्ता कागजमसि तेल वत्ति अमिनिलाई अ
धि दियाको छ भन्या तेसैमा दामासाहि गरी पठाई वक्स्याजाला अघिगयाको
रहेनछ भन्या हजुरवाट जतविज गरिवक्सी .वहिवस्ता गैह्र स्मेत चाडो पठाइ वक्स्या
वढिया होला औ हिजो षेदामा दारोगा काल्पा पट्टि १हावदामा मिस्कयाको अ
सल दोदता मझौला १ जोषादारोगा पट्टि सछाउर १ पक्रिया यसपाला भागन्या
जागिर्‍याहरू सवैको २२ सालको वाली थुनि दिनुभनि लेषि पठाउनु भन्या हुकुम
भयो र विति चह्राइ पठायाको हो . हिजोरात्मा कर्णेलरणसिं षतृ क्षत्रीकी कमारी १ कमारो भोग्रा भरिया २ र
इन्सायन पदनाभपाध्याको कमारो १ चिरुवादार १
पनि भागि रह्याछन . लेषनाको उचानिचा माफगरी वक्स्याजाला विग्येचरणे
षु किमधिकं इति सम्वत १९२१ साल मिति पौष सुदि १३ रोज ३ मुकाम वैरवोला
शुभम
इत श्री मद्राजकुमार कुमारात्मज पश्चिमतर्फका
कम्याडिंङ जनरल श्री जगत सम्सेर जङ्ग कुवर राणाको कोटि कोटीमा ष्टांगडण्डवत सेवा

मुख्य विषय

मोरंगदेखि चितवनसम्म तराइको अमीनी काम रत्नमानसिं राजभण्डारीलाई तोकिएको उनले काम नभ्याएको र सीमानामा अंग्रेज फोजले सीमा मिच्न थाल्यो भन्ने गुनासोहरू आएकोमा छानवीन गरी जनरल जगत समसेरले श्री ३ जंगबहादुर राणाकन जाहेर गरेको बिंतीपत्र

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नं. ७२ पृ.-

राजा नागेन्द्र मौ वनाथ - श्रीहिंदत्त
१ २

अभि-

ऊँ श्रीगणेशाय नमः कार्तिक सुदि ३ रोज ३ मा लेखि वक्त्मा को हुकुमपत्र येकुदि ४ रोज ३ का पाछा घडी रात बाकी मा आईपुग्यो थिस्तार हुदा हुदा पछि सिरुचछपा कम्याण्ड र कर्णेल लाई र अगाडि लं पर्‌या गयाका - १ पोलिस्तार मार्‌या का - १ ई ३ पल्टन का पगरि ल्याई चिठि लेखी वक्त्मा भाजा को रहेछ त्यो चिठि मा हात आई पुग्नि मात्र तिमिले बोली हेरि फेरि अलछ पर्‌या त्यो चिठि के हो भन्या कम्याण्ड र कर्णेल सबका छक्क छुई पुग्न्या गरि नाङ्गो खाडा राख्या गरि पठाई दिन्या कोगर छिन् तुरन्त मा यस भागेलेखी वक्त्मा का अर्थ मार्जि बमोजिम चिठि बोली हेरि के रहेछ जनुपर्‌यो धन्दगरि मानाको रात्या जगहि चाडो चाडो हिंडा ई नु भन्या हुकुम कि हेर लाई उहिं दि हिंडाई दिन्या काम गर्‌या औलेराजा गाउँमा आ या का हुकुम का कौज भोजाउ पुग्या को छैन भोर पुग्या को भया - २ पल्टन आई राम न्याधिपन अब आधि बाले पर का कम्याण्ड र कर्णेल लगाया का २ पल्टन बनि चुके छन् - ३ - पल्टन लेस्ट गरि मा १ पल्टन भैरामा गाउँमा आया को भोज को अमल गर्‌या छन् वे हरु अदल गरि लेखी आया को रहेछ जाहा बाट चाडो चाडो गरि पठाई दिन्या काम गर्‌या थिए तरफनि अगाडि पाल्पो र पिपलानि गाप छि र आ को धोपे विचबिचमा गोरखी वो पर हीडा ई छ त्यो आजता चुर आलेकाको वा दिनि भ्रम्या छन् हुकुम का काम देसपर्‌या को क्षमता र अधिवक्त्मा जाहेर विभु चरण कमलेषु किम धी कर्मे -

द्वाधीश महाकुमार कुमार समर श्री जनरल जगत समशेर जंगबहादुर
राणाजिको कोटिको रहाछ हाँडा सेवा महत्वम

ई सिम्बत १९७२ साल मिति कार्तिक सुदि ४ रोज ३ मो काम चुर आलेकाको वा भुक्त -

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

DNA 1.72.011

श्री

श्री पुरानागोरखनाथ भैरवनाथ　　श्री देविदत्त

१　　२

अर्जि

–उप्रान्त कार्तिक सुदि ३ रोज २ मा लेषि वक्स्याको कृपापत्र ये सुदि ४ रोज ३ का पाच घडी रात वाकि

–मा आइपुग्यो विस्तार हरफ हरफ पछि सिर चढाया .कम्याडंर कर्णेललाई र अगाडि लं

–वरमा गयाका १ पांसिटारमा रह्याका २ ई ३ पल्टनका पगरीलाई चिठी लेषि वक

–लि आयाकोरहेछ .त्यो चिठी त्याहा आई पुगनि मात्र तिमिले षोली हेरी फेरि कलम वन्द

–गरी त्यो चिठी केरुंमा कम्याडंर कर्णेल सनकसीं षत्री छेउ पुगन्या गरी चाडो चाडो रातसा

–ज गरी पठाई दिन्या कां गर ढिलो हुन नजावस भनी लेषि वक्स्याका अर्थ मर्जि वमोजिम

–चिठी षोलि हेरी फेरि कलम मारि वन्द गरी रमानाफिरि रात साजगरी चाडो चाडो हिडा

–उनु भन्या हुलाकिहरूलाई उर्दि दिइ हिडाइ दिन्या काम गऱ्या अैल्हे रामा गाउमा आ

–याका दुस्मनका फौजको जोर पुग्याको छैन जोर पुग्याको भया २ पल्टन जाइँ राष

–न्या थीएन . अव अघिल्लालंवरका कम्याडंर कर्णेलसंग गयाका २ पल्टन पनि पुगेछन

–२ पल्टनले स्मेत गरी ज्मा ३ पल्टन भै रामागाउमा आयाको फौज को ध्वस्त गर्न्या छन् वे

–स असल गरी लेषि आयाको रहेछ ञाहावाट चाडो चाडो गरी पठाई दिन्या काम गऱ्या वेस

–तरफ पनि षजाना पाल फौज पिपा षलासि जो पछि रह्याको थियो विचविचमा वास राषि

–वरोवर हिडाउदै छु. आजता चतुर आलेका पौवादेषि निपुन्याछन् हरफ मा कम

वेसपऱ्याको क्ष्यमा राषि वक्स्या जावस विज्ञचरण कमलेषु किमधीकम

इत श्री महाराजकुमार कुमारात्मज श्री जनरल जगत सम्सेर जंग कुवर

राणाजिको कोटी कोटी साष्टाङ्ग डण्डवत सेवा महश्रम

ईति सम्वत १९१२ साल मिति कार्तिक सुदी ४ रोज ३ मोकाम चतु आलेको पौवा शुभम

मुख्य विषय

केरुंगको लागि थप तीन पल्टन कर्णेल सनकसिंह खत्रीमा पुग्ने गरी जनरल जगत समसेरले फौज माग गरी चतुराली पौवा मुकामबाट पठाएको अर्जिपत्र । वि.सं. १९१२ कार्तिक सुदि ४ रोज ३ । शुभम्

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्रीरेफेज देवी दत्त गनेम दल धरज

१ २

अर्जि

उघान्त हजुरका आसिर वादले आनन्द पूर्वक आज गर्दा खाइउन्मा कु
शलैले मा आजकाल जनले साह्रै कठिन पर्‍या कोहि कदाचित पाइयो न
न्मा पनि मोहोरको येकमा नाआधा मात्र पाइन्छ पर्‍या अवर जेवी आउ
छ कम्पीहर करौंजिजे केरेमा सोहे गेहोछ आडपथाउ बनाउन पनी कुदेन
रसद पनि राम्रो कुदेन आडपनी पार्सिंधार मा बनाउन पर्छ पार्सिंधार
को छुंदि गाउमा रसद पनी राख्न पर्छ अब आयाको रसद पार्सीधारको
छुंदि गाउमा भर्न पर्छ भनि प्रोहित चतुर्भुजदत्त अर्ज्याल आइ र गोदामा
रहन्या हेरु आइ जेवी पठाया का रक्षा छन भलाइ पनी भैंचे यो अगेाट गर्या
कोछु हजुर बाट पनि प्रोहित गेहु गोदी मा र हन्या हेरु आइ यहि वेहोरा हजु
र बाट पनी जेवी पक्या बढिया कुदो हो भनी निज कम्पीहर करौंजि वे जेवी
पठाया कोथियो अथियो विहोरा हजुर बाट पार्सि भै पार्सि को विकट
आइ आडथामी अरु छाउनी आड भत्काइ केरुसहर भीत्र पारि आ
ड पनी बनाउन पछ्न का लर्नगा नउन्मा का पनी बनाउन भन्या वेहो
रा जेवी गर्या को थियो आज कम्पीहर करौंजिजे यो विहोरा जेवी पठाउ
दा मेरा जाविस मा पनि आगेा न र केरुंगे मा रसद भर्न पर्छ केरुसहर भीत्र
पारि आड पनी बनाउन पर्छ पार्सिंधार मा आड पनी कुदेन छुंदि गाउ
मा रसद भर्न पनी कुदेन भनि जेवी पठाया कुगा आइ दाउराका नाकि
ति आइर मोसेय केरु उगाइ केवा औंस्वादि पनी कुरुर आउन फर्की गर्ये
छ कुरुर घाट मा आड बनाउना लाइ -- १ -- ६ पल्ल्व आम्मा
को रक्षा छन ६ आउन्या घाइत्या हरु मध्ये केसे केसें का लर्च पनी
मकी थाको रेछ र घाहेरि वाटा लर्च येक रुपेया २ ६ रुपेया दिन्या को
गर्या हर्फ मा के देखें पर्‍याको छे भाराबी वक्त्या नाला विज्ञ चेलेज किम
विकम

इतश्री जनरल जगत्समेर जङ्ग कुवररणा
जी को कोटि कोटि साष्टाग डंडवत बेहर्ष
हर्षम

इतिसम्वत १९८२ साल मिति मार्ग सुदी ६ रोज ७ मोकाम गरान अम्म

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

DNA 1.70.09

श्री रेफेल देवी दत्त गनेस दल धरम

१ २

अर्जि

उप्रान्त हजुरका आसिरवादले आनन्दपूर्वक संग आज गरा आइपुग्या झु
गा केरुंमा आजकल नुनले साह्रो कठिन पऱ्याको छ . कदाचित पाइयो भ
न्या पनि मोहोरको येकमाना आधा मात्र पाइन्छ भन्या षवर लेषि आउ
छ कम्याडंर कर्णेलले केरुंमा साह्रै गाह्रो छ आडपयाड वनाउनु पनि हुदैन
रसद पानी राषनु हुदैन आड पनि पासिंटारमा वनाउनु पर्छ पासिंटार
को छुदी गाउमा रसद पनि राषन पर्छ अव आयाको रसद पासिंटारको
छुदी गाउमा गर्नु पर्छ भनि प्रोहित चतुर्भुजदत्त अर्ज्यालललाई र गोदांमा
रह्न्याहरूलाई लेषि पठायाका रह्याछन मलाई पनि मैले यो अठोट गऱ्या
को छु हजुरवाट पनि प्रोहित गैह्र गोदांमा रह्न्याहरूलाई यही वेहोरा हजु
वाट पनि लेषि वक्स्या वढिया हुदो हो भनि निज कम्याडंर कर्णेलले लेषि
पठायाको थियो अघिको वेहोरा हजुरवाट मर्जि भैपासिंको विकट
लाई आड थामि अरु छाउनी आड भतकाइ केरुं सहर भीत्र पारी आ
ड पनि वनाउनु छ पल्टनका षलंगा नपुग्याका पनि वनाउनु भन्या वेहो
रा लेषि गयाको थियो आज कम्याडंर कर्णेलले यो विहोरा लेषि पठाउ
दा मेरा तजविजमा पनि लागेन र केरुगमा रसद भर्नु पर्छ केरुंसहर भीत्र
पारी आड पनि वनाउनु पर्छपासिंटारमा आड पनि हुदैन छुंदिगाउ
मा रसद भर्न पनि हुदैन भनि लेषि पठाया झुंगालाई दाउराका तर्ताकि
नि लाइर नौ सये केरुं उठाइ ढेवा षांस्वादि पनि कुकुरघाट तर्फ गये
छ कुकुरघाटमा आड वनाउनालाई ..१ .. ६४ पल्टन लाग्या
को रह्याछन इ आउन्या घाइत्याहरू मध्ये कसै कसैका षर्च पनि
सकियाको रहेछ र घा हेरी वाटा षर्च येक रुपैया २ इ रुपैया दिन्या कां
गऱ्या हर्फमा कं वेस पऱ्याको छेमा राषी वक्स्या जाला विज्ञचर्नेसुकिम
धिकम्

इत श्री जनरल जगत्सम्सेर जङ्ग कुवर राणा
जीको कोटी कोटी साष्टांग डण्डवत सेवा सुभम

इति सम्वत १९१२ साल मिति मार्ग सुदि ६ रोज ७ मोकाम गरान सुभम्

मुख्य विषय

केरुङमा नुनको अभावले निकै सकस भैरहेको हुँदा मुकाम अन्त सार्ने होकि भनी प्रोहित तथा गोदाममा रहनेहरूलाई सम्बोधन गरी केन्द्रबाट नै पत्र पठाउन जरुरी देखी जनरल जगत समसेरले लेखेको अर्जिपत्र ।

वि.सं. १९१२ मार्ग सुदि ६ रोज ७ शुभम्

❑❑

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सुर्खेत काङरि विहारको पुनर्निर्माण तथा ऐतिहासिक अध्ययन

– देविचन्द्र श्रेष्ठ*

दिक्करि कूर्म कुलाचल फणिमति विधृतापि चलति वसुधेयम्
प्रतिपन्नम मल मनसां नचलति पुंसा युगान्तेपि ।
- खसानी अभिलेख

नेपाल मण्डलमा भुकम्पको इतिवृत्त वडो लामोसँग अभिलेखीकृत पाइन्छ । तर अन्यत्र भने त्यसो अभिलेख कतै भेटिएको छैन ।

नेपालको दोस्रो अभिलेख क्षेत्र कर्णाली प्रदेशमा भेटिन्छन् । तेस्रोमा पर्छन मिथिलाञ्चल । अन्यत्र भने त्यति पुराना अभिलेख कतै भेटिएको छैन ।

अब यहाँ प्रस्तुत गर्न खोजिएको विषय भने खस राज्यमा भुकम्प गएपश्चात् विदिर्ण अवशेष हो । सुर्खेत स्थित काक्रेविहारले नेपालको ईतिहासविद्हरू सबैको ध्यान केन्द्रित गरेको छ यसले सुर्खेत काक्रे विहारले सुर्खेत काक्रे विहारमा ध्वंशावशेष को चर्चा नेपालमा कहिले देखि भयो भनेर खोज्दै गर्दा यसलाई शुरुमा चर्चा गर्ने इतिहासविद् हुन योगी नरहरिनाथ । उनी भन्दा अगाडि यस क्षेत्रमा अभिलेखहरूको खोजि गर्ने चेतमा नै कसैमा देखा पर्दैन किन ? प्रजातन्त्र अगाडि नेपालको इतिहास खोजी गर्ने कुनै विदेशीको समेत यस तर्फ ध्यानाकृष्ट भएको पाईदैन ।

खस मण्डलको इतिहास अनुशीलन गर्दा सुर्खेतको पहिलो चर्चा गर्ने अधिराज रिपु मल्ल हुन् । शुरु देखि नै खस मण्डल बौद्ध धर्मानुयायी भएर नेपालको इतिहासमा देखा परेको छ । त्यसैले नेपालमा बौद्ध धर्मको ईतिहास खोतल्दा खस मण्डललाई कतै छुटाउन सकिँदैन । अब आउँछ सुर्खेतमा बौद्ध विहारको चर्चा गर्ने प्रसंग सुर्खेतमा महायान बौद्ध धर्म ग्रन्थ अभिसमयालंकार लेखाउने काम रिपुमल्लले सं १३७० (ने.सं.४३३) मा गरेका रहेछन् । अब यो ग्रन्थ सुर्खेतमा कहाँ बसेर लेखियो भनेर विचार गर्दा निश्चत रुपमा यहीँ विहार नै दृष्टि गोचरमा आउँछ । यसबाट सुर्खेतमा बौद्ध विहारको अस्तित्व प्रमाणित गर्ने ऐतिहासिक दस्तावेज नै यस ग्रन्थको पुष्पिका वाक्य देखा पर्छ :

" सम्वत् १३७० फल्गुण वदि २ शनिदिने ।
सुर क्षेत्रे (सुर्खेतमा)
राजराजेश्वर लोकेश्वर श्री रिपुमल्ल देव राज्ये ।।"

'अभिसमयालंकार' बौद्ध ग्रन्थको प्रस्तुत पुष्पिका वाक्यले सुर्खेतमा बौद्ध विहारको अस्तित्वलाई प्रमाणित गरेका छन् । त्यसैले सुर्खेतमा बौद्ध बिहार थियो भनी निश्चयका साथ भन्न सकिन्छ । यही उद्धरण नै सुर्खेतमा बौद्ध विहारको अस्तित्व जनाउने अभिलेख पनि हो ।

उक्त चर्चित 'अभिसमयालंकार' बौद्ध ग्रन्थ इतिहासको कुनै कालखण्डमा नेपालबाट पश्चिम तिब्बतको पोस्कान गुम्बा (spos-kian) मा पुगेर सुरक्षित

*आर्थिक इतिहासविद्

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

रहेको ऐतिहासिक उद्धरण भेटिएको छ । अब यो ग्रन्थ सुर्खेतको विहारबाट कहिले कसरी उपर्युक्त तिब्बतको गुम्बामा पुगेको रहेछ, त्यो फेरि नेपालमा अध्ययनको अर्को पाटो रहेको छ । सुर्खेतमा रहेको बौद्धविहार भूकम्पले ध्वस्त पारेको समयबाटै त्यहाँ रहेको यो ग्रन्थ तिब्बतमा पुगेको निष्कर्ष निकाल्न सकिन्छ । यो ग्रन्थ नेपालको इतिहास अध्ययनार्थ खास अभिलेखको रुपमा सुरक्षित राख्नुपर्ने भएकोले त्यस तर्फ नेपाल सरकारको माध्यमले लेखापढी गरी नेपालमा नै फिर्ता ल्याएर सोही सुर्खेतको विहारमा पुनर्स्थापित गर्नुपर्ने दायित्व थपिएको छ ।

उपर्युक्त रिपु मल्लको प्रशस्तिमा 'राज राजेश्वर, लोकेश्वर' भनेर जनिएको देखिनाले उनको बौद्ध धर्म प्रतिको आस्थालाई नै व्याख्या गरिरहेको कुरा जनाउँदछ । यतिले मात्र होईन, उनले आफ्नो राजधानी सिंजामा राखेको अर्को अभिलेखद्वारा पनि रिपु मल्लको बौद्ध निष्ठालाई नै व्यक्त गरिराखेको छ :

लोकनाथ पदध्यान लघुरत्न त्रयाभिधा ।
लिखिता रिपु मल्लेन विद्या सवार्थसाधनी ।।

सिंजा चौकीखाडामा रहेको विशाल शिलाखण्डमा यो श्लोक उत्कीर्ण पाइन्छ । मैले आफ्नो सिंजा भ्रमणमा पनि यस अभिलेखलाई प्रत्यक्ष देखेको छु । यसबाट ' लघुरत्नत्रय ' नामक महायान बौद्ध स्तोत्रको प्रणमन गर्ने काम पनि उनले आफनो राजधानीमा गरेका छन् भन्ने कुरा व्यक्त हुन्छ ।

रिपु मल्लको नेपाल मण्डल यात्रा :

अब रिपु मल्लको सम्बन्धमा एउटा अर्को ऐतिहासिक घटना पनि जोडिन आउँछ । उनले सुर्खेतको विहारमा 'अभिसमयालंकार' लेखाएर राखेको वर्षमा नै उनले नेपाल मण्डलको यात्रा पनि गरेको पाइन्छ ।

ने. सं. ४३३ (सं. १३७०) मा सम्पन्न उनको नेपाल यात्रा इतिहासमा बडो उच्च मूल्याङ्कनका साथ अंकित पाईन्छ । उनले त्यतिखेर पाटन मछिन्द्रनाथको मूलघाट वुंगमतीमा गएर महास्नानमा सरिक भएर त्यहाँ नाथको लागि आफ्नो तर्फबाट घोडा समेत चढाएका थिए ।

त्यहाँबाट उनी कान्तिपुर स्वयंभू महाचैत्यको दर्शनमा आउँदा यही चूढान (चूडाकर्म) राखेका जवान सबैलाई भोज खुवाए । यहाँ उनको बसाई १८ दिन रह्यो । यसलाई उनको बौद्ध तीर्थयात्रा भन्न सकिन्छ ।

यसै अवसरमा रिपु मल्लले पशुपतिनाथको पूजा पनि गरे । यस पूजामा उनलाई पशुपति लिङ्ग छोएर पूजा गर्ने विशिष्ट अवसर समेत दिइएको थियो ।

रिपु मल्लको उपर्युक्त नेपाल मण्डल यात्रालाई बडो महत्वका साथ नेपालराज वंशावली (गोपालराज वंशावली) यसरी अंकित गरिएको छ :

"सं. ४३३ फागुन कृष्ण पादो खसिया राजा रिपु मल्लन वुंगस न्हवन याड. सह आदिन हुन्ता ग्वलम् भ्रान्हस प्रसं चोडा, येन्देन्चैत्यस वान्हसवति भोजयाडा दिन १८ वसरपा लिस ।"

रिपु मल्लको प्रस्तुत नेपाल यात्रा विशेष स्मरणीय रहेको छ । यस अघिका खस हमला जसरी यो यात्रा रहेको छैन । यो यात्रालाई खस–नेवार सम्बन्धको नयाँ आयामका रुपमा सम्झिएको छ ।

रिपु मल्लको लुम्बिनी तथा कपिलवस्तु यात्रा :

रिपु मल्ललाई सम्झनु पर्ने अर्को खण्ड पनि परेको छ । उनी नेपाल यात्रामा आउनु अगाडि बुद्धको जन्मस्थल लुम्बिनी तथा प्राचीन शाक्य राजधानी कपिलवस्तुको यात्रा पनि गरेका छन् । त्यतिखेर खस साम्राज्य भित्र यी तीर्थस्थल रहेकाले यहाँ उनको यात्रा चिरस्थायी राख्न संक्षिप्त अभिलेख नै खोपिएका छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

"ॐ मणि पद्मे हुँ"

रिपु मल्ल श्चिरं जयतु, संग्राम मल्ल जय : ।"

लुम्बिनीमा रहेको अशोक स्तम्भमा नै उपर्युक्त अभिलेख अंकित छ । त्यतिखेर कपिलवस्तु पनि बौद्ध तीर्थमा समाहित थियो जुन बुद्धकालमा शाक्य राजधानी नै थियो त्यसैले त्यहाँ पनि रिपु मल्ल पुगे । त्यहाँ रहेको अर्को अशोक स्तम्भमा नै आफ्नो यात्रा पनि भएको अंकित गराए

ॐ मणि पद्मे हुँ ।

श्रीरिपु मल्ल श्चिरं जयतु १२३४ (ने. सं. ४३२)

रिपु मल्लको यस अभिलेखमा जनिएको १२३४ (ने. सं. ४३२) शक सम्वत्का रुपमा अंकित पाईन्छ । उनी सम्भवत: यस यात्राको लगत्तै नेपाल मण्डलको यात्रामा हिडेका थिए । उनको लुम्बिनी अभिलेखहरूले के–के प्रष्ट हुन्छ भने त्यतिखेर सम्म पनि लुम्बिनी र कपिलवस्तुको बौद्धतीर्थ लुप्त भएका थिएनन् साथसाथै यी तीर्थस्थल खस साम्राज्य भित्र नै समाहित रहेका थिए । तसर्थ, नेपालको महायान बौद्ध मन्त्र "ॐ मणि पद्मे हुँ" लाई लुम्बिनी – कपिलवस्तु सम्मै गूञ्जायमान राख्न पनि उनी सफल भए । यसले त नेपाललाई बौद्ध संस्कृतिमा नै नयाँ आयाम थपिएर रहेको पाईन्छ ।

तसर्थ नेपालको बौद्ध धर्मकै इतिहासमा खस साम्राज्यको योगदान स्वरुप नयाँ व्याख्या दिनुपर्ने तथ्य देखा पर्छ । साथै यसबाट विश्व बौद्ध इतिहासमा नै नौलो प्रकाश छर्ने अर्को आयाम हुन सक्छ ।

लुम्बिनी अशोक स्तम्भमा रिपु मल्लका साथ उनका छोरा संग्राम मल्लको नाम रहनु पनि अर्थपूर्ण मान्न सकिन्छ । खस साम्राज्यको इतिहासमा अन्त कतै चर्चित नदेखिएको संग्राम मल्ल लुम्बिनी अभिलेखमा अंकित पाइनुले इतिहासमै नयाँ व्याख्या दिनुपर्ने अवस्था पर्खिरहे जस्तो लाग्छ ।

सुर्खेतमा महायान बौद्ध विहार:

अब सुर्खेतमा निर्मित महायान बौद्ध विहारको सम्वन्धमा चर्चा गर्नु अत्यावश्यक हुन्छ । यो विहार त्यहाँ कहिले बन्यो त्यसको अभिलेख लोप भइसकेको छ । तर खस साम्राज्यको इतिहास खोतल्दा क्राचल्ल देखि अलि स्पष्ट हुँदै आएको छ । उनका छोरा अशोक चल्लको बौद्ध धर्म कीर्ति आफ्ना साम्राज्य बाहिर समेत बिस्तार रहेको पाइन्छ । भारतको बुद्ध गयामा रहेका अशोक चल्लका दुईटा अभिलेखहरू सं.१३१२ र १३३२ मा स्थापित पाइन्छन् ।करीब २० वर्षको फरकमा यी दुईटा कीर्तिमानको स्थापनाले खस साम्राज्यको विस्तारका धेरै कुरा व्यक्त गर्दछन् । संभवत : त्यतिखेर नै सुर्खेतमा पनि नयाँ बौद्ध विहार निर्माण भएको हुन सक्छ ।

अशोक चल्ल पछि खस सम्राटहरू थर परिवर्तन गरी मल्ल भएका छन् । अशोक चल्लका छोरा जितारी मल्लको समयदेखि उनीहरूले नेपाल मण्डलमा आँखा गाडेका हुन् । उनको पहिलो नेपाल आक्रमण सं. १३४४ पुष महिनामा भयो ।(ने.सं.४०७) । त्यसपछि अर्को वर्ष आक्रमण भयो दोस्रो बाजी । अनि, सं. १३४६ (ने.सं.४१०) मा तेस्रो पटक पनि हमला पनि भयो । यसरी लगातार ३ पटक खस हमला भएपछि नेपाल मण्डलको राजनीतिक इतिहासमा खसहरू पनि स्थापित भएको चर्चा पाइन्छ ।

जितारि मल्ल पछि उनका भतिजा रिपु मल्लको शासन देखापर्छ । उनको शासनमा खस साम्राज्यको चरित्र केही बदलिएको देखा पर्छ । यसले नेपाल मण्डल माथि आफ्नो सांस्कृतिक प्रभाव देखाउन तर्फ लाग्दछ । सुर्खेतमा स्थापित महायान विहार पहिलो पल्ट खस साम्राज्यमा देखा परेको थियो । त्यसको गतिविधिका सम्बन्धमा खास अध्ययन हुन बाँकी नै छ ।

यसर्थ नामकै पछि लागेर प्रस्तुत अध्ययनको पहिलो

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पाटो जोडिन्छ । सुर्खेतमा रहेको भग्नावशेषलाई नजाने कहिले देखि खसानी जन जिभ्रोमा काँक्रे विहार भनिएको छ । तर यसको सम्बन्ध तिब्बत अझ पश्चिम तिब्बतको कैलाश–मानसरोवर यात्राका सिलसिलामा नेपाल भूमिमा पहिलो मुकाम भएर रहेको छ ।

शायद स्कन्द पुराणको मानस खण्ड तयार भएपछि नै यस यात्राले गति लिएको मान्न सकिन्छ । अब यो मानस खण्ड पुराण कहिले बन्यो त्यसको अनुशीलन गर्नु अनिवार्य भएको छ । शुरुमा बौद्ध धर्म अन्तर्गत रहेको कैलाश–मानसरोवर तीर्थयात्रा पछिबाट क्रमशः शैवधर्म अन्तर्गत परिचित हुन थालेपछि त्यसमा नौलो आयाम थपिएको मान्न सकिन्छ ।

तैपनि तिब्बती बौद्धधर्मको एक शाखा भएर कैलास–मानसरोवरको यात्रा तय गर्ने पाटो पनि यहाँनिर बिर्सन सकिँदैन । तिब्बती बौद्ध सम्प्रदाय अन्तर्गत कैलास–मानसरोवरको व्याख्या हाम्रा निम्ति अनिवार्य नै छ । त्यसलाई काङ रिम्पोछे अथवा संक्षेपमा काङरि भनेर पनि तिब्बती जनजिभ्रोमा पाईन्छ । तसर्थ, काङरि गोम्पा (गुम्वा) रहन गएको तिब्बती ब्याख्या पाईन्छ । त्यसको छुट्टै अध्ययन तिब्बती भाषामै गर्नुपर्ने हुन्छ । यिनै तिब्बती संस्करणमा काङरि (हिम शिखर) खसानी जिभ्रोमा कांक्रे–विहार भएर चलन चल्तीमा रहन गयो । तैपनि यसले विहारको संज्ञा भने लोप हुन दिएको छैन । यही गनिमत ।

यसरी तिब्बती बौद्ध धर्मको आस्थामा शैव सम्प्रदायको प्रभाव मिसिएर कैलास–मानसरोवरको यात्रामा पछिल्लो आयाम विस्तार हुँदै गएको पाइन्छ ।यसैलाई पछ्याएर सुर्खेतमा रहेको यस मुकामलाई काङरि विहारको संज्ञाले सार्थकता दिन सक्नेछ ।

अब अर्को आयाम, यो विहार कहिले कसरी भग्नावशेषमा परिणत भयो यसको लागि पनि नेपालमा भूकम्पकै इतिहास खोतल्नुपर्ने हुन्छ । बेलायतमा नेपालको पश्चिमी भेकमा विगतमा गएका भूकम्पहरूको अनुशीलन गर्ने वैज्ञानिक अध्ययन पनि भएको पाइन्छ । यसमा ई.१५०५ मा नेपालको पश्चिमोत्तर भेक शे–फोक्सुण्डो राष्ट्रिय निकुञ्ज (वर्तमान) लाई केन्द्रविन्दु पारेर करीब ८.२ देखि ८.८ रेक्टर स्केलको महा भूकम्प गएको ऐतिहासिक तथ्य Current Science को ई.२००५ मे अंकमा प्रकाशित रहेछ । यसको भूचालिक पुरा अध्ययन (Siesmic History) प्रा. रोजर विलियम तथा प्रा. निकोलस एमनसेमसले (Imprecial College) लण्डनमा गरेका रहेछन् । तर, यसलाई उनीहरूले नेपालको भूकम्पीय इतिहास सित जोडेर देखाउन भने सकेनन् ।

अब सन् सोह्रौं शताब्दीको प्रारम्भ ताका, नेपालमा गएको यो भूकम्प शे–फोक्सुण्डो ताल (नेपालको डोल्पा र मुगु जिल्लामा विस्तार) केन्द्र विन्दु पारी ई.१५०५ मा यो भूकम्प गएको कुरामा नेपालकै इतिहासद्वारा पनि प्रमाणित गर्न सकिने देखिएको छ । उपर्युक्त ई.१५०५ भन्नालै तदनुसार ने.सं. ६२५ मा नेपालमा गएको भूकम्प मापन हुन्छ । त्यतिखेर, नेपालको राजधानी कान्तिपुरमा अधिराज रत्न मल्लको शासन रहेको थियो भने पुरानो राजधानी भक्तपुरमा राय मल्लको सीमित सामन्त प्रशासन थियो । तर, त्यति खेरको स्थानीय राजनीतिमा राय मल्लले नै राजाको रुपमा मान्यता पाइराखेका थिए ।

यहाँनेर, भक्तपुरको सन्दर्भ दिएर उपर्युक्त शे–फोक्सुण्डो केन्द्रबिन्दु रहेको ई.१५०५ (ने.सं.६२५) को भूकम्पबारे ऐतिहासिक चर्चा गर्न खोजिएको छ । त्यतिखेर चाँगुनारायणको मन्दिर भूकम्पले ध्वस्त भयो । त्यसको २ वर्ष पछि मन्दिरको पुननिर्माण भयो । यसमा मुख्य भूमिका निर्वाह गर्ने राय मल्लकी नातिनी देवकी मल्ल भइन् । राय मल्लको छोरा भुवन मल्लकी छोरी हुनुपर्छ देवकी मल्ल ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यो सम्भावित अनुमान हो । अन्य प्रमाणद्वारा यसको पुष्टि गर्नु पर्नेछ ।

यसरी ने. सं. ६२७ मा चाँगुनारायण मन्दिरको पुनरुद्धार गरिएको अभिलेख त्यही भण्डारमा रहेको छ । यसबाट नेपालमा ने. सं. ६२५ तदनुसार ई. सं. १५०५ मा नेपाल मण्डलमा भूकम्प गएको तथ्य प्रमाणित गर्ने हुँदा अभिलेखको पूर्णपाठ परिशिष्ट खण्डमा प्रकाशित गरिएको छ ।

ई. १५०५, ने.सं. ६२५ मा नेपालमा गएको भूकम्पको केन्द्र शे–फोक्सुण्डो तालदेखि सुर्खेत उपत्यका निक्कै नजिक रहेकाले त्यसको असरले सुर्खेत स्थित काङरि विहार ध्वस्त भएको यथार्थ उजागर हुन्छ । अरु त्यतिखेर सुर्खेतमा भू–वनोटको प्राकृतिक इतिहासतर्फ केलाउँदा पनि यो विहार एउटा निकै फराकिलो तालको किनारमा अवस्थित रहेको यथार्थ पनि उजागर गर्न सकिन्छ । शायद, भूकम्पले उतिखेर तालको अस्तित्व समेत प्रभावित हुँदा काङरि विहारका ढुंगे संरचनाहरू छरपस्ट भएर ध्वंशावशेषमा परिणत भयो ।

भक्तपुर राम मल्ल

ने.सं.६२७

चाँगुनारायणको भण्डारमा रहेको एउटा स्वर्णपत्र

ॐ नमो भगवते वासुदेवाय ।।

यो लीलया विश्व मिदं, सृजत्यवति हन्ति च ।

तस्मै नमोऽस्तु देवाय दोलाशिखर वासिने ।।

आसीचछी जय राय मल्ल नृपति : सूर्यान्वये धर्मधीर्स्तत्पौत्री कमलोपमा गुणमती श्रीदेवकी विश्रुतां ।

भूकंपेन विदारितं हरिगृहाद्वारं प्रचक्रे तया

अव्देऽद्रौ युगले रसे सित शुचौमासेम्विकायास्तिथौ ।।

श्रीश्रीश्री गरुड नारायणस देवल, भूमि कंपन स्यङाव, श्री श्री देवकी देवी ठकुरिणीस्यं ल्हंङा जुरो ।। सम्वत् ६२७ आषाढ शुक्ल

तृतीयायां तिथौ, पुष्य नक्षत्रे आदित्यवासरेथ्व कोन्हु देवल सिघ्र जुरों शुभ ।।

– मोहन प्र. खनाल

चाँगुनारायणको ऐतिहासिक सामग्री

CNA S त्रि.वि.(२०४०) संख्या–५२

❑❑

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

चर्खा प्रचारक संस्था र तुलसीमेहेर श्रेष्ठ

– रमेशजङ्ग सिजापति*

नेपालको इतिहासमै कडा भन्दा कडा मानिएका राणाशासक श्री ३ चन्द्रशम्शेर जङ्ग बहादुर राणाको शासनकालको अन्त्यतिर नेपालमा चर्खाप्रचारक संस्था खुलेको थियो । सो कुरा राष्ट्रिय अभिलेखालयमा रहेको नं. ६०७ निजामती किताब वि.सं. १९८७ को १३८ पेजबाट पुष्टि हुन्छ । राष्ट्रिय अभिलेखालयमा संरक्षित राणाकालीन कुमारीचोकका अभिलेख, निजामती ढड्डा अध्ययन अनुसन्धान गर्ने क्रममा प्राप्त भएका राणाकालीन अभिलेख मध्ये केही अभिलेख चर्खाप्रचारक संस्था र तुलसी मेहेर श्रेष्ठसँग सम्बन्धित थिए । जसमध्ये चर्खाप्रचारकको कामकाजको लागि म्यादी दरबन्दी र तलब खानेको दरबन्दी तोकिएको छ । सो रकम कौसी तोसा खानाबाट खाने गरिएको थियो । त्यस संस्थामा जम्मा सात जना कर्मचारी तोकिएको देखिन्छ । चर्खा प्रचारक तुलसी मेहेरले देसी (छिमेकी राष्ट्र भारतका)नागरिक कामदारबाट शंखमुलमा बसी बुनेका कपडा ३१६।७६ पैसामा सरकारले खरीद गरेको देखिन्छ । निज सात जना कामदारको एक वर्षको म्याद सकिएको हुँदा थप गरिएको थियो ।

पटकपटक म्याद थपगरी वि.सं. १९९० सालमा पुन म्याद थप गरी तलब बढाएको देखिन्छ । यहाँ चर्खा प्रचारक संस्थाबाट उत्पादन गरिएका कपडा बजारमा बिक्री हुन नसकेको व्यहोराको अभिलेख पनि छ । सो संस्थामा कार्यरत कर्मचारीहरू कृष्णबहादुर श्रेष्ठको वार्षिक मोरु.३६० मा रु.४०। थपी ४००।- प्रेमनारायण श्रेष्ठको मोरु . ३०० मा रु.१०० /- थपी ४००/- मोतीसुन्दर श्रेष्ठको १८० मा रु. १२०/- थपी ३०० गरिएको थियो । सो व्यहोरा वि.सं.१९९७ सालको उद्योग परिषदबाट खड्ग निसाना सदर गराएकोबाट पुष्टि हुन्छ। नेपाली उत्पादित कपडाको प्रचार प्रसार गरे बापत तुलसी मेहेरलाई श्री ३ बाट देसी नोट रु. २५० /- दुई सय पचास नगद बकस दिएको देखिन्छ। त्यसैगरी तेजारथ अड्डाबाट नेपाली कपडाको उत्पादन र प्रचार गर्नको लागि तुलसीमेहेर श्रेष्ठले सरकारसंग देसी नोट रु.१५००० पन्ध्र हजार, सय कडा दुईका दरले व्याज दिनेगरि दुई वर्ष भाकामा वि.सं.२००३ माघ १५ गते रोज ३ मा सापटी लिएको देखिन्छ । वि.सं.२००४ सालमा चर्खा प्रचारको काम राम्रोसंग चलाउन देसी नोट रु. ५५००० पचपन्न सय सरकारले दिएको देखिन्छ । त्यसैगरी सरकारले वि.सं.२००४ सालमै हिन्दुस्थान भारत जानको लागि खर्च बापत बकस देसी नोट रु. ३०० तीनसय तुलसीमेहेरलाई कम्याण्डर ईन्चिफका तहवीलबाट दिएको देखिन्छ । सो चर्खा प्रचारक संस्था हाल गान्धीस्मारक तुलसीमेहेर गुठीको रुपमा काठमाडौंको पुरानो सिनामंगल काँडाघारीमा अवस्थित छ ।

*स्वतन्त्र अनुसन्धाता

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्यस सम्बन्धी अभिलेखबाट तत्कालीन राणाशासनकालीन नेपालको इतिहास, विकास, उद्योग र समाजसेवा स्वरोजगारको लागि सिपमूलक तालिमबारेमा अध्ययन अनुसन्धान गर्ने विद्यार्थी, विद्वान विदुषीको लागि महत्त्वपूर्ण सन्दर्भसामग्री हुने देखिन्छ । त्यसैले यो सानो अनुसन्धान परक लेखको उद्देश्य त्यस बखतको सत्यतथ्य सामग्रीलाई प्रकाशनमा ल्याउनुको साथै अभिलेख सुरक्षित रहोस् भन्ने नै हो ।

यहाँ चर्खाप्रचारक संस्था र तुलसीमेहेर श्रेष्ठसँग सम्बन्धित अभिलेख सामग्रीलाई मात्र समावेश गरिएको छ । यो संस्था कसरी कुन साधनस्रोतबाट स्थापना र चलेको थियो भनेर राम्ररी जानकारी मिल्छ । तत्कालीन नेपालमा घरेलु कपडाको उत्पादन र प्रयोगको लागि राज्यव्यवस्थाले देखाएको रुचि के कस्तो रहेछ भन्ने बुझिन्छ । सो संस्था गान्धीवादी समाजसेवी श्री तुलसीमेहेर श्रेष्ठको नेतृत्वमा खुलेको र निरन्तरता दिनको लागि गरिएको के कति योगदान बुझन् सकिन्छ । चर्खाप्रचारक संस्था नेपालकै एक ऐतिहासिक र पहिलो नेपाली घरेलु कपडा उत्पादनमा आधारित र सिपमुलक संस्था हो। सो संस्था हाल गान्धीस्मारक तुलसीमेहेर चर्खाप्रचारक संस्थाको रुपमा रहेको छ ।

सो चर्खाप्रचारक संस्था संचालन गर्न एक वर्षको म्याद राखेर श्री तुलसीमेहेर श्रेष्ठ मार्फत् कौसीतोसा खानाबाट तलब खानेगरी स्थापना गरिएको थियो

तुलसीमेहेर श्रेष्ठ,पाटन शंखमुलघाट	२४०×२०-२०-२०	
ज्ञानमणि चित्रकारी, केलटोल	१७७।६०	१४।८०
कृष्णबहादुर श्रेष्ठ, पुलचोक	१७७।६०	१४।८०
प्रेमनारायण श्रेष्ठ, थथुटोल	१३२ ।	११/
लोकनाथ पाध्या, भमरकोट	१३२ ।	१०।९०
गणेशलाल श्रेष्ठ	१३०।	१०।९०
मोतीसुन्दर श्रेष्ठ, लुंभु	१३०।	१०।८५

आवश्यक कर्मचारी खटाइ महिनावारि तलब खानपाउने दरवन्दी पनि तोकिएको देखिन्छ । यस विषय सम्बन्धी अध्ययन अनुसन्धान गर्ने विद्यार्थी, विद्वान्, विदुषीको लागि सजिलो होस् भनेर सन्दर्भ सामाग्रीलाई अर्थात् प्राप्त अभिलेखको उतार गरेर परिशिष्टमा १-११ सम्म ११ वटा अभिलेख उतार गरी राखिएको छ ।

परिशिष्ट १ - ११ सम्म

१. चर्षा प्रचारको कां के वर्ष १ को म्यादी तुलसी मेहेर मार्फत कौसी षानाबाट तलब षाने

तुलसी मेहेर श्रेष्ठ पाटन शंखमुल घाट	२४०× २०-२०-२०/-	
ज्ञानमणि चित्रकारी केल टोल	१७७।६०	१४।८०
कृष्ण बहादुर श्रेष्ठ पुलचोक	१७७।६०	१४।८०
प्रेम नारायण श्रेष्ठ, थथु टोल	१३२।	११।
लोक नाथ पाध्या, भमर कोट	१३२।	१०।९०
गणेश लाल श्रेष्ठ	१३०।	१०।९०
मोती सुन्दर श्रेष्ठ लुंभु	१३०।	१०।८५

नं.६०७ निजामती १९८७/पेज १३८

२. कौसी तोसा षानाका हाकीम कारीन्दाले पुर्जी हेरी तपसील बमोजिमको का मीती थान षरिद भै आई हाम्रा हर्जुमा दाषील भयाको हुनाले तेसको मोल षर्च मोहरू ३१६।७६ तीनसय सोह्र रुपैया छयाहत्तर पैसा बाट पुलचोक बस्ने कृष्णबहादुर हस्ते षर्च लेषी दिने काम गर

तपसील

चर्खा प्रचारक तुलसी मेहेर देसबाट षरिद गरि पठायाको थान ३ सर्कार तर्फबाट तलब खाने देसी मानिस ले नेपाल सषमोल नीज तुलसी मेहेरको कार्षानामा बसी बुनेको थान ३/६

ईति सम्वत १९८७ साल भाद्र गते १६ रोज २ शुभम्

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सम्वत १९८७ साल वैशाख - आश्वीन १४ (क)
२१९ षडग नीसाना/मु.नं.७०६

३. कौसि तोसा षानाका हाकिं कारिन्दाले पुर्जि हेरी चर्खा प्रचारक को कां लाई तपसिल बमोजिका जवां ७ के ८७ साल वैशाष १ गते देषी चैत्र मसान्त तक वर्ष १ लाई नीकासा बक्सेकोमा सो म्याद भुक्तान भै सकेको हुनाले सो काम सिकन आउने विद्यार्थीहरूलाई .....

ईति सम्वत १९८८ साल मार्ग १ गते रोज २

सम्वत १९८९ साल कार्तीक - चैत्र /षडग नीसाना /मु.नं. ८६७

४. ८९ साल पौष २३ गते ६ का सनद बमोजिम चर्षा प्रचार कं को कां के ८९ साल भाद्र १८ गते देषी चैत्र मसान्त तक सावीक बमोजीम तुलसी मेहेर मार्फत कौसी तोसा षानाबाट तलब षाने ९० साल जेष्ठ २ गते ३ का सनद बमोजिम ९० साल वैशाष १ गते देषी चैत्र मसान्त तक वर्ष १ म्याद थप भयो

तुलसी मेहेर श्रेष्ठ पाटं सषमुल घाट	२४०	२०
ग्यानमनी चीत्रकारी केल टोल	१८०	१५
कृष्ण बहादुर श्रेष्ठ पाटं पुलचोक	१८०	१५
पूर्ण लाल श्रेष्ठ पाटं	१३२	११
प्रेम नारा श्रेष्ठ पाटं	१३२	११
रत्न लाल श्रेष्ठ भादगाउँ	१३२	११

नं.६३० निजामति १९८९ /पेज २०९

५. ८९ साल पौष २३ गते ६ का सनद बमोजिम चर्षा प्रचार क से कां के ८९ साल भाद्र १८ गते देषी चैत मसान्त तक

सावीक बमोजीम तुलसी मेहेर मार्फत कौसी तोसा षानाबाट तलब षाने

तुलसी मेहेर श्रेष्ठ पाटं सषमुल घाट २४० २४० २०

नं. ६३० निजामती किताब १९८९ सालको / पेज २०९

६. छोरा नानी, उप्रान्त तावेदारले तयार गरेको कपडाहरू बजार विक्री हुन नसकेको हुनाले सर्कारी कांकांमा चाहीने षर्चलाई षरीद गरि ली दीनुस भन्ने गरि पाउ भनी तुलसी मेहेरले विती चढायाको बेहोरा जाहेर भयो कौसी तोसा षाना श्री ५/३ सर्कार गुठी खर्च तीं धारा पाकसाला समेत अडा अडाबाट षर्च गर्नालाई चाहीने मोटा वानाको कपडाहरू नीज तुलसी मेहेरले तयार गरेको बाट नीज संग लीन हुने जति षरीद गरि लीने गर्ना लाई जो चाहीने वदोवस्त मीलाई अडा अडालाई सनद र नीज तुलसी मेहेरलाई षवर पनि दीनु - तिम्रो माया गर्ने श्री कम्याडर ईनचीफ

ईति सम्वत १९९५ साल मार्ग १० गते रोज ६ शुभम भूपध्वजको छाप छ

पोका नं.१४४ (क) सि.नं.४०७ /नं.२२१

७. संखमुल चर्खा प्रचारकको कांमा दरीयेका कृष्ण बहादुर श्रेष्ठको वार्षिक षांगी मोरु ३६० मा रु ४०। थपी ४०० र प्रेम नारां श्रेष्ठ के ३०० मा रु. १०० थपी ४०० मोती सुन्दर श्रेष्ठ के १८०। मा रु. १२०। थपी ३०० पुर्याई रोपोट सदर भएका मिति देषी तलब खान पाउने गरी दिनु भन्ये खड्ग नीसाना सदर बमोजि ९७ साल कार्तिक २९ गते रोज ५ देखि किताब खाना छाप लागेका रीपोट बमोजिम तलव खुवाउनु भन्ने कौसिका नाउँको सनद उद्योग परिषदबाट खड्ग नीसाना सदर गराउदा खड्ग नीसाना अडा चला भएको सनदको पन्जीका सदर ९७ साल पौष २ गते २ मा

पोका नं.२१०/२१

८. नेपाली कपडाको प्रचार गरेमा संखमोल बस्ने

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तुलसी मेहेरलाई हामीबाट बकस बक्सेको देसी नोट रु २५०। दुई सय पचास नीजलाई दिना के सर्दार गुन्ज मान हस्ते अैन सवालको रित पुर्याई बकस षर्च लेखी दिनु बकस दस्तुर लीनु पर्दैन

ईति सम्वत २००३ माघ १६ गते रोज ४ शुभम सदर २००३ माघ १५ गते ३ मा

सम्वत २००३ कार्तिक - चैत पोका १७ मु.नं.९२ ९ , पेज २१९

९. तेजारथ अडाका हाकीं कारींदाले पुर्जी हेरी नेपाली कपडाको प्रचार गरि राम्रो चलाउनमा के नीमीत संख मोल बस्ने तुलसी मेहेरले सापटी मागेको देसी नोट रु १५००० उदयोग परिषदका सरदार गुंजमान मारफत गै सकेको हुनाले देसी नोट रु १५००० पवलीक वर्क दकंबाट मुल्की खानाबाट जीमावारीलाई सो नोटको सैकडा दुई २ दरले ब्याज वर्ष १ भरमा सावा २ वर्ष भित्र असुल गर्ने गरि चाहीने वेहिराको तमसुक गराई तमसुक बमोजिमको नोट तुलसी मेहेर हस्ते स्रेस्तामा खर्च लेखी सरदार गुंजमानलाई सोध भर्ना दिने तमसुक लगतमा लेखीया बमोजीम सावा व्याज असुल गर्ने काम गर.

ईति सम्वत २००३ साल माघ सदर २००३ माघ १५ गते ३

सम्वत २००३ सालको फुटकर खड्ग निसाना कार्तिक - चैत २६ (ख)२८२ मु.नं.९३२ /पेज२१५

१०. तेजारथ अडाका हाकी कारीन्दाले पुर्जी हेरी चर्षा प्रचारको काम राम्रो सुवीस्तासँग चलोस भनी देसी नोट रु. ५५००० सापटी बक्सेकोमा पैलो तमसुक को नोट रु १५००० को २ वर्ष र पछिल्लो तमसुकको नोट रु ४०००० को ५ वर्ष भाषा भएकोसो टायेममा नोटको भाउ घटबढ हुने भएको धनमाल जाच गरि बक्सदा पनी आफनु देसको चलन चल्तीको अनुसार खरीद वीक्रीको हिसाब

ईति सम्वत सदर २००४ भाद्र २५।४ मा

सम्वत २००४ साल मुल्की अडा पुर्जीबाट वैशाष - आश्वी फुटकर षडग नीसाना २६/ २८१/ पु.नं. ४५१/पेज

११. हिन्दु स्थान जानलाई तुलसी मेहेरलाई बाटो षर्च बापत बकस बक्सेको देसी नोट रु.३०० तीन सये श्री भाइ कम्याण्डर ईन्चीफका तहवीलबाट गरेको देसी नोटहरू ३०० तीन सये नासु फत्ते ध्वज जोसी हस्ते अैन सवालको रीत पुर्याई स्रेस्तामा षर्च लेषी दीनु बकस दस्तुर लीनु पर्दैन

ईति सम्वत २००४ ,१७ (ख) /२३६ / मु.नं.१२ ९६/ पेज २१९

स्रोत -राष्ट्रिय अभिलेखालय, रामशाहपथ काठमाडौं ।

❑❑

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कनकासुन्दरी मन्दिर परिसरमा रहेका शिलालेखहरू

– अमृता महर्जन*

पृष्ठभूमी

नेपालका विश्व सम्पदा संभावित सूचीमा सूचिकृत पन्ध्रवटा सम्पदाका सूचीमध्ये एक सिंजा उपत्यका हो। कर्णाली प्रदेशका दैलेख, भूर्तिस्थित बाइस देवल र सिंजा उपत्यका गरी दुई सम्पदाहरू सांस्कृतिक विधामा चयन भएको छ। सिंजा उपत्यका हिमा, सिंजा र कनकासुन्दरी गरी तीन गाउँपालिकाहरू पर्दछन्। कनकासुन्दरी गाउँपालिकाको नाम कनकासुन्दरी देवी र मन्दिरको नाममा राखिएको छ।

मध्यकालीन खस साम्राज्य सिंजाको राजधानीको रुपमा रहेको थियो। सिंजा उपत्यकामा लामाथाडाको दरवार क्षेत्रमा कनकासुन्दरीको मन्दिर अवस्थित छ। जुम्ला जिल्लामा भएका शक्तिपीठहरू मध्ये कनकासुन्दरी मन्दिरलाई महत्वपूर्ण रुपमा लिइन्छ। यस मन्दिरको प्राचीनताबारे प्रमाणित तथ्यको अभाव रहेको छ।

प्रचलित किंवदन्ती :

कनकासुन्दरी देवीको उत्पत्ति र मन्दिर निर्माण सम्बन्धमा किंवदन्ती प्रचलनमा रहेको छ। जनमानसमा प्रचलित किंवदन्तीहरू यस प्रकार रहेका छन्।

यस कनकासुन्दरी देवीको बारेमा यिनी देवी सिंजापती राजाको भान्छाघरमा खाना खान आउने गर्थिन्। राजाले सो कुरा थाहा पाई दरवार (प्राचीन दरवार मानिने स्थान) नजिकै देवीलाई मन्दिर स्थापना गरी दिएको भन्ने किंवदन्ती प्रचलनमा रहेको छ।

पुतली स्वरुप उडेका देवीहरूमध्ये मानिसले छोएसम्मका देवीहरू शिला भएर पत्थरिइका छन् भने मानिसले छुन र समात्न नपाएका देवीहरू मूर्तिको रुपमा रहेका छन्। त्यसबेला उक्त खाडलबाट उत्पन्न भएका देवीहरूमा १. त्रिपुरा २. बाला ३. सुन्दरी र ४. मालिका (डोल्पा जिल्लामा), ५. काली खैराबाङ्ग (सल्यान जिल्लामा) ६. बागीश्वरी (नेपालगंज, बाँके जिल्लामा) ७. कनकसुन्दरी (जुम्ला- लामाथाडामा) ८. त्रिपुरेश्वरी (बैतडी जिल्लाको पाटनमा) ९. बडीमालिका (बाजुरामा) नौ बहिनीका रुपमा देखापरेका हुन् (देवकोटा, २०५१:६४)।

ऐतिहासिकता

खस राजाहरूकी इष्टदेवीका रुपमा भगवती कनकासुन्दरीको पूजा-आराधना त्यसै बखतदेखि हुने गरेको हुन सक्छ। खश साम्राज्यको विघटनपछिका जुम्ली राजाहरूले पनि कनकासुन्दरीको मर्यादालाई कायमै राखेको बुझिन्छ। जुम्ला नेपालमा गाभिएपछि नेपाल सर्कारबाट पनि कनकासुन्दरीको पूजापाठमा

*पथप्रदर्शक, प्रदेश संग्रहालय तथा अभिलेखालय सुर्खेत, विरेन्द्रनगर, कर्णाली प्रदेश।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विशेष महत्व दिएको पाइन्छ । वि.सं. १८५९ को एक पत्रमा जुम्लाका राजा सुरथ शाह (सुर्ति साही)ले कनकासुन्दरीलाई चढाएको गुठी नेपाल सर्कारबाट थामिएको उल्लेख छ । सिम्पाटी गाउँका बीस घर ब्राह्मणले मन्दिरमा पहिलेदेखि नित्य दैनिक पाठपूजा गर्दै आएको उल्लेख वि.सं. १८८३ को एक पत्रमा गरिएको छ । त्यस्तै देवारगाउँका तीन घर घर्तीहरूले मन्दिरमा रुजु रही टहलुवाको काम गर्ने गर्थे । चातुर्मासभर दैनिक चण्डी पाठ गर्ने ब्राह्मणको दक्षिणा दक्षिणा रु. ४१ तोकिएको कुरा वि.सं. १८९० को एक पत्रबाट ज्ञात भएको छ । सिंजा दराका सात घर दमाईंले मन्दिरमा रुजू रहै साँझ विहान नगरा बजाउने गरेको पाइएको छ (अधिकारी, २०७२:३०१)।

खश राज्यको पतन पछि बाइसे राज्यहरूमध्ये जुम्ला राज्य शक्तिशाली रुपमा रहेको थियो । जुम्लाका राजाहरूको राजकीय वा इष्टदेवीको रुपमा कनकासुन्दरी देवी रहेको थाहा हुन्छ । पन्ध्रौं/सोह्रौं शताव्दीमा यो मन्दिरको अस्तित्व रहेको भएपनि प्राचीन स्वरुपबारे थाहा पाउँदैनौं ।

मन्दिरको वास्तुकला

हालको मन्दिरको स्वरुप सत्रौं/अठारौं शताब्दीतिर बनेको वास्तु संरचना हो । यस मन्दिरको वास्तुशैली चन्दननाथ, भैरवनाथ मन्दिरसँग मिल्दो जुल्दो छ (पुरातत्व विभाग, २०६९:६७)। आ.व. २०७८/७९ मा यस मन्दिरको पुनःनिर्माण पुरातत्व विभागबाट गरिएको हो ।

